GIRLS NOT BRIDES | The Global Partnership to End Child Marriage

# बाल विवाह अन्त्यका लागि संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी संयन्त्रहरूको प्रयोग

## नागरिक समाजका संघसंस्थाहरुका लागि चरणबद्ध टुलकिट

## आभार

यो टुलकिट *गर्ल्स नट ब्राइड्स: बाल विवाहका अन्त्यका लागि विश्वव्यापी साझेदारी* (*Girls not Brides: The Global Partnership To End Child Marriage*) को अनुरोधमा तयार पारिएको हो । यसलाई पाउला ट्राजिलो गोन्जालेज (प्रमुख नेतृत्व) र मार्था क्यास्ट्रो (अनुसन्धान प्रमुख) द्वारा *गर्ल्स नट ब्राइड्स*को सचिवालयका सदस्यहरु जर्जिना इपुरे (पैरवी तथा अभियान अन्तरिम प्रबन्धक) र सोफिया लेन (पैरवी तथा अभियान अधिकृत) संगको निकट सहकार्यमा लेखिएको हो । यसका साथै *गर्ल्स नट ब्राइड्स*का विभिन्न सदस्य संस्थाहरुको पनि यसमा देन रहेको छ । भाषा सम्पादन एम्मा सदद्धारा गरिएको छ ।

# विषयसुची


## छोटकरी रुप

शब्दावली

१. भूमिका

२. परिचय

३. बाल विवाहको सम्बोधन गर्ने कार्यमा राज्यको जवाफदेहिताका लागी मानवअधिकार अनुगमन संयन्त्रहरुको प्रयोग

### ३.१ बाल अधिकार महासन्धी समिती सिआरसि (CRC) संग संलग्नता-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

• बाल विवाह र बाल अधिकार सम्बन्धी महासन्धि बीचको सम्बन्धको बुझाइ : सान्दर्भिक धाराहरु, आधारभूत टिप्पणीहरु (General Comments) र ऐच्छिक आलेखहरु, मार्गनिर्देशक उदाहरणहरु

सिआरसि (CRC) प्रतिवेदन प्रक्रियागत चक्रसंग संलग्नता-कार्य बढाउन तल उल्लिखित समय सम्बन्धित चरणबद्द निर्देशिका र साधन
क. समिक्षा अगाडि
ख. समिक्षाको दौरान
ग. समिक्षा पछि

### ३.२ महिला विरूद्द हुने सबै भेदभावको उन्मुलन समिति सिड (CEDAW Committee) संग संलग्नता-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

• बाल विवाह र महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मुलन सम्बन्धि महासन्धि (सिड/CEDAW) बीचको सम्बन्धको बुझाइ : सान्दर्भिक धाराहरु, ऐच्छिक आलेखहरु, आधारभूत सुझावहरु (General recommendations) र मार्गनिर्देशक उदाहरणहरु

सिड (CEDAW) प्रतिवेदन चक्रसंगको संलग्नता-कार्य सम्बन्ध-सम्पर्क बढाउन तल उल्लिखित समय सम्बन्धित चरणबद्द निर्देशिका र साधनः
क. समिक्षा अगाडि
ख. समिक्षाको दौरान
ग. समिक्षा पछि

### ३.३ संयुक्त राष्ट्र संघिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी समितिसंग संलग्न-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

• आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र बाल विवाह विचको सम्बन्धको बुझाइ : सान्दर्भिक धाराहरु र आधारभूत टिप्पणीहरु (General Comments)

सिइएससिआर (CESCR) प्रतिवेदन चक्रसंगको संलग्नता-कार्य सम्बन्ध-सम्पर्क बढाउन तल उल्लिखित समय सम्बन्धित चरणबद्द निर्देशिका र साधन
क. समिक्षा अगाडि
ख. समिक्षाको दौरान
ग. समिक्षा पछि

### ३.४ विश्व आवधिक समिक्षा (युपिआर/UPR) संग संलग्न-कार्य सम्बन्ध-सर्म्पक बढाउने

• युपिआर (UPR) र बाल विवाह विचको सम्बन्धको बुझाइ

युपिआर (UPR) संयन्त्रसंगको संलग्नता-कार्य सम्बन्ध-सम्पर्क बढाउने
क. समिक्षा अगाडि
ख. समिक्षाको दौरान
ग. समिक्षा पछि

## छोटकरी रुप

सिड (CEDAW) - महिला विरूद्द हुने सबै प्रकारका भेदभावको उन्मुलन सम्बन्धी महासन्धी

सिइएससिआर (CESCR) - संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी समिति

सिआरसि (CRC) - संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी समिति

इकोसक (ECOSOC) - संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद

एचआरसी (HRC) - संयुक्त राष्ट्र संघको मानवअधिकार परिषद

आइसिइएससिआर (ICESCR) - आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध

आइसिसिपिआर (ICCPR) - नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध

एलओआइपिआर (LOIPR) - प्रतिवेदन पठाउनु अघि गर्नुपर्ने विषय सुची

ओएचसिएचआर (OHCHR ) - संयुक्त राष्ट्र संघिय मानवअधिकारको उच्चायुक्तको कार्यालय

यूएन (UN) - संयुक्त राष्ट्र संघ

# शब्दावली

## बाल विवाहसंग सम्बन्धित शब्दावलीहरु

- बाल विवाह : औपचारिक या अनौपचारिक रूपमा गरिएको कुनै विवाह वा सहवास (union) जसमा कम्तीमा एक जना पक्षधर १८ वर्ष कम उमेरका हुन्छन् ।
- बाल विवाहको प्रचलन : १८ वर्ष पुग्नु अगाडी विवाह गरेका वा सहवासमा (union) बस्न थालेका २०-२४ वर्ष उमेरका महिलाहरुको अनुपात
- विकसित हुँदै गरेका क्षमताहरू: कलिला युवा व्यक्तिहरुले आफ्नो निर्णय र कदमहरु सम्बन्धी जिम्मेवारी वहन गर्न सक्ने खुबी क्रमिक रुपमा विकास गर्ने तरिका

## यूएन (UN) संयुक्त राष्ट्र संघीय सन्धि निकाय सम्बन्धित शब्दहरु

• **वैकल्पिक, समानान्तार वा छायाँ प्रतिवेदन :** नागरिक समाज संघसंस्थाहरुले मानवअधिकार संयन्त्रहरुमा आफ्नो देशको मानव अधिकारको स्थिती बारे जानकारी दिने प्रतिवेदन पेश गर्दछन् । सिड (CEDAW) - महिला विरूद्द हुने सबै प्रकारका भेदभावको उन्मुलन सम्बन्धि महासन्धिका लागि सरकारले प्रतिवेदन तयारनपारे को वा प्रतिवेदन ढिलो बुझाएको अवस्थामा वैकल्पिक प्रतिवेदन बुझाइन्छ । राज्यले तयार गरेको प्रतिवेदनमा नागरिक समाजको पहुँच नहुँदाको अवस्थामा छायाँ प्रतिवेदन पेश गरिन्छ ।

• **निष्कर्ष सुझाव वा टिप्पणी :** पक्ष राष्ट्रको समिक्षा पश्चात, उक्त राज्यको लागि सम्बन्धित सन्धि निकायका समितिहरुद्धारा निष्कर्ष सुझाव वा “सिफारिसहरु” जारी गर्छन् । यस्ता सुझावहरू उपरोक्त सन्धिहरूलाई पक्ष राष्ट्रमा सुढृड रूपले परिपालन गराउने प्राथमिक उपलब्धीहरू हुन् । यि सुझावहरूलाई सार्वजनिक रुपमा अभिलेखन गरिएका हुन्छन् र तिनमा महासन्धि सम्बन्धी पक्ष राष्ट्रको कार्यान्वयनको अवस्था, महासन्धि समितिका प्रमुख सरोकारहरू र महासन्धिहरु र/वा तिनका वैकल्पिक प्रावधानहरुलाई लागु गर्न आवश्यक सुधारका सिफारिसहरुलाई प्रकाश पारिएको हुन्छ । सत्रका दौरान पक्ष राष्ट्रसंग नउठाइएका विषयहरुलाई निष्कर्ष सुझावमा राखिएको हुँदैन ।

• **समिति सदस्यहरु** : मानवअधिकारका क्षेत्रमा उनीहरुको दक्षताका आधारमा छानिएका स्वतन्त्र विज्ञहरु सन्धि निकायका सदस्यहरु हुन्छन् । उनीहरुलाई आ-आफ्नो देशले चुनेका भएतापनि उनीहरूले निष्पक्ष र वस्तुनिष्ठतालाई प्राथमिकता दिंदै स्वतन्त्र रूपमा काम गर्नेछन् भन्ने अपेक्षा राखिएको हुन्छ ।

• **साधारण टिप्पणी वा आधारभूत सुझावहरु :** आफूले सहमती जनाएका सन्धिहरुलाई कसरी बुझ्ने र लागु गर्ने भनेर मार्गनिर्देशन गर्नका लागि सन्धि निकायहरुले पक्ष राष्ट्रहरुका लागि साधारण टिप्पणी वा आधारभूत सुझावहरु पनि बनाउँदछन् ।

• **मानव अधिकार परिषद (HRC) :** यो विश्वव्यापी रुपमा मानवअधिकारको प्रवर्द्धन र सुरक्षालाई सबल बनाउनका लागि जिम्मेवार संयुक्त राष्ट्रसंघ मातहातको एक अन्तर - सरकारी निकाय हो । HRC ले मानवअधिकार उल्लघंनका घटनाहरुलाई सम्बोधन गर्ने र त्यस उपर सिफारिसहरु बनाउने गर्दछ । यसले मानवअधिकारका संकटहरुलाई सम्बोधन गर्दछ, विश्व आवधिक समिक्षा संयन्त्र (UPR) द्वारा आफ्ना सबै सदस्य राष्ट्रहरुका मानवअधिकारको स्थितीको मुल्याकंन गर्दछ, र मानवअधिकारको शिक्षा र चेतनाको प्रवर्द्धन गर्दछ । मानवअधिकारका प्रतिवेदन वा परामर्शका लागि जिम्मेवार स्वतन्त्र मानवअधिकार विज्ञ र निकायहरु सम्मिलित यूएन (UN) को विशेष कार्यविधिसंग पनि मानवअधिकार परिषदले निकट सहकार्य गर्दछ ।

• **विषयसुचीहरु :** मानवअधिकारका महासन्धीहरुलाई हेर्ने समितिहरुद्धारा प्रत्येक पक्ष राष्ट्रहरुलाई प्रश्नको सुची पठाइएको हुन्छ । यी प्रश्नहरुले, कानून तथा नीति, मानवअधिकार दस्तावेजहरूको अनुमोदन जस्ता विषयलाई समेटेको हुन्छ, र महासन्धिको कार्यान्वयनलाई स्पष्ट पार्ने निश्चित डाटा तथा तथ्यांकहरुलाई उपलब्ध गराउन पनि अनुरोध गर्दछ ।

• **प्रतिवेदन पठाउनु अघि गर्नुपर्ने विषय सुची :** यो, महासन्धीको कार्यान्वयन सम्बन्धी प्रतिवेदन बुझाउने राष्ट्रलाई उक्त विषयसँग सम्बन्धीत प्रश्न र चासोहरु समावेश गरिएको सुची हो । यसले पक्ष राष्ट्रहरुलाई सरल प्रतिवेदन कार्यविधिभित्र रहेर आफ्नो प्रतिवेदन तयार पार्नका लागि मार्गनिर्देश गर्दछ ।

• **ऐच्छिक आलेखहरु :** नयाँ प्रतिवद्धताहरु थप्न वा हालसम्म नछोइएका विषयहरु सम्बोधन गर्नका लागि मानवअधिकार सम्बन्धी सन्धिहरुका थप ऐच्छिक आलेखहरु तयार गरिन्छ । मुख्य सन्धिमा जस्तै, मुख्य सन्धिका पक्ष राष्ट्रहरुका लागि ऐच्छिक आलेखहरु पनि हस्ताक्षर, सम्मिलन वा अनुमोदनका लागि खुला हुन्छन् ।

• **पूर्व-सत्र :** पूर्व-सत्र स्विजरल्याण्डको जेनेभामा हुने एक हप्ता लामो बैठक हो र यसलाई यूएन (UN मानवअधिकार संयन्त्रका समितिहरुले समिति का सदस्य, नागरिक समाज र यूएन (UN का विभिन्न निकायका प्रतिनिधीहरुसंग नागरिक समाजका प्रतिवेदनहरुबारे छलफल गर्न र समिक्षा हुने सदस्य राष्ट्रका औपचारिक सरकारी प्रतिनिधीहरुसंग उक्त देशको समिक्षा सत्रको तयारी गर्नका लागि आयोजना गर्दछन् । सिइएससिआर (CESCR) (सार्वजनिक हुन्छ) बाहेकका अरु समितिका पूर्व-सत्रहरू प्राय: जसो गोप्य हुन्छ । यी बैठकहरुले किटान गरिएका निश्चित देशहरुमा निश्चित यूएन (UN मानवअधिकार महासन्धिहरुको अवस्थाबारे नागरिक समाजलाई महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धी आफ्नो सरोकारहरु समिति सदस्यहरु माझ राख्न दिंदै उक्त अवस्थाको सम्बोधन गर्दछ ।

• **पूर्व-सत्र सम्बन्धी कार्यगत समुह** : यस पाँच सदस्य समितिको समुहले पूर्व-सत्र र नागरिक समाजको प्रतिवेदनबाट आएका रायहरुलाई प्रयोग गर्दै पक्ष राष्ट्रहरूका लागि विषय र प्रश्नहरुको सुची तयार पार्दछ, र उक्त सुचीलाई उक्त राष्ट्रहरूको तोकिएको आगामी समिक्षा सत्रमा पुनरावलोकन गरिन्छ ।

• **असहमति राख्नु (रिजर्भेसन राख्नु) :** अन्तर्राष्ट्रिय सम्झौताहरुमा हस्ताक्षर गर्दा कहिलेकाँही राष्ट्रहरुले कुनै कुनै खण्डमा आफ्नो विमती वा फरक मत जाहेर गर्दछन् र ति खण्डबाट टाढिन्छन् । यसलाईअसहमति राख्नु (रिजर्भेसन राख्नु) भनिन्छ । तर यसको पनि नियम छः यस्ता अपवादहरुले सम्झौताकै मुल मर्म र उद्वेश्य विपरित भने जान सक्दैन ।

• **सरल प्रतिवेदन कार्यविधि :** केही यूएन (UN) सन्धि निकायहरुले प्रयोग गर्ने प्रतिवेदन कार्यविधिहरुले सदस्य राष्ट्रको प्रतिवेदन बुझाउने प्रक्रियालाई सरल बनाउँछ । यस्तो कार्यविधिमा, समितिले पक्ष राष्ट्रहरुलाई ठोस सुचनाहरु माग गर्दछ जसलाई "प्रतिवेदन पेश गर्नु अगाडी गर्नुपर्ने विषयसुची" भनेर भनिन्छ जसमा ३० वटासम्म प्रश्नहरु समावेश हुन्छन् । त्यस पश्चात, राष्ट्रहरुले दिने यि प्रश्नहरूको जवाफलाई नै उक्त राष्ट्रको आधिकारिक प्रतिवेदन मानिनेछ ।

• **विशेष समाधिक्षक (Special Rapporteur):** यि कुनै खास देश र विश्वभरीको महिला र बालबालिका विरुद्ध हुने हिंसा सहित मानवअधिकारको स्थितीको अनुगमन, परामर्श वा जानकारी दिनका लागि यूएन (UN) मानवअधिकार परिषदद्धारा नियुक्त गरिएका एक जना स्वतन्त्र विज्ञ हुन् । विशेष समाधिक्षकले व्यक्तिगत उजुरीहरुको सम्बोधन गर्ने, अध्ययन गर्ने, प्राविधिक सहयोग सम्बन्धी परामर्शको प्रस्ताव दिने, र मानवअधिकारको अवस्थाको मुल्यांकन गर्नको लागि देशहरूमा जाने गर्दछन् । । उनीहरुलाई यूएन (UN) ले व्यवस्थापकीय सहयोग गरेतापनि जिम्मेवारी वहनमा निष्पक्षता सुनिश्चित गर्नका लागि आर्थिक भरणपोषण भने गर्दैन ।

• **राष्ट्र समिक्षा सत्र :** यो सत्र ३ हफ्ता चल्ने बैठक हो जुन प्राय: जेनेभा, स्विजरल्याण्डमा हुने गर्दछ । उक्त राष्ट्रले आफ्ना मानवअधिकारका दायित्वहरु पुरा गरे-नगरे को विषयमा प्रत्येक महासन्धिसंग सम्बन्धित समितिहरु जम्मा भई छलफल गर्ने गर्दछन् । सार्वजनिक हुने यस्ता सत्रहरुमा, समितिले समिक्षामा परेका राष्ट्रका सरकारी प्रतिनिधीहरुसंग भेट गरी अन्तक्रियात्मक संवाद गर्छन् । यस्ता छलफलहरु विभिन्न दस्तावेज, जस्तै सरकारी प्रतिवेदन, समितिको विषयसुचीको उत्तर, नागरिक समाजका वैकल्पिक प्रतिवेदन, पुर्व-सत्रका जानकारी, र अन्य सान्दर्भिक अभिलेखहरुमा आधारित हुन्छन् । पर्यवेक्षकहरु - संचार माध्यम र मानवअधिकार रक्षकहरु सहित - यस्ता सत्रहरुमा सहभागी हुन सक्छन् तर राज्यका प्रतिनिधीहरु र समितिले मात्र यसमा बोल्नेछन् । यी सत्रहरु अनलाइनमा प्रत्यक्ष वा समापन भइसकेपछि हेर्न सकिन्छ ।

• **परम्परागत प्रतिवेदन कार्यविधि** : परम्परागत प्रतिवेदन कार्यविधिमा, पक्ष राष्ट्हरुले पक्ष राष्ट्रको प्रतिवेदन र विषयसुचीको लिखित जवाफहरु पेश गर्नु पर्दछ । तर हाल सरल प्रतिवेदन कार्यविधि अन्तर्गत भने सदस्य राष्ट्हरुले समितिमा एउटा मात्रै प्रतिवेदन पेश गर्नुपर्छ जसले प्रतिवेदन अघिका विषय सुचीको जवाफको रुपमा पनि काम गर्दछ ।

• **सन्धि प्रवेश :** जुनै पनि राष्ट्रले अन्य राष्ट्हरूले बहस-छलफलद्वारा स्विकार गरेको र हस्ताक्षर गरिसकेको सन्धीको पक्ष राष्ट्र बन्ने प्रस्ताव वा अवसरलाई स्विकार गर्ने कार्यलाई सन्धी प्रवेश गर्नु भनिन्छ। सन्धी प्रवेशको सन्धी अनुमोदन गरे सरह कानूनी प्रभावहरू हुन्छ, तर यसो हुनको लागि उक्त सन्धि लागु भइसकेको अवस्था हुनुपर्दछ ।

• **सन्धि वा महासन्धि :** सन्धि वा महासन्धि भनेको राष्ट्र-राष्ट्रहरु बिच अन्तर्राष्ट्रिय स्तरमा कानूनी रुपमा बाध्यकारी बनाउने सम्झौता हो जसमा ति राष्ट्रहरुले अन्तर्राष्ट्रिय कानून अन्तर्गतका आवश्यकताहरु पालना गर्ने प्रतिबद्धता गरेका हुन्छन् । कुनै पनि सन्धिलाई अनुमोदन गरे पश्चात राष्ट्रहरु यसका पक्ष राष्ट्र बन्दछन् जसले यसका नियमहरु लाई पालना गर्ने स्वीकृति र सम्झौताको सहमती हो । सन्धीलाई अनुमोदन गर्दा, राज्यले उक्त सन्धीका प्रावधानहरूमा बाँधिने स्वःस्विकृति दिएको हुन्छ, र तत्पश्चात आफूलाई अन्तर्राष्ट्रिय कानून अन्तर्गत सन्धीमा लिपिबद्द गरिएका कानून, नीति र अभ्यासहरूको दायित्व लिन्छ ।[1]

• **सन्धि अनुमोदन :** अनुमोदन भनेको कुनै सन्धि वा महासन्धिलाई औपचारिक स्विकारोक्ति दिने अन्तर्राष्ट्रिय कदम हो । अनुमोदन पश्चात कुनै पनि राष्ट्रले उक्त सन्धिको पालना गर्ने प्रतिबद्धता कानूनी रुपमा बाध्यकारी हुन्छ ।

• **सन्धि हस्ताक्षर :** सन्धिमा हस्ताक्षर गरेर एउटा राष्ट्रले यसलाई पालना गर्ने आफ्नो आशय जाहेर गर्दछ । तर आशयको जाहेरीले मात्र यसलाई बाध्यकारी बनाउँदैन - कानूनी रुपमा बाध्यकारी हुनका लागि सन्धीको अनुमोदन गर्नु आवश्यक हुन्छ ।

• **तिन-सदस्य समूह (troika):** विश्व आवधिक समिक्षामा प्रत्येक राष्ट्रको समिक्षालाई यूएन (UN) का ३ सदस्य राष्ट्रहरुले सहयोग गर्छन् जसलाई ट्रोइका भनिन्छ र प्रतिवेदकको रुपमा काम गर्छन् । ट्रोइकाको दुई मुख्य जिम्मेवारीहरु छन्: यूएन (UN) का सदस्य राष्ट्हरुबाट सबै प्रारम्भिक प्रश्नहरु संकलन गर्ने र त्यसलाई समिक्षा हुँदै गरेको राष्ट्र समक्ष पुर्‍याउने; र मानवअधिकार परिषदको सचिवालय र समिक्षा हुँदै गरेको राष्ट्रको सहयोगमा कार्यगत समुहको प्रतिवेदनको मस्यौदा बनाउन मद्धत गर्ने ।

• **संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद :** अन्तर्राष्ट्रिय आर्थिक तथा सामाजिक सहयोग र विकासको प्रवर्द्धन गर्ने जिम्मेवारी भएको यूएन (UN) को एक प्रमुख अंग हो । यसले विश्वव्यापी आर्थिक र सामाजिक चुनौतीहरु सम्बोधन गर्नका लागि सदस्य राष्ट्र र विशेषज्ञ निकायहरु बीच संवाद तथा समन्वयको सहजीकरण गर्दछ ।

• **विश्व आवधिक समिक्षा कार्यगत समुह :** मानवअधिकार

---

१.थप जानकारीको लागि, International Service for Human Rights को गाइड अन यूएन ट्रिटि बडिज Guide on UN treaty bodies हेर्नुहोला । OHCHR website मा महासन्धीहरूको अनुमोदनको स्थिति (ratification status) देश अनुसार वा महासन्धी अनुसार हेर्न सक्नुहुन्छ ।

परिषदमा समिक्षाहरु सञ्चालन गर्नका लागि जिम्मेवार हुन्छ । यस समुहमा विश्व आवधिक समिक्षामा भाग लिन इच्छुक यूएन (UN) का सदस्य राष्ट्रहरु र समिक्षा भइरहेको राष्ट्रका पदाधिकारीहरु सम्मिलित हुन्छन् ।

• **संयुक्त राष्ट्र संघिय सन्धि निकायहरु :** संयुक्त राष्ट्र संघिय सन्धि निकायहरु भनेको स्वतन्त्र विज्ञहरु (समिति सदस्यहरु) रहेको अन्तर्राष्ट्रिय समिति हो जसले पक्ष राष्ट्रहरुद्वारा प्रमुख मानवअधिकार सन्धिहरुको कार्यान्वयनको अनुगमन गर्दछ । प्रत्येक सन्धिका लागि एक सन्धि निकाय हुने गर्दछ जसले पक्ष राष्ट्रहरुले सन्धिको दायित्वहरु निर्वाह गरेको सुनिश्चित गर्नका लागि विविध कार्यहरु गर्दछ ।[२]सन्धि निकायहरुले राष्ट्रहरुद्वारा मानवअधिकार पालना गरे-नगरेको विषय उक्त देशको प्रतिवेदन (राष्ट्रिय प्रतिवेदन भनेर चिनिने) को समिक्षा गर्दछ; उक्त देशको मानवअधिकारको अवस्थाको मुल्यांकन गर्नका लागि नागरिक समाज, मानवअधिकार सम्बन्धी संस्थाहरु, यूएन (UN) निकायहरु र अन्य सरोकारवालाहरुबाट प्राप्त जानकारीहरुको समिक्षा गर्दछ; र सन्धिका दायित्वहरु पुरा गर्नका लागि ति देशहरुलाई विभिन्न सुझावहरू दिन्छ । राष्ट्रको समिक्षासत्रका दौरान प्रत्यक्ष रुपमा मौखिक र लिखित रूपमा (निष्कर्ष सुझाव वा टिप्पणी भनिन्छ) यस्ता सुझावहरू दिइन्छ ।[३]

• **यूएन (UN) सन्धि निकायका कार्यगत समुह :** यो कार्य समूहमा प्रत्येक यूएन (UN) सन्धि निकायका अध्यक्षबाट मनोनित ५ सदस्य हुन्छन् । यसको मुख्य काम भनेको प्रतिवेदन पेश गर्ने राष्ट्रहरुको प्रतिनिधीहरूसँग तिनका समिक्षा सत्रमा ध्यान केन्द्रित गर्नुपर्ने महत्वपुर्ण प्रश्नहरुको पहिचान गर्ने हो । यसको उद्देश्य भनेको व्यवस्थालाई थप चुस्त बनाउनु र लक्षित तयारीको सहजिकरण गर्नु हो ।

२. हालसम्म, नौ प्रमुख अन्तरराष्ट्रिय मानवअधिकार महासन्धी र एक ऐच्छिक आलेखको कार्यान्वयनका लागि १० सन्धी निकायहरू छन्। OHCHR website. मा यूएन (UN) सन्धी निकायहरूको बारेमा थप जानकारी पाइन्छ ।

३. तपाईंले यी यूएन (UN) सन्धि निकायहरुको जिम्मेवारी functions सम्बन्धी थप जानकारी OHCHR website मा प्राप्त गर्न सक्नुहुनेछ ।

# १. भूमिका

बाल विवाह एक विद्यमान चुनौती हो, र यसले प्रत्येक वर्ष १ करोड २० लाख बालिकाको बाल्यकाल, अधिकार, स्वायत्तता र अवसरहरुलाई जोखिममा पारिरहेको छ । दिगो विकासका लक्ष्य ५.३ मार्फत विश्वभरिका सरकारहरुले सन् २०३० सम्म बालविवाह अन्त्य गरिसक्ने प्रतिवद्धता जाहेर गरेका छन्, र यस प्रतिवद्धतालाई कैयौं अन्य अन्तर्राष्ट्रिय, क्षेत्रिय र राष्ट्रिय घोषणापत्र र रणनीतिहरुमा दोहोर्याइएको छ । यस राजनीतिक प्रतिबद्धताभित्र बालिकाको शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारमा पहुँच, लैंगिक पुरातन भुमिका र लैंगिक हिंसाको अन्त्य, र कानून अगाडि समानताको सुनिश्चितता पर्दछन् । यो प्रतिवद्धताको बलियो आधार अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि कानून हो ।

रुपान्तरणकारी परिवर्तन खोज्ने अभियन्ताहरुका लागि अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि सन्धिहरु बलिया औजारहरु हुन् । यस्ता सन्धिहरुलाई बुझेर र यिनीहरुको प्रावधानहरुलाई प्रयोग गरेर नागरिक समाजले राष्ट्रिय प्रतिवेदन संयन्त्रमा सहभागी हुन सक्दछ र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि कानून अन्तर्गत सरकारलाई आफ्नो कानूनी दायित्वका लागि जवाफदेही बनाउन सक्दछ ।

बाल विवाह अन्त्य गर्ने र विवाहित वा सहवास (union) मा बसिरहेका बालिकाहरुलाई सहयोग गर्ने महत्वपूर्ण लक्ष्य बोकेका *गर्ल्स नट ब्राइड्स* का सदस्य संस्था लगायत अन्य त्यस्तै नागरिक समाजलाई मद्धत गर्नका लागि यो टुलकिट निर्माण गरिएको हो । यो कानूनी शब्दावली र कार्यविधी मार्गनिर्देशिकामा मात्रै सिमित छैन । यो एक व्यवहारिक सहयोगी हो जसमा संसारभरिका *गर्ल्स नट ब्राइड्स* का सदस्य संस्थाहरुको अनुभवबाट प्राप्त भएका चाल्न सकिने ठोस कदम र संभावनायुक्त अभ्यासहरुलाई पनि समावेश गरिएको छ ।

तपाईं अनुभवी मानव अधिकारकर्मी वा यस क्षेत्रमा भर्खरै पाइला टेक्दै गर्नुभएको व्यक्ति भएपनि यो श्रोत पुस्तिका उत्तिकै उपयोगी हुनेछ । यस पुस्तिकामा बाल विवाह अन्त्य गर्न र बालिकाको अधिकारको सम्मान, सुरक्षा र पालना गर्नका लागि ठोस कदम चाल्न, राष्ट्रिय स्तरको वकालतलाई अघि बढाउन र सरकारलाई दबाब दिन प्रयोग गर्न सकिने अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि कानून र यूएन (UN) को मानवअधिकार सम्बन्धि संयन्त्रहरुको जानकारीहरु समावेश छन् ।

जोर्जिना इपुरे
पैरवी तथा अभियान अन्तरिम प्रबन्धक
*गर्ल्स नट ब्राइड्स: बाल विवाह अन्त्यका लागि विश्वव्यापी साझेदारी*

# २. परिचय

## यो टुलकिट किन र कसका लागि उपयोगी छ ?

बाल विवाह एक विश्वव्यापी मुद्दा हो र यसले बालिका र महिलाहरुमा नकारात्मक असर पारिरहेको छ । यही कारणले गर्दा अन्तर्राष्ट्रिय कानूनी ढाँचाहरुले यसलाई न्युनीकरण गर्न र यसका असरहरुको सम्बोधन गर्नका लागि अत्यावश्यक जोड दिएका छन् । बाल विवाह विरूद्दको पैरवीका लागि मुख्य चार कानूनी ढाँचाहरू निम्न अनुसार रहेका छन् :

१. संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धि महासन्धिले (सिआरसि/CRC) बाल विवाहलाई छुट्टै सम्बोधन नगरे पनि यसले बालबालिकाको हितका साथै शिक्षा, स्वास्थ्य, हिंसाबाट सुरक्षा लगायतका अधिकारहरुलाई असर गर्ने सबै प्रकारका हानीकारक अभ्यासहरुको अन्त्यका लागी जोड दिएको छ ।

२. महिला विरुद्ध हुने सबै प्रकारको भेदभावको उन्मुलन सम्बन्धी महासन्धि सिड (CEDAW) ले सबै राष्ट्रहरुले विवाह र आफ्नो जिवनसाथी स्वतन्त्रताका साथ छान्न पाउने अधिकारमा समानता सुनिश्चितता गर्दै विवाह र पारिवारिक विषयहरुमा लैंगिक विभेदको अन्त्य गर्नुपर्ने माग गर्दछ । यस महासन्धिले बाल विवाह र बाल मंगनीलाई पनि निषेध गरेको छ, र विवाहको न्युनतम उमेरको हद बन्दी कायम गर्ने र विवाह दर्ता लागु गर्नका लागि कानून निर्माणको माग गर्दछ ।

३. संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध आइसिईएससिआर (ICESCR अनुबन्ध)ले उमेर नपुग्दै हुने विवाहले स्वास्थ्य, शिक्षा र रोजगारमा पार्ने नकारात्मक असरहरुलाई प्रकाश पारेको छ । यस अनुबन्धले बालबालिकाहरुलाई सामाजिक र आर्थिक शोषणबाट सुरक्षा गर्ने कदमहरूको माग गर्दछ ।

४. विश्व आवधिक समिक्षा मानव अधिकार परिषदको एक विशिष्ट संयन्त्र हो जसले प्रत्येक यूएन (UN) सदस्य राष्ट्रलाई आफ्नो मानवअधिकारको स्थितीको अन्य सदस्य राष्ट्रहरूद्वारा समिक्षा (peer review) गर्न लगाउँछ । युपिआर (UPR)ले प्रत्येक राष्ट्रलाई आफ्नो देशमा मानवअधिकारको स्थिती सुधार्नलाई चालेका कदमहरुको बारेमा नियमित सुचना दिन, र निरन्तर सुधारका लागि अन्य यूएन (UN) सदस्य राष्ट्रहरुबाट सुझाव वा सिफारिसहरु हासिल गर्ने मौका दिन्छ । यूपिआर (UPR) मार्फत बाल विवाह सम्बन्धी सैयौंको संख्यामा सिफारिसहरु जारी भएका छन् जसले बालिका र महिलाको अधिकारलाई सुरक्षित गर्नका लागि बाल विवाहको अभ्यासलाई सम्बोधन गरिनु अत्यावश्यक छ भन्ने कुराको पहिचान हुँदै गएको सन्दर्भलाई प्रकाश पारेको छ ।

यस्ता कानूनी कार्यविधीहरुको रेखदेख गरिररहेका समितिहरुले नागरिक समाजलाई कुनै पनि राष्ट्रले आफ्नो मानवअधिकार सम्बन्धी दायित्वहरु कसरी निर्वाह गरिरहेका हुन्छन् भन्ने समिक्षामा सहभागी हुनका लागि र मानवअधिकार सम्बन्धि कानूनलाई अझ प्रभावकारी कार्यान्वयन गर्नका लागि दबाव दिनका लागि विभिन्न अवसरहरु प्रदान गर्दछ । बाल विवाह अन्त्य गर्न, र विवाहित वा सहवास (union) मा रहेका वा भएका बालिका र किशोरीहरुलाई सहयोग गर्ने एजेण्डा बोकेका नागरिक समाजले आफ्नो पैरवीको रणनीतिमा यस्ता मानवअधिकार अनुगमन संयन्त्रहरुसंगको सहकार्य समावेश गरेमा उक्त एजेण्डा हासिल गर्ने प्रभावकारी तरिका हुन सक्दछ ।

यसै परिप्रेक्ष्यमा, *गर्ल्स नट ब्राइड्स*ले बाल विवाहको मुद्धामा कार्यरत आफ्ना सदस्य संस्थाहरु र अन्य नागरिक समाजका संघसंगठनका लागि यो विस्तृत टुलकिट तयार गरेको छ । यस टुलकिटले यी संस्थाहरुको सिआरसि (CRC), सिड (CEDAW) र सिएसइसिआर (CESCR) समिति साथै यूपिआर (UPR) संयन्त्रसंगको सहकार्यलाई सहजीकरण गर्नेछ ।

यो टुलकिटको उद्धेश्य बाल विवाहलाई सम्बोधन गर्ने राष्ट्रिय पैरवी रणनीतिलाई अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रका सिफारिसहरुको प्रयोग गरी अझ प्रभावकारी बनाउन, ठोस कदमहरु चाल्नका लागि एउटा रुपरेखा प्रदान गर्न, र राष्ट्रिय र स्थानिय तहमा रुपान्तरणकारी परिवर्तनलाई अगाडि बढाउनु हो ।

## यो टुलकिट को ढाँचा कस्तो छ ?

यो टुलकिटलाई ४ मुख्य खण्डहरुमा विभाजन गरिएको छ, प्रत्येक प्रमुख मानवअधिकार अनुगमन संयन्त्रः सिआरसि (CRC), सिड (CEDAW) र सिएसइसिआर (CESCR) समिति, र युपिआर (UPR) प्रत्येकका लागि एक एक खण्ड छुट्टाइएको छ। यसलाई तपाईंहरुले समग्रमा एउटै पुस्तिकाको रुपमा वा प्रत्येक भागलाई छुट्टाछुट्टै पनि पढ्न सक्नु हुनेछ। प्रतिवेदन पेश गर्ने प्रक्रिया चक्रको सबै चरणहरुमा सहकार्य-सम्पर्क गर्ने सम्बन्धी सबै सान्दर्भिक जानकारीलाई यस टुलकिटमा समावेश गरिएको छ।

**सिआरसि (CRC), सिड (CEDAW) र सिएसइसिआर (CESCR) समिति (UN सन्धि निकायहरु - UNTBs) हरुसँग सम्बन्धित खण्डहरुको ढाँचा निम्न तरिकामा उल्लिखित छ :**

१. प्रत्येक संयन्त्रको परिचय

२. अनुबन्ध/महासन्धि, ऐच्छिक आलेख र साधारण टिप्पणी/सुझावहरुका बाल विवाह पैरवीका लागि सान्दर्भिक धाराहरु

३. समितिहरुको प्रतिवेदन प्रक्रियाले कसरी काम गर्दछ र नागरिक समाजले यससंग कसरी संलग्नता-कार्य सम्बन्ध राख्न सक्छन् भन्ने विषयमा व्यवहारिक र चरणबद्ध जानकारी

४. *गर्ल्स नट ब्राइड्स* का सदस्य संस्थाहरुका अनुभवपरक संभावनायुक्त अभ्यास र सिकाइको उदाहरणहरु

५. यस्ता संयन्त्रहरुका लागि नागरिक समाजका प्रतिवेदन लेखनको निर्देशिका

**यूपिआर (UPR) संग सम्बन्धित खण्ड निम्नानुसार राखिएको छ :**

१. यूपिआर (UPR)को परिचय

२. बाल विवाह र युपिआर (UPR) बिचको सम्बन्धको बुझाइ

३. यूपिआर (UPR) सम्पूर्ण प्रक्रियाको वर्णन

४. नागरिक समाज र यूपिआर (UPR) बीच संलग्नता-कार्य सम्बन्ध स्थापित गर्ने सम्बन्धी चरणबद्ध निर्देशिका

५. यूपिआर (UPR) मा नागरिक संमाजले पेश गर्न सक्ने निर्देशनात्मक उदाहरणहरु

६. यूपिआर (UPR)का लागि नागरिक समाजका संघसंगठनहरुको प्रतिवेदन लेखनको एक ढाँचा

### उच्च प्राथमिकताका सिफारिस र अन्य सिफारिस

तथापी, यि सिफारिसहरू लचिलो हुन्छन् र तपाईंको आफ्नो संस्थाको क्षमता र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रसंगको पैरवी रणनीति अनुसार यी सुझावहरूलाई संयोजन गर्नुपर्दछ।

उच्च प्राथमिकता

र

सिफारिस

तथापी, यि सिफारिसहरू लचिलो हुन्छन् र तपाईंको आफ्नो संस्थाको क्षमता र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रसंगको पैरवी रणनीति अनुसार यी सुझावहरूलाई संयोजन गर्नुपर्दछ।

### याद गर्नुपर्ने अन्य सांकेतिक चिन्हहरू:

**टुलबक्स! उपयोगी स्रोतहरू**

**तालिकाः कार्य गर्ने समयको विवरण**

**सुझाव! थाहा पाउँदा सहयोगी हुने**

**माथि उल्लिखित कुराका लिंकहरू**

**कसरीः सहयोगी निर्देशन**

**कार्य गर्नेः लिनुपर्ने कदम**

**महत्वपूर्ण ! प्रमुख सूचना**

**घटना अध्ययनः असल अभ्यासका उदाहरण**

### सम्पर्क गर्नुहोला

यदि तपाईंलाई यो टुलकिट सम्बन्धी केही प्रश्नहरु छन् या यो टुलकिट प्रयोग गर्न सहयोग चाहिएमा *गर्ल्स नट ब्राइड्स* को सचिवालयको इमेल info@girlsnotbrides.org मा सम्पर्क गर्नुहोला। कृपया इमेलको विषय "UN Treaty Bodies/ UPR toolkit" लेख्नुहोला। यदि तपाईंले केही गल्ती वा नमिलेको भेट्नु भएमा अथवा तपाईंलाई आफ्नो पैरवीको कामको बारेमा भन्न मन लागेमा पनि कृपया हामीलाई बताउनु होला ! हामी निरन्तर सुधारलाई महत्व दिन्छौं र साझा सिकाईको समावेशी धारणालाई अंगिकार गर्दछौं। हाम्रो साझा कामको गुणस्तर र प्रभावकारीता कायम राख्नको लागि तपाईंको रायसल्लाह एकदम जरुरी छ।

# ३. बाल विवाह सम्बोधनमा राज्यको जवाफदेहिताका लागि मानवअधिकार संयन्त्रहरूको प्रयोग

# बाल विवाहको सन्दर्भमा राज्यको जवाफदेहिताका लागि यूएन(UN) सन्धि निकायहरु र विश्व आवधिक समिक्षा (UPR) संग सहकार्य गर्नु किन महत्वपूर्ण रहेको छ ?

"यी संयन्त्रहरुसंग संलग्नता–कार्य सम्बन्ध–सम्पर्क भनेको राज्यलाई जवाफदेही बनाउने र स्थानिय प्रभाव बढाउने कुरामा मात्रै सिमित छैन । यो भनेको नागरिक समाजका रुपमा हामीले दैनिक सिर्जना गर्ने ज्ञान र जानकारीलाई व्यवस्थापन गर्नु महत्वपूर्ण हुन्छ भनेर स्विकार्नु पनि हो । यस्ता प्रतिवेदनहरु तयार पार्दा हामीले केही क्षेत्रहरुमा पैरवीको तत्काल आवश्यकता देख्यौं । र यसले हामीलाई हाम्रो संजालको परिधीलाई अझ कसरी फराकिलो पार्न सक्छौं भनेर सोच्ने मौका दियो ।"

बाल तथा किशोरकिशोरी अधिकार संयोजक (Coordinadora por los Derechos de la Infancia y la Adolescencia/CDIA), पराग्वेमा रहेको *गर्ल्स नट ब्राइड्स* को सदस्य संस्था जसले सन् २०२० र २०२३ को बिचमा CRC / UPR प्रक्रियासंग सम्पर्क-सहकार्य गरेको थियो ।

अन्तर्राष्ट्रिय मानवअधिकारका सन्धिहरुको पक्ष राष्ट्र बनिसकेपछि कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय कानून अनुसार मानवअधिकारको सम्मान, सुरक्षा र पालना गर्ने दायित्व र कर्तव्यहरु वहन गर्दछ :

- सम्मानको दायित्व भन्नाले राज्यले मानवअधिकारको उपभोगमा बाधा वा त्यसलाई संकुचित पार्नु हुँदैन ।
- सुरक्षाको दायित्व भन्नाले कुनै पनि राष्ट्रले मानवअधिकार उल्लघंन विरुद्ध व्यक्ति र समुहहरुलाई सुरक्षा प्रदान गर्नु पर्नेछ ।
- पालनाको दायित्व भन्नाले आधारभूत मानवअधिकारको उपभोग सहजीकरणका लागि राज्यले सकारात्मक कदमहरु पर्दछ ।

अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरु अनुमोदन गरे पश्चात उक्त सन्धिहरुको दायित्व र कर्तव्यहरु देशभित्र लागु गर्नका लागि घरेलु नीति र विधानहरु ल्याउनका लागि उक्त राष्ट्रका सरकारहरू कानूनी रुपमा बाँधिन्छ । यूएन (UN) सन्धि निकायहरु (UNTB) र विश्व आवधिक समिक्षा यूपिआर (UPR) संयन्त्रले राज्यहरूले आफ्नो दायित्व अनुसार कार्यान्वयन र पालना गरे-नगरेको स्थतिलाई नियमित रूपमा समिक्षा (प्रत्येक ४-५ वर्षमा) गर्ने गर्दछ । यसरी, यी संयन्त्रद्वारा राष्ट्रले अनुमोदन गरेको सन्धिमा उल्लेख अधिकारहरु सबैले उपभोग गर्न पाएका छन् भनेर सुनिश्चित गर्दछ ।

राष्ट्रहरुलाई आफ्नो मानव अधिकार सम्बन्धी दायित्व र बाल विवाहको सम्बोधनप्रति जवाफदेही बनाउनको लागि यूएन (UN) सन्धि निकायहरु (UNTB) समिक्षाहरु र यूपिआर (UPR) संलग्नता–कार्य सम्बन्ध–सम्पर्क सम्बन्ध सम्पर्क बढाउनु महत्वपुर्ण कदम हो । समुदाय स्तरको दृष्टिकोण सहित विषयगत र परिप्रेक्ष्य अनुसार सान्दर्भिक विज्ञता प्रदान गर्ने हुनाले यस प्रक्रियामा नागरिक समाजले ठूलो भूमिका खेल्दछ । राष्ट्रको प्रतिवेदनलाई पुणर्ता प्रदान गर्न र सन्धि निकायहरु (UNTB) र यूपिआर (UPR) सुझावहरुलाई प्रभावित गर्नको लागि नागरिक समाज आवश्यक साझेदारहरु हुन् । नागरिक समाजले सरकार लाई बाल विवाहको मुद्दा सम्बोधन गर्ने आफ्नो प्रतिबद्धता पालना गराउन जवाफदेही बनाउनुकासाथै यो अभ्यासको अन्त्य र बालिकाहरुको अधिकार प्राप्तिको सुनिश्चितताका लागि ठोस कदमहरुको पैरवी गर्छन् ।

बाल विवाहबाट प्रत्यक्ष प्रभावित बालिका र किशोरीहरुको आवाजहरुलाई उठाउँदै नागरिक समाजले उनीहरुको सरोकारलाई यी संयन्त्रले विचार पुर्याउने कुराको सुनिश्चितता गराउँछन् । नागरिक समाजसंगको साझेदारीयुक्त सहकार्यले सन्धि निकायहरु (UNTB) र यूपिआर (UPR) प्रक्रियालाई अझ बलियो, समावेशी र प्रभावकारी बनाउँदछ ।

राष्ट्रिय प्रतिवेदनहरुको प्रचारप्रसार र यस्ता समिक्षा प्रक्रियाहरुबाट आएका निश्कर्ष र सिफारिसहरु लागु गर्नका लागि पैरवी मार्फत पनि नागरिक समाजले जनचेतना फैलाउन सक्छन् । स्थानीय तहमा, बाल विवाह सम्बन्धी छलफलहरूले नितिगत प्रभावका साथै बालिका र किशोरीहरूको लागि रूपान्तरणकारी स्थान निर्माण गर्न योगदान दिन सक्दछन् ।

## ३.१ बाल अधिकार महासन्धी समिती सिआरसि (CRC) संग संलग्नता-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

### बाल विवाह र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) विचको सम्बन्धको बुझाई

विश्वमा सबैभन्दा धेरै देशद्वारा अनुमोदित सन्धि बाल अधिकार सम्बन्धी महासन्धि हो, र संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी समितिले त्यसको कार्यान्वयनको अनुगमन गर्ने गर्दछ ।

**बाल अधिकार सम्बन्धी महासन्धिले बाल विवाहलाई प्रत्यक्ष सम्बोधन गर्दैन तर यो महासन्धिको सबै पक्षले बाल विवाहको परिप्रेक्ष्यमा हुने शिक्षा, स्वास्थ्य, यौनिक हिंसाबाट सुरक्षा, सुनिनु पर्ने अधिकार, जन्मदर्ताको अधिकार र खेल्न पाउने अधिकार, आदि बाल अधिकारको उल्लघंनबाट सुरक्षाका लागि सान्दर्भिक छ ।**

**सुझाव ! बाल विवाह सम्बन्धी सान्दर्भिक महासन्धिका धाराहरूलाई प्रकाश पार्नुहोस्**

सिआरसि (CRC) संग सहकार्य गर्दा बाल विवाहसंग सबै भन्दा धेरै सान्दर्भिक धाराहरुलाई जोड दिनु महत्वपूर्ण हुन्छ । यसले तपाई र तपाईको संस्थालाई लिखित प्रतिवेदन तयार पार्नका साथसाथै तपाईको देशमा बाल विवाहको प्रचलनलाई बाल अधिकार प्राप्तिको विरूद्द एक खतराको रुपमा अनुगमनलाई प्रभाव पार्न मद्धत गर्दछ । यि सान्दर्भिक धाराहरूलाई निम्न तालिकामा प्रकाश पारेका छौं । पेज नं १७ मा भएको टुलबक्समा उल्लेख गरिएको स्रोतहरुको प्रयोग गर्दै तथ्यगत प्रतिवेदन बनाउन सक्नुहुन्छ ।

**तालिका १ : बाल विवाहसंग सबैभन्दा धेरै सान्दर्भिक बाल अधिकार सम्बन्धि महासन्धिको धाराहरुको एक झलक**

| बाल अधिकार सम्बन्धी महासन्धिको बाल विवाहसंग सम्बन्धित धाराहरु | बाल विवाहसंगको सान्दर्भिकता |
|---|---|
| **धारा २ :** बिना भेदभावको अधिकार<br><br>महासन्धिमा स्थापित अधिकार जुनसुकै वर्ण, रंग, लिंग, भाषा, धर्म, जातियता, अपागंता वा अरु जुनसुकै पहिचान वा अवस्थिती भएका बालबालिकाका लागि लागु हुनेछ । | जुन सुकै पहिचान भएता पनि सबै बालबालिकालाई बाल विवाहबाट सुरक्षाको समान सुनिश्चिता हुनुपर्छ । |
| **धारा ३ :** बालबालिकाको सर्वोपरि हित<br>सबै निर्णय र कामहरुमा बालबालिकाको सर्वोपरि हित प्रमुख प्राथमिकता हुनेछ। रुपमा ध्यान दिनुपर्दछ ।[४] | बाल विवाहले बालबालिकाको सर्वोपरि हित बिथोल्छ । यसले धेरै जसो बालबालिका र किशोरकिशोरीहरुलाई यदि, कहिले र को संग विवाह गर्ने भन्ने निर्णयमा सहभागी हुन दिंदैन र उनीहरुको उमेर अनुसार उनीहरुलाई सबैभन्दा राम्रो के गर्दा हुन्छ भन्ने मनन गर्न दिंदैन ।<br><br>यस अभ्यासले बालबालिकालाई आफैले निर्णय लिन वा निर्णय कार्यान्वयन गर्न वन्चित गर्न सक्छ - यसले गर्दा उनीहरुको हित र विकासमा दिर्घकालिन असर पार्ने एउटा हानीकारक श्रृंखला सुरुवात गर्न सक्छ । |

४. बाल अधिकार सम्बन्धी महासन्धि (साधारण टिप्पणी संख्या १४ (२०१३), अनुच्छेद ६) ले जोड दिए अनुसार “बालबालिकाको सर्वोपरि हित” मा ३ वटा अवधारणा रहेका छन् : यो एक सारवान अधिकार हो, एक मौलिक व्याख्यात्मक कानूनी सिद्धान्त हो, र एक कार्यविधीको नियम हो । बालबालिकाको सर्वोपरि हितको मुल्याकंन र निर्धारणका लागि कार्यवित्रिको प्रत्याभुति आवश्यक छ । राज्यहरुले बालबालिकालाई असर गर्ने नीतिनियमहरु निर्माण गर्दा बालबालिकाको सर्वोपरि हितलाई अन्य चासोहरुसंग कसरी दाँजिएका छ र के मापदण्डहरु प्रयोग गरिएको छ भनेर वर्णन गर्नुपर्छ ।

| | |
|---|---|
| **धारा ६ :** बालबालिकाको बाँच्न र आफ्नो विकास गर्न पाउने अधिकार ।<br><br>प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकार छ, र राज्यले बालबालिकाहरु बाँच्ने र संभव भएको अवस्थासम्म विकास गर्न सक्ने सुनिश्चितता गर्न आफूले सक्ने सबै गर्नुपर्दछ । | बालिकाको स्वास्थ्य, हित र अधिकारमा बाल विवाहले दिर्घकालिन असर पार्न सक्छ । तथ्यांकहरुले बाल विवाहको कमजोर शैक्षिक स्थिती, छिटो र धेरै गर्भधारणहरु, विवाह वा सम्बन्धमा रहेका साथीबाट (intimate partner) हुने हिंसा, मात मृत्युदर र बाल मृत्युदर, सरूवा यौन रोगहरुको उच्च दर, पुस्तैनी गरिबी, र निर्णय लिने शक्ति र अवसरहरुबाट वंचित हुनु लगायतका विभिन्न नकारात्मक परिणामहरुसंग गहिरो सम्बन्ध रहेको देखाउँछ । |
| **धारा ७ :** जन्म दर्ताको अधिकार<br><br>प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र संभव भएसम्म आफ्नो आमाबुबाबाट स्याहार पाउने अधिकार हुन्छ ।<br><br>**धारा ८ :** पहिचानको अधिकार<br><br>प्रत्येक बालबालिकालाई उनीहरुको नाम, राष्ट्रियता, अनि पारिवारिक नाताहरु लगायतका पहिचानको अधिकार हुन्छ । | कानूनी पहिचान नभएका बालबालिकाहरु बाल विवाहको जोखिममा हुन्छन् किनभने उनीहरुको उमेरको प्रमाण हुँदैन र शिक्षा जस्ता सुरक्षात्मक अधिकारहरुमा उनीहरुले दर्ता हुन कठिन हुन सक्छ । विशेष गरी विस्थापित वा शरणार्थी बालिकाहरुका हकमा यो सत्य हुने गर्छ ।<br><br>बाल विवाहले गर्दा बालबालिकाको उनीहरुको जन्मघर परिवारसँग विछोड हुन सक्दछ, र त्यस कारण उनीहरुले आफ्ना आमाबुबालाई बुझ्ने र उनीहरुबाट बुझ्न पाउन वंचित हुनसक्छन् । केही अवस्थामा विवाहित बालिकाहरु - कहिलेकाँही जोरजबर्जस्तीले - अर्कै बसाईं सराई गर्न सक्छन् जसले गर्दा उनीहरुको राष्ट्रियता वा राष्ट्रिय अधिकारहरुको स्विकार्यतालाई असर पुग्ने गर्दछ ।<br><br>बाल विवाह भइसकेपछि धेरैजसो बालबालिकाको पहिचान उनीहरुको वैवाहिक स्थितीले स्थापित वा सिमित गरिदिन्छ, र यसले गर्दा उनीहरूको आफ्नो छुट्टै र स्व-निर्मित पहिचानको विकासमा बाधा हुन्छ ।<br><br>बाल विवाहले बालबालिकालाई उमेर अगावै वयस्कको भूमिकामा धकेलेर पनि उनीहरुको प्राकृतिक रुपमा हुने पहिचान निर्माणको विकास प्रक्रियालाई बिथोल्न सक्छ । |
| **धारा १९ :** हिंसा, दुरव्यवहार र बेवास्ताबाट सुरक्षित हुने अधिकार ।<br><br>राज्यले बालबालिकालाई उनीहरुको आमाबुबा वा उनीहरुलाई हेरचाह गर्ने जो कोहीबाट यौन हिंसा लगायतका सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, दुरव्यवहार वा शोषणबाट बचाउनका लागि आफूले सक्ने सबै कोशिस गर्नुपर्छ । | बाल विवाहलाई कानुनी रुपमा लैंगिक हिंसाका रुपमा पहिचान गरिएको छ । यसले बालबालिकालाई वैवाहिक जिवनसाथी वा उनको परिवारबाट हुने शारीरिक, भावनात्मक र मानसिक हानीको उच्च जोखिममा पार्छ ।<br><br>धेरैजसो विवाहित बालिकाहरुलाई वैवाहिक परिप्रेक्ष्यमा जर्बजस्ती यौन सम्बन्धका लागि बाध्य बनाइन्छ । यो यौन हिंसाको प्रकारमा पर्दछ ।<br><br>द्वन्द र संकटकालका अवस्थाहरुमा बाल विवाहका साथसाथै लैंगिक र यौन हिंसाहरु बढी घट्ने गर्छन् । |
| **धारा २४ :** स्वास्थ र स्वास्थ सेवाको अधिकार ।<br><br>बालबालिकाको स्वास्थलाई नकारात्मक असर पार्ने सबै पुरातन संस्कारहरुलाई उन्मुलन गर्न राज्यहरुले सबै उपाय र नीतिहरू अपनाउनु पर्छ । | बाल विवाहले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य र हितमा, विशेष गरी, बालिकाको प्रजनन र यौन स्वास्थ्य तथा अधिकारमा यसले नकरात्मक असर गर्दछ । गर्भवती किशोरीहरु र कलिला आमाहरु गर्भवती अवस्था र शिशुलाई जन्म दिंदा जटिलता र मृत्युको धेरै जोखिममा हुन्छन् । उनीहरुको बच्चाको स्वास्थ्यलाई पनि असर पार्दछ । |

| | |
|---|---|
| **धारा २७ :** समुचित जिवन स्तरको अधिकार<br><br>प्रत्येक बालबालिकालाई आफ्नो बृद्धि र विकास गर्नको लागी उचित जिवनस्तर प्राप्तिको अधिकार हुन्छ । | बाल बाल विवाहले बालबालिकाको सुरक्षित वातावरणमा शारीरिक, मानसिक र सामाजिक विकास हुन पाउने अधिकारलाई संकुचित गरिदिन्छ । बाल विवाहको आर्थिक दुषपरिणामहरुले गरिबीसंग सम्बन्धित जोखिमहरु बढाउन सक्छ ।<br><br>विवाहित र बालबच्चा हुर्काइरहेका बालिकाहरुको सिमित शैक्षिक र आर्थिक अवसरहरुले बालिका र उनीहरुको सन्तानलाई असर पार्दै उनीहरुलाई गरिबीको दुश्चक्रमा पार्दछ । |
| **धारा २८ :** शिक्षाको अधिकार<br><br>प्रत्येक बालबालिकाको शिक्षाको अधिकार हुन्छ । प्राथमिक शिक्षा अनिवार्य र निशुल्क हुनु पर्दछ । विभिन्न तहका माध्यमिक शिक्षाहरु सबै बालबालिकाको लागि उपलब्ध र पहुँचमा हुनु पर्दछ । | एक चोटि विवाह भइसकेपछि बालिकाहरु फेरि विद्यालय फर्किने वा पढाईलाई निरन्तरता दिने संभावना एकदमै कम हुन्छ । त्यस्तै विद्यालय नजाने बालिकाहरुले १८ वर्षको उमेर अगावै विवाह गर्ने धेरै संभावना पनि हुन्छ ।<br><br>विवाहित र बालबच्चा हेरिरहेका बालिकाहरु, विशेष गरी विस्थापित वा शरणार्थीहरुले शिक्षा हासिल गर्नका लागी बेतलबी घरायसी र स्याहारको काम, लाञ्छना, विद्यालयबाट जबरजस्ती छुटाउने र घरै बसाउने परम्परागत लैंगिक मान्यताहरु, लगायत धेरै व्यवहारिक बाधाहरु भोगिरहेका हुन्छन् ।<br><br>गर्भवती वा बालबच्चा हेरिरहेका बालिकाहरुले घरेलु कानुनहरुका कारण वा पुनःभर्नामा सहयोग नपाएर वा लाञ्छनाका कारण विद्यालय छोड्ने वा विद्यालय जानबाट बंचित भएका हुन सक्छन् । |
| **धारा ३४ :** यौनशोषण र दुरव्यवहार<br><br>प्रत्येक बालबालिकालाई सबै किसिमका यौनशोषण र यौन दुर्व्यवहारबाट सुरक्षित राख्नु पर्दछ । | बाल विवाहमा धेरैजसो उमेर र शक्तिको असमानता तथा जबरजस्ती हुन्छ जसका कारण बालबालिकाले उनीहरुको यौन जिवनका बारेमा शर्त लागु गराउन, इन्कार गर्न वा स्वतन्त्र निर्णय गर्न पाउँदैनन् ।<br><br>बाल विवाहमा अन्तरनिहित जबरजस्तीको पाटोले यौन शोषण र दुरव्यवहारलाई प्रश्रय दिने वातावरण निर्माण गर्न सघाउ पुऱ्याउँदछ ।<br><br>द्वन्द र संकटकालबाट गुज्रिरहेका बालिकाहरुको हकमा यो जोखिम झनै बढेर जान्छ । |

## बाल विवाहका लागि सान्दर्भिक सिआरसि (CRC) का आधारभूत टिप्पणीहरू (General comments)

सिआरसि (CRC) महासन्धिको धाराहरु, सम्बन्धित विषयवस्तुहरु र राज्यको दायित्वहरुसंग सम्बन्धित थप निर्देशन र व्याख्या सहितको आधारभूत टिप्पणीहरु (General comments) जारी गरेको हुन्छ ।

प्रतिवेदन चक्रका दौरान आधारभूत टिप्पणीहरु (General comments) नागरिक समाजको लागि उपयोगी श्रोत हो । यि टिप्पणीहरुले सिआरसि (CRC) ले महासन्धि अन्तर्गत बाल विवाह र सम्बन्धित अधिकार, र नीतिगत क्षेत्रलाई गरेको व्याख्या बारे थप जानकारी दिन्छ । नागरिक समाजले आफ्नो प्रतिवेदनलाई तयार गर्न, र राज्यलाई दबाब दिने पैरवीको माध्यमको रुपमा पनि आधारभूत टिप्पणी (General comments) लाई प्रयोग गर्न सक्छन् ।

सिआरसि (CRC) र महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य सम्बन्धी महासन्धी (सिड/CEDAW) ले एक संयुक्त आधारभूत टिप्पणी/सुझावहरु (general comments/recommendations) जारी गरेको छ । सन् २०१९ मा संशोधन गरिएको उक्त टिप्पणी/सुझावहरुले बाल विवाह र जबरजस्ती विवाहलाई हानीकारक अभ्यासका रुपमा किटानीकासाथ व्याख्या गर्दै हानीकारक अभ्यासहरुको परिप्रेक्ष्यमा बाल अधिकार सम्बन्धी महत्वपूर्ण विचारहरू प्रस्तुत गरेको छ । बाल विवाहको परिप्रेक्ष्यमा हुने मानवअधिकार को उल्लघंनसंग प्रत्यक्ष रूपले सान्दर्भिक अरु आधारभूत टिप्पणीहरु पनि छन् ।

## बाल विवाह र उल्लघंन भएका सान्दर्भिक बालअधिकार सम्बन्धित सिआरसि (CRC) का आधारभूत टिप्पणीहरु (General Comments)

- २००९ मा पारित गरिएको बाल अधिकार महासन्धीको सन्दर्भमा किशोरावस्थाको स्वास्थ्य र विकास (adolescent health and development in the context of the Convention on the Rights of the Child) (adopted in 2003)
- सन् २०११ मा पारित गरिएको सबै प्रकारका हिंसाबाट स्वतन्त्र रहने बालअधिकार (the right of the child to freedom from all forms of violence) सम्बन्धी आधारभूत टिप्पणी संख्या १३ (general comment number 13),
- बालबालिकाहरूलाई उनीहरूको सर्वोत्तम हितलाई प्राथमिकतालाई (on the right of the child to have his or her best interests taken as a primary consideration) राख्ने सम्बन्धी बालअधिकारमा सन् २०१३ मा पारित गरिएको महासन्धीको धारा ३, अनुच्छेद १ माथीको आधारभूत टिप्पणी (general comment number 14),
- उच्चतम प्राप्य तहको उपभोग गर्न पाउने बाल अधिकार (on the right of the child to the enjoyment of the highest attainable standard of health) सम्बन्धी सन् २०१३ मा पारित गरिएको सन्धीको धारा २४ माथीको आधारभूत टिप्पणि १५ (general comment number 15)
- सन् २०१४ मा पारित गरिएको हानिकारक अभ्यास (on harmful practices) सम्बन्धी संयुक्त टिप्पणी सिआरसि (CRC) को सामान्य टिप्पणी संख्या १८ (general comment number 18) र सिड (CEDAW) को आधारभूत टिप्पणी ३१ (general comment number 31)
- सन् २०१६ मा पारित गरिएको किशोरावस्थामा बाल अधिकारको कार्यान्वयन (on the implementation of the rights of the child during adolescence) सम्बन्धी आधारभूत टिप्पणी संख्या २० (general comment number 20)
- सन् २०१६ मा पारित गरिएको बाल अधिकारको कार्यान्वयनको लागि सार्वजनिक बजेट (on public budgeting for the realization of children's rights) सम्बन्धी महासन्धीको धारा ४ माथि आधारभूत टिप्पणी संख्या १ (general comment number 19)
- संशोधन पश्चात सन् २०१९ मा पारित गरिएको हानिकारक अभ्यास (on harmful practices) सम्बन्धी संयुक्त टिप्पणी सिआरसि (CRC) को आधारभूत टिप्पणी संख्या १८ (general comment number 18) र सिड (CEDAW) को आधारभूत टिप्पणी ३१ (general comment number 31)

## बाल अधिकार महासन्धिको ऐच्छिक आलेख

यस महासन्धिको ३ वटा ऐच्छिक आलेखहरु छन् तर यो महासन्धि अनुमोदन गरेका सबै पक्ष राष्ट्रहरुले यी आलेखहरुलाई अनुमोदन गरेका छैनन् । ऐच्छिक आलेख भनेको थप सन्धिहरु हुन् जसले मुल महासन्धिमा रहेको केही कुरालाई थप सम्बोधन गर्छ वा मुल महासन्धिले उल्लेख नगरेको केही अतिरिक्त कुराको सम्बोधन गर्दछ :

१. बालबालिकाको बेचबिखन, यौन पेशा र अश्लिल चित्रण सम्बन्धी (sale of children, child prostitution and child pornography) ऐच्छिक आलेख : "बालबालिकाको बेचविखन"लाई परिभाषित गर्दछ - यसले बालबालिकालाई पैसा वा अन्य फाइदाका लागि साटफेर गर्नुलाई बेचबिखन भनिन्छ भनेको छ ।

   सन् २०१९ मा सिड (CEDAW) र सिआरसि (CRC) समितिले आधारभुत सिफारिस नम्बर ३१ (general recommendation)/आधारभूत टिप्पणी नम्बर १८ द्धारा यो आलेख अन्तर्गत बाल विवाह र जबरजस्ती विवाहलाई बालबालिकाको बेचविखन मानिनेछ भनेर संयुक्त रुपमा घोषणा गरेको छ ।

   यस आलेखको पक्ष राष्ट्रहरुको बाल विवाह र/अथवा जबरजस्ती विवाहका लागि ठोस दायित्वहरु हुनेछ भनेर यस आलेखले जोड दिएको छ । दाइजोको लेनदेन वा दुलहीका लागि रकम कारोबार भएको खण्डमा पनि यसले त्यस्तो किसिमको विवाह पनि एक प्रकारको बालबालिका "बेचविखन" हो भन्ने मान्यता राख्दछ ।

२. सशस्त्र द्धन्दमा बालबालिकाको सहभागिता (involvement या children in armed conflict) सम्बन्धी ऐच्छिक आलेखः सशस्त्र द्धन्दका बेला बालबालिकाहरुको सुरक्षामा बृद्धि गर्दछ ।

३. संचार प्रक्रिया (communications procedure) सम्बन्धि ऐच्छिक आलेखः यसले बाल विवाह लगायतका अधिकार उल्लघंनका घटनाहरुमा तोकिएका अन्तर्राष्ट्रिय संयन्त्रहरु मार्फत सुरक्षा र कानूनी उपचारको खोजी गर्ने बालबालिकाको हकलाई कायम गरेको छ ।

## सिआरसि (CRC) प्रतिवेदन चक्रसंग सहकार्य बढाउन

### टुलबक्स ! तपाईंको प्रतिवेदन तथ्य प्रमाणमा आधारित रहेको सुनिश्चित गर्ने श्रोतहरु

तपाईले तथ्यपरक प्रतिवेदन तयार गर्न, र सिआरसि (CRC) समिक्षा प्रक्रिया अन्तर्गत व्याख्या गर्नुपर्ने मुद्दा र ताकेता गर्दै सोध्नुपर्ने प्रश्नहरूलाई परिभाषित गर्नको लागि निम्न श्रोतहरु प्रयोग गर्न सक्नुहुनेछ ।

**राष्ट्रिय स्तरको तथ्यांक :**

- *गर्ल्स नट ब्राइड्स* को बाल विवाहको नक्सा (child marriage atlas) बाल विवाह प्रचलन, कारक र देश कविशेषको कानूनको जानकारी छ ।
- युनिसेफको बाल विवाहको राष्ट्रिय परिप्रेक्ष्य (child marriage country profiles) ले बालविवाहको प्रचलन संख्या, विवाहित बालिकाहरूको चरित्र र जिवनको जानकारी देश अनुसार समावेश गरेको छ ।
- बाल विवाह अनुगमन संयन्त्र (Child Marriage Monitoring Mechanism) ले विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय-तहका डाटा र स्वरूपहरूलाई वर्गिकृत गर्दै देशहरूबीच र देशभित्रै समृद्दी, शैक्षिक प्राप्ति, ग्रामिण वा सहरी बसाई र उपराष्ट्रिय क्षेत्रको आधारमा हुने असमानतामा प्रकाश पार्दछ ।

**विषयगत सारसंक्षेप र प्रमाणको समिक्षाहरु :**

- बाल विवाह र बालिकाको अधिकारमा कानूनको प्रभाव (impact of the law on child marriage and girls rights ) को सारसंक्षेप र प्रमाण समिक्षा
- विवाहित, गर्भवती वा बालबच्चा स्याहार गरिरहेका बालिकालाई सहयोग (supporting girls who are married, pregnant and parenting ) सम्बन्धि सारसंक्षेप र विषयगत लेख
- बालिकाको शिक्षा र बाल विवाह girls' education and child marriage.को सारसंक्षेप र विषयगत लेख
- बाल विवाहलाई सम्बोधन गर्न र विवाहित बालिकाहरुको सहयोगका लागि गरिने शैक्षिक कामकारवाहीहरु education interventions सम्बन्धि अनुसन्धान चर्चा र पोस्टर
- मानविय सहायताको स्थिती (humanitarian settings) मा बाल विवाह सम्बन्धि सफल अभ्यास र मुख्य श्रोतहरुको अभिलेखन गरिएका ब्लग पोस्टहरु

## सिआरसि (CRC) प्रतिवेदन चक्र भनेको के हो ?

सिआरसि (CRC) ले पक्ष राष्ट्रहरुद्वारा बालबालिकाको मानवअधिकार प्रतिको आफ्नो दायित्व पुरा गरे-नगरेको प्रगतिलाई एउटा प्रतिवेदन चक्र मार्फत अनुगमन गर्ने गर्दछ । यसमा निम्न श्रोतहरुबाट आएका सूचनाहरुको समिक्षा हुने गर्दछ:

- देशको नागरिक समाज
- राज्यले पेश गरेको प्रतिवेदन
- बाल अधिकारको क्षेत्रमा काम गर्ने नागरिक समाज, यूएन (UN) निकायहरु, र अन्य सरोकारवाला निकायहरुका आमन्त्रित प्रतिनिधीहरुको सहभागिता हुने पूर्व-सत्र कार्यगत समुह (अनलाइन वा प्रत्यक्ष)
- राज्यका प्रतिनिधीहरुसंग कार्यान्वयनको प्रगति र चुनौती सम्बन्धि विस्तृतमा समिक्षा सत्र

प्रतिवेदन प्रक्रियालाई राष्ट्रहरुका लागि बोझमुक्त बनाउनका साथसाथै सिआरसि (CRC) लाई प्राथमिक मुद्धाहरुमा ध्यान केन्द्रित गर्नका लागि प्राय सबै पक्ष राष्ट्रका लागि सिआरसि (CRC) **प्रतिवेदन कार्यविधीलाई सरल बनाउनुका** साथै त्यसलाई लागु गरेको छ ।[५] पेज ८ देखि शुरु भएको सहकार्य बढाउने चरणबद्ध निर्देशिकाले यही सरल प्रतिवेदन कार्यविधीलाई अपनाएको छ ।

यि सत्रहरु प्राय जनवरी/फेब्रुअरी, मे/जुन, र सेप्टेम्बर/अक्टोबरमा धेरैजसो **वर्षको ३ चोटि** जेनेभा, स्विजरल्याण्डमा भौतिक रुपमा बस्ने गर्दछ । एक सत्रमा राज्यहरूको समिक्षा गरिन्छ ।

**सुझाव ! कुन समयमा कुन राज्यको समिक्षा भइरहेको छ थाहा पाउन यो वेवपेज हेर्नुहोला ।**

५. सन् २०२४ जनवरी १ देखि सिआरसि (CRC) ले बाल अधिकार सम्बन्धी महासन्धि अन्तर्गतका सबै आवधिक प्रतिवेदनहरु र ऐच्छिक आलेख अन्तर्गतका शुरुवाती प्रतिवेदनहरुका लागि सरल प्रतिवेदन कार्यविधी लागु गरेको छ । सन् २०२३ सेटेम्बरसम्म अंगोला, बोलिभिया, चाइना, दक्षिण कोरिया, इजिप्ट, मेक्सिको र म्यानमारले सरल प्रतिवेदन कार्यविधीमा सहभागी नहुने निर्णय गरेका छन् र यी देशहरुलाई परामपरागत प्रतिवेदन कार्यविधी अनुसार नै समिक्षा गरिनेछ ।

## सिआरसि (CRC) संग सहकार्य गर्नुपर्ने महत्वपूर्ण समय

बाल अधिकार सम्बन्धी प्रतिवेदन प्रक्रिया चक्रमा नागरिक समाजले महत्वपुर्ण भूमिका खेल्दछन् । अघिल्ला चरणहरुमा सहभागी नभएको भएता पनि संस्थाहरुले कुनै पनि चरणमा सहभागी हुन सक्छन् । सिआरसि (CRC) ले नागरिक समाजबाट जति धेरै वैकल्पिक र गहन सुचना प्राप्त गर्न सक्यो, उती नै राज्यद्वारा प्रस्तुत सुचनाहरुलाई विश्लेषण-विमती गर्ने संभावना बढी हुन्छ । यसले गर्दा, सिआरसि (CRC) सदस्यहरुले उक्त समिक्षा भइरहेको देशमा बाल विवाहको प्रचलन र त्यसको रोकथामका लागि भइरहेको सम्बोधन - गरिएको प्रयास वा केही पनि नगरिएको अवस्था - आदि, सहितको बाल अधिकारको स्थितीको वास्तविक स्थिति पाउनेछन् भन्ने कुरा सुनिश्चित गर्न सकिन्छ ।

**सिआरसि (CRC) समितिसँगको सहकार्य बढाउनुको उद्बेश्य राज्यहरूलाई राख्ने प्रश्न र प्रतिवेदन प्रक्रियाको अन्त्यमा जारी गर्ने निश्कर्ष सुझावहरुमा बाल विवाहको विषय पनि समावेश गरोस् भनेर सुनिश्चित गर्नु हो । निश्कर्ष सुझावमा राज्यहरूको लागि महासन्धिको कार्यान्वयन र बालअधिकारलाई सम्मान, सुरक्षा र लागु गर्नका लागि ठोस सिफारिसहरु हुन्छन् । बाल विवाह अन्त्यका लागि राष्ट्रिय तहको पैरवी गर्न र यसलाई राजनीतिक, कानूनी र/वा आर्थिक रुपमा आवश्यक कार्यविधीहरु अपनाउनका लागि सरकारलाई दबाब दिन सिआरसि (CRC) ले जारी गरेको सिफारिसहरु नागरिक समाजको लागि एक बहुमुल्य र आधिकारिक साधन हो ।**

सरल प्रतिवेदन कार्यविधी अन्तर्गतको **प्रतिवेदन पठाउनु अघि गर्नु पर्ने विषय** वा परम्परागत प्रतिवेदन कार्यविधी अन्तर्गतको **विषयसुची** यहाँ तल दिइएको छ ।

**सुझाव ! यसका बारेमा चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को वेवसाइटमा थप श्रोत र सहायता पाउन सक्नु हुनेछ ।**

चाइल्ड राइट्स कनेक्ट **(Child Rights Connect)** जेनेभास्थित एक स्वतन्त्र गैर-नाफामुलक संजाल हो जसले बाल अधिकार सम्बन्धि महासन्धिले परिभाषित गरे अनुसार सबै बालबालिकाहरुले आफ्नो अधिकार पुर्णतः उपभोग गर्न पाओस् भनी सुनिश्चित गर्नका लागि काम गरिरहेको छ । यसले नागरिक समाजको महासन्धिसंग सहकार्यका लागि श्रोतहरुको विकास गर्दछ, र नागरिक समाजलाई सिआरसि (CRC) संग प्रत्यक्ष पैरवी गर्नका लागि उपयुक्त मन्चहरुको सहजीकरण र सहकार्य बढाउन सहयोग गर्दछ । यसको वेवसाइट हेर्नुहोला !

## चित्र १: सिआरसि (CRC) सँग संलग्न-कार्य सम्बन्ध-सम्पर्क बढाउने मुख्य समय

### सरल प्रतिवेदन कार्यविधी

**नागरिक समाजका प्रतिवेदनहरु**

सिआरसि (CRC) ले प्रतिवेदन अघिको विषयसुची तयारी गर्दा, मार्गदर्शन गर्न नागरिक समाजले लिखित जानकारीहरु पठाउँछन् ।

**चरण १:** प्रतिवेदन तयार गर्नु अघि विषयसुचीलाई मार्गदर्शन गर्नका लागि लिखित प्रतिवेदन पेश गर्ने ।

**सिआरसी (CRC) ले प्रतिवेदन पेश गर्नु अगाडी विषयसुची अंगिकार गर्छ ।**

सिआरसि (CRC) ले साधारणतया नागरिक समाजको प्रतिवेदन र अन्य सामग्रीहरूको समीक्षा गर्न र प्रतिवेदन अघिको विषय अंगिकार गर्न ३ महिना पछि पूर्व-सत्रको आयोजना गर्दछ ।

**चरण २:** राज्यसङ्ग तिनको प्रतिवेदन लेख्ने प्रक्रियामा संलग्न हुने

**राज्यको प्रतिवेदन**

साधारणतया प्रतिवेदन अघिको विषयसुची प्राप्त गरेको १२ महिना पश्चात पक्ष राष्ट्रले आफ्नो प्रतिक्रिया (राष्ट्को प्रतिवेदन) पेश गर्दछ ।

**चरण ३:** राष्ट्को प्रतिवेदनमा थप लिखित सुझाव पेश गर्ने, र पूर्व-सत्रमा सहभागी हुन अनुरोध गर्ने ।

**नागरिक समाजसँग पूर्व-सत्र**

सिआरसि (CRC) ले आमन्त्रित नागरिक समाजका प्रतिनिधिहरूसँग गोप्य बैठक गर्छ ।

**चरण ४:** ४. जेनेभामा आयोजना हुने पूर्व-सत्रका लागि आमन्त्रित भएमा, उपस्थित हुने ।

**राज्यको समीक्षा सत्र**

सिआरसि (CRC) ले राज्य र नागरिक समाजद्वारा उपलब्ध गराइएका सबै जानकारीको आधारमा सीआरसी (CRC) कार्यान्वयनका उपलब्धि र अवरोधहरूमा ध्यान केन्द्रित गर्दै राष्ट्रका प्रतिनिधिहरूसँग जेनेभामा एक बैठक राख्छ ।

**चरण ५ए:** समीक्षा सत्रमा भाग लिने ।

**चरण ५बी:** सिआरसि (CRC) सदस्यहरूसँग पैरवी गर्ने

**निष्कर्ष सुझाव**

राज्यको समीक्षा पश्चात राज्यलाई लक्षित गर्दै समितिले ठोस सिफारिसहरू सहितको निष्कर्ष सुझावहरू राज्यलाई जारी गर्दछ ।

**अनुगमन पैरवी (follow up)**

आगामी समिक्षा हुने समय सम्म, राज्यले यि सिफारिसहरुको कार्यान्वयन गरेको हुनुपर्दछ ।

**चरण ६:** निष्कर्ष सुझावहरू प्रयोग गरेर अनुगमन पैरवीमा संलग्न हुने ।

**समिक्षा अगाडि** — **समिक्षाको दौरान** — **समिक्षा पश्चात**

- प्रतिवेदन अघिका विषयसुचि सम्बन्धी पूर्व-सत्रको ३ महिना अगाडि
- पूर्व-सत्र भन्दा एक महिना अगाडि
- राज्यको समीक्षा सत्र भन्दा ३ देखि ६ महिना अगाडि ।

### परम्परागत प्रतिवेदन कार्यविधी

**राज्य प्रतिवेदन**

राज्यको प्रतिवेदन पेशी

**चरण १:** प्रतिवेदन प्रक्रियामा राज्यसँग संलग्न हुने

**नागरिक समाजको प्रतिवेदन**

राज्यको प्रतिवेदनको थप सहयोगीको रुपमा नागरिक समाजले प्रतिवेदन पेश गर्छन् ।

**चरण २:** प्रतिवेदन पेश गर्ने । पूर्व-सत्र र राज्यको समीक्षामा सहभागी हुन अनुरोध गर्ने ।

**नागरिक समाज सँग पूर्व-सत्रको आयोजना गर्ने ।**

सिआरसि (CRC) ले आमन्त्रित नागरिक समाजसँग गोप्य बैठक बस्छ ।

**चरण ३:** यदि पूर्व-सत्रमा आमन्त्रित भएमा उपस्थित हुनुभएमा ।

**सीआरसीले विषयसुची स्वीकार्ने**

राज्यको प्रतिवेदन, वैकल्पिक प्रतिवेदन र पूर्व-सत्र मार्फत प्राप्त जानकारीको आधारमा सिआरसि (CRC) ले थप जानकारी आवश्यक पर्ने विषयसुची निर्धारित गर्छ ।

**राज्यको लिखित प्रतिक्रिया**

सरकारलाई थप लिखित जानकारी उपलब्ध गराएर सिआरसि (CRC) का विषयसुचीमा प्रतिक्रिया दिन भनिन्छ ।

**चरण ४:** थप लिखित जानकारी पेश गर्ने ।

**राज्यको समीक्षा सत्र**

सिआरसि (CRC) ले राज्य र नागरिक समाजद्वारा उपलब्ध गराइएका सबै जानकारीको आधारमा सीआरसी (CRC) कार्यान्वयनका उपलब्धि र अवरोधहरूमा ध्यान केन्द्रित गर्दै राष्ट्रका प्रतिनिधिहरूसँग जेनेभामा एक बैठक राख्छ ।

**चरण ५ए:** समीक्षा सत्रमा भाग लिने ।

**चरण ५बी:** सिआरसि (CRC) सदस्यहरूसँग पैरवी गर्ने

**निष्कर्ष सुझाव**

राज्यको समीक्षा पश्चात राज्यलाई लक्षित गर्दै समितिले ठोस सिफारिसहरू सहितको निष्कर्ष सुझावहरू राज्यलाई जारी गर्दछ ।

**अनुगमन पैरवी (follow up)**

आगामी समिक्षा हुने समय सम्म, राज्यले यि सिफारिसहरुको कार्यान्वयन गरेको हुनुपर्दछ ।

**चरण ६:** निष्कर्ष सुझावहरू प्रयोग गरेर अनुगमन पैरवीमा संलग्न हुने ।

**समिक्षा अगाडि** — **समिक्षाको दौरान** — **समिक्षा पश्चात**

- प्रतिवेदन अघिका विषयसुचि सम्बन्धी पूर्व-सत्रको ३ महिना अगाडि
- पूर्व-सत्र भन्दा एक महिना अगाडि

**चित्र २: सरल प्रतिवेदन कार्यविधी अन्तर्गत सिआरसि (CRC) को समीक्षा समय तालिकाको एक उदाहरण - जाम्बियाको परीक्षण**[६]

**नोभेम्बर २०१९**

नागरिक समाजले प्रतिवेदन पूर्वको विषयसुचीका लागि लिखित जानकारी पठायो ।

**मार्च २०२०**

सिआरसि (CRC)ले प्रतिवेदन बुझाउनु अगाडी विषयसुचीलाई स्वीकार गर्यो ।

**जुन २०२१**

जाम्बियाले राज्यको प्रतिवेदन पेश गर्यो ।

**अगस्ट २०२१**

नागरिक समाजले राज्यको प्रतिवेदनमा लिखित प्रतिक्रियहरु पठायो ।

**अक्टोबर २०२१**

सिआरसी (CRC)ले नागरिक समाजसँग ९०औं पूर्व-सत्रको आयोजना गर्यो ।

**मे २०२२**

सीआरसी (CRC) ले ९०औं बैठकमा जाम्बिया सरकारका प्रतिनिधिहरूसँग समीक्षा गरेको थियो ।

नागरिक समाजले सीआरसी (CRC) सदस्यहरूलाई निरन्तर सम्पर्क गर्ने र र कार्य सम्बन्ध स्थापित गर्न सक्छन् ।

**जुन २०२२**

सीआरसी (CRC) ले आफ्नो निष्कर्ष सुझाव जारी गर्यो ।

राष्ट्रिय पैरवीका गतिविधिहरूमा नागरिक समाज संलग्न भयो ।

**जनवरी २०२७**

जाम्बियालाई आगामी राज्यको प्रतिवेदन पेश गर्न अनुरोध गर्यो ।

**चित्र ३: परम्परागत प्रतिवेदन कार्यविधी अन्तर्गत सिआरसि (CRC) को समीक्षा समय तालिकाको एक उदाहरण - कम्बोडियाको परीक्षण**

**जुन २०१८**

कम्बोडियाले राज्यको प्रतिवेदन प्रतिवेदन पठायो ।

**जुन २०१९**

नागरिक समाजले विषयसुचीका लागि प्रतिवेदन पठायो्

**अक्टोबर २०१९**

नागरिक समाजहरुसँग ८४औं पूर्व-सत्रको आयोजना गर्यो ।

**अक्टोबर २०१९**

सिआरसि (CRC) ले विषय सुची स्विकार्यो ।

**जुलाई २०२०**

कम्बोडियाले विषय सुचीमा आफ्नो लिखित प्रतिक्रियाहरू पेश गर्यो ।

नागरिक समाजले उक्त विषयसुचीको जवाफमा थप लिखित प्रतिक्रिया पेश गर्न सक्छन् ।

**मे २०२०**

सीआरसी (CRC) ले ९०औं बैठकमा कम्बोडिया सरकारका प्रतिनिधिहरूसँग समीक्षा गरेको थियो ।

नागरिक समाजले सीआरसी (CRC) सदस्यहरूलाई निरन्तर सम्पर्क गर्ने र र कार्य सम्बन्ध स्थापित गर्न सक्छन् ।

**जुन २०२२**

सीआरसी (CRC) ले आफ्नो निष्कर्ष सुझाव जारी गर्यो ।

राष्ट्रिय पैरवीका गतिविधिहरूमा नागरिक समाज संलग्न भयो ।

**जनवरी २०२७**

कम्बोडियालाई आगामी राज्यको प्रतिवेदन पेश गर्न अनुरोध गर्यो ।

६. यस सेभ द चिल्ड्रेन case study मा थप जान्नुहोस्

## समिक्षा अगाडि

### चरण ०.

**(उच्च सिफारिस) प्रत्येक सत्रमा समिक्षा हुने राष्ट्रका समिक्षा सत्रको समयतालिका र अस्थायी एजेण्डा हेर्नुहोला ।**

**कसरी :** तपाईंले राज्यहरुको समिक्षा सत्रको समयतालिका ओएचसिएचआरको वेवसाइट (OHCHR website) मा हेर्न सक्नुहुनेछ ।

**सुझाव ! यदि तपाईंलाई तपाईंको देश कुन प्रतिवेदन कार्यविधी (सरल वा परम्परागत) भित्र पर्छ भन्ने यकिन नभएमा तपाईंले चाइल्ड राइट्स कनेक्टलाई यस इमेल crcreporting@childrightsconnect.org मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

### चरण १.

**(उच्च सिफारिस) प्रतिवेदन/विषय सुची अगाडि सुझावहरु सहितको एक लिखित प्रतिवेदन विषयसुचीका लागि पेश गर्नुहोला ।**

यो राज्यको प्रतिवेदनलाई प्रभाव पार्नका लागि महत्वपूर्ण चरण हो । सिआरसि(CRC)ले आफ्नो प्रतिवेदन पूर्व विषयसुचि/विषयसुचिमा समावेश गरोस् भन्ने उद्देश्यले आफ्ना प्रश्नहरु सहितको प्रतिवेदन सिआरसिलाई ध्बुझाउन सक्नेछन् ।

**प्रतिवेदन एजेण्डामा बाल विवाह पनि परोस् भनेर पैरवी गर्नका लागी यो चरणमा सिआरसी (CRC) लाई सम्पर्क गर्नु एकदम महत्वपूर्ण हुन्छ । प्रतिवेदन पूर्व विषयसुचि/विषयसुचि र सिआरसि (CRC) ले अनुगमन गर्ने विषयमा यो पर्छ कि पर्दैन साथै सिआरसि (CRC)ले राज्यहरुलाई यस विषयमा कदम चाल्नका लागि सिफारिसहरु जारी गर्छ कि गर्दैन, सो सबै तय गर्नका लागि बाल विवाह सम्बन्धी नागरिक समाजको सूचनाले ठूलो प्रभाव पार्न सक्दछ ।**

प्रतिवेदन पूर्वको विषयसुचि उपर हुने पुर्व-सत्रको **३ महिना अगाडि** तपाईंले आफ्नो प्रतिवेदन बुझाउनुहोला ।

**सिआरसि (CRC) लिखित प्रतिवेदन कसरी तयारी गर्ने**

**प्रतिवेदनको ढाँचा :**

पेज नं २९ मा रहेको ढाँचाको नमुना अनुसरण गर्नुहोला ।

नागरिक समाजको लिखित प्रतिवेदन विस्तृत (१०,००० शब्दसम्मको) वा विषयगत (३००० शब्दसम्मको) हुन सक्दछ । बालबालिकाको आफ्नै संस्थाहरुले भने प्रतिवेदनका लागि वैकल्पिक ढाँचा प्रयोग गर्न सक्छन् र त्यसमा शब्द सिमा हुँदैन ।

महासन्धिका धाराहरुलाई (क्लस्टर)का रुपमा समूहगत गरिएका छन् र तिनलाई राज्यहरूको प्रतिवेदन निर्देशिकामा उल्लेख गरिएको छ । सिआरसि (CRC) र राज्यविचको सत्रमा पालना गरिने छलफलको क्रम अनुसार यो राखिएको हुन्छ । तपाईंले पनि आफ्नो प्रतिवेदनमा पनि यही क्रमलाई प्रयोग गर्नु भयो भने सिआरसि (CRC) लाई राष्ट्रको प्रतिवेदनमा भएको सूचना र अन्यसंग तपाईंको लिखित पेशी दाँज्न सजिलो हुनेछ ।[७]

**याद गर्नु पर्ने कुरा !** तपाईंले सबै समूह (क्लस्टर) उल्लेख गर्नुपर्दैन-तपाईंको कानूनी विश्लेषण अनुसार बाल विवाहसंग सान्दर्भिक समूह (क्लस्टर) मात्रै उल्लेख गरे पुग्छ । पेज नं.१३ को तालिकामा दिइएको सान्दर्भिक धाराहरु अनुसार तपाईंको प्रतिवेदन यी निम्न समूह (क्लस्टर) हरुमा केन्द्रित हुन सक्छन्:

- साधारण सिद्धान्तहरु (धारा २, ३, ६, १२)
- नागरिक अधिकार र स्वतन्त्रताहरु (धारा ७, ८)
- बालबालिका विरुद्धको हिंसा (धारा २४(३), २८(२), ३४)
- अपागंता, आधारभूत स्वास्थ्य, र कल्याण (हित) (धारा ६(२), २४)
- शिक्षा, फुर्सदको समय तथा सांस्कृतिक क्रियाकलापहरु (धारा २८)

**के समावेश गर्ने:** तपाईंलाई प्रतिवेदन पूर्व पठाउनु पर्ने विषयसुचिमा समावेश हुनुपर्छ भन्ने लागेका नयाँ समसामयिक प्रवृत्ती र मुख्य मुद्धाहरुलाई पहिचान गर्नुहोस् । तपाईंले अवस्था हेरेर सान्दर्भिक सुचना र तथ्यांकको आधारमा प्रश्नहरु पनि प्रस्ताव गर्न सक्नुहुन्छ ।

७. समूह (क्लस्टर) का बारे थप जानकारीका लागि CRC निर्देशिका (CRC guidelines) हेर्नुहोला ।

**सुझाव ! प्रमाणमा आधारित प्रतिवेदन लेखनका लागि पेज नं. १७ मा भएको श्रोतहरुको टुलबक्स प्रयोग गर्नुहोस् ।**

**तपाईंको प्रतिवेदन कहाँ र कसरी पेश गर्ने :**

- चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को अनलाइन प्लेटफर्म online platform मार्फत तपाईंले प्रतिवेदनलाई विद्युतिय रुपमा बुझाउन सक्नुहुनेछ । प्रतिवेदनको शिर्षक यस तरिकामा राखिनुपर्छ : "[Name of organisation_NGO_Country_PSWG]
- तपाईंको प्रतिवेदन गोप्य हो वा सार्वजनिक स्पष्ट खुलाउनुहोला । सार्वजनिक प्रतिवेदनहरु सिआरसि (CRC) को वेवसाइटमा राखिनेछ ।

**प्रतिवेदन कहिले बुझाउने :**

- सिआरसि (CRC) ले प्रतिवेदन पूर्व पठाउने विषयसुचिलाई अंगिकार गर्नु **३ महिना अगाडि** नागरिक समाजलाई प्रतिवेदन बुझाउन अनुरोध गरिन्छ ।
- सिआरसि (CRC) ले प्रतिवेदन अगाडि पठाउनुपर्ने विषयसुचि अंगिकार गरेको **१ वर्ष पछि** पक्ष राष्ट्रहरुलाई आफ्नो जवाफ पठाउन (पक्ष राष्ट्रको प्रतिवेदनमा) अनुरोध गरिन्छ ।

**नागरिक समाजका प्रतिवेदन र लिखित पेशी बुझाइसक्नुपर्ने मिति - सरल बनाइएको प्रतिवेदन कार्यविधी :**

| प्रतिवेदन पूर्वको विषयसुचि अंगिकार गर्नका लागि नागरिक समाजको वैकल्पिक प्रतिवेदन | पूर्व-सत्रका लागि थप प्रतिवेदन |
|---|---|
| **१ डिसेम्बर**<br>फेब्रुअरी पूर्व-सत्र | **१ डिसेम्बर**<br>फेब्रुअरी पूर्व-सत्र |
| **१ अप्रिल**<br>जुन पूर्व-सत्र | **१ अप्रिल**<br>जुन पूर्व-सत्र |
| **१ अगस्ट**<br>अक्टोबर पूर्व-सत्र | **१ अगस्ट**<br>अक्टोबर पूर्व-सत्र |

**लिखित पेशी बुझाइसक्नुपर्ने मिति - परम्परागत प्रतिवेदन कार्यविधी :**

| पूर्व-सत्रका लागि नागरिक समाजको वैकल्पिक प्रतिवेदन | पूर्व-सत्रको कार्यगत समुह र सत्रको विचको अवधिका थप पेशीहरु |
|---|---|
| **१ नोभेम्बर**<br>फेब्रुअरी पूर्व-सत्र | **१५ डिसेम्बर**<br>जनवरी सत्र |
| **१ मार्च**<br>जुन पूर्व-सत्र | **१५ अप्रिल**<br>मे सत्र |
| **१ जुलाई**<br>अक्टोबर पूर्व-सत्र | **१५ अगस्ट**<br>सेटेम्बर सत्र |

**सुझाव ! नागरिक समाजका अन्य सदस्यहरूसँग संयुक्त प्रतिवेदन तयार गर्न सहकार्य गर्नुहोस् ।**

साझेदारिता र गठबन्धन निर्माण गर्नाले प्रतिवेदनको विश्वसनियता वृद्धि हुनुका साथै यसले उठाएका विषयवस्तुहरु लाई सिआरसि (CRC) ले आफ्नो प्रतिवेदन पूर्वको विषयसुची र निष्कर्ष सुझावहरुमा पनि समावेश गर्ने संभावना बढ्छ ।

तपाईंको देशको *गर्ल्स नट ब्राइड्स* का सदस्य संस्थाहरु (member organisations), समुदायहरु, र बालिकाहरुसंग सहकार्य, सम्पर्क बढाउने गर्नुहोस् र बाल अधिकारको क्षेत्रमा काम गरिरहेका यूएन (UN) निकायहरु र अन्य संस्थाहरुसंग सम्पर्क स्थापित गर्नुहोस् । गठबन्धन निर्माण, ज्ञान र सुचना आदानप्रदान गर्ने, प्रभावकारी माध्यम हुन सक्दछ - विशेष गरी, तपाईंको संस्थाको सिआरसि (CRC) संग पैरवी गर्ने विज्ञता, तथ्यांक वा श्रोत नहुँदा यो झनै लाभदायी हुन्छ ।

तपाईंको संस्थाको श्रोत र काम गर्ने तरिका हेरेर तपाईंले अन्य संस्थासंग प्रतिवेदन लेखनमा निम्न तरिकाले सहकार्य गर्न सक्नु हुनेछ :

**१. तयारी : विभिन्न नागरिक समाजलाई सूचनाको आदानप्रदान र आपसी विश्वासको वातावरण बनाउनका लागि ज्ञान-आदानप्रदान गर्ने आधार स्थापना गर्ने ।**

**२. परामर्श सञ्चालन गर्ने : विशेष गरी बाल विवाहबाट प्रभावित समुदाय र बालिकाहरुसंग छलफल र जनचेतना अभियानहरु मार्फत सम्बन्ध-सम्पर्क बढाउने गर्नुहोस् । यस्ता भेटघाटहरुले प्रतिवेदनमा विशेष जोड दिएर प्रकाश पार्नुपर्ने समसामयिक प्रवृत्ति र गम्भिर मुद्धाहरु पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्छन्।**

**३. मुद्धाहरुको प्राथमिकिकरण : नागरिक समाजका अन्य सदस्यहरू, सरकारी श्रोत, स्वतन्त्र राष्ट्रिय निकाय, र मानवअधिकारका क्षेत्रमा काम गर्ने संघसंस्थाको तथ्यांक र अनुसन्धान लगायत छलफल/परामर्शबाट निकालिएको मूलभूत विषयहरूलाई विश्लेषण गर्नुहोस् । यस्तो विश्लेषणले बाल विवाहको प्रचलन, कारण, प्रभाव र समाधानहरु सहित प्राथमिक मुद्धाहरुको पहिचान गर्नुपर्दछ ।**

**४. मस्यौदा तयारी र प्रमाणीकरण : प्रतिवेदन लेखन बाल विवाह सम्बोधन लगायतका बाल अधिकार रक्षाका लागि काम गरिरहेका संघसंस्थाहरुको संयुक्त प्रयास हुनुपर्दछ । बाल विवाहबाट प्रत्यक्ष प्रभावित बालिका, बालक र किशोर-किशोरीहरुलाई यसमा प्रत्यक्ष सहभागी गराउनुपर्दछ साथै युवा नेतृत्वका संस्थाहरुलाई पनि समेट्नु पर्दछ ।**

तपाईंले थोरैमा एक महिना सम्म नियमित बैठक राखेर मस्यौदा लेखनको प्रक्रियाको सामूहिक सहजीकरण गर्न सक्नुहुन्छ । प्रतिवेदन लेखीसके पश्चात, लेखन प्रक्रियामा सहभागी भएका सबैले सामूहिक खोज र सिफारिसहरु सहित तपाईंले बाल विवाहको विषयमा गर्नुभएको कामलाई प्रतिवेदनले सही तवरमा प्रस्तुत गरे-नगरेको सुनिश्चित गर्नुपर्दछ ।

## सिआरसि (CRC) प्रतिवेदन निर्माणमा बालबालिकालाई कसरी सहभागी गराउने

१८ वर्ष मुनिका बालबालिका र किशोरकिशोरीहरु - विशेष गरी बाल विवाहबाट प्रभावित बालिकाहरु - संग उनीहरुको अधिकारका बारे विशेष छुट्टै धारणा हुन्छ जसलाई उनीहरुले विभिन्न माध्यमबाट व्यक्त गर्न सक्छन् । उनीहरुलाई चलचित्र, अध्ययन वा कला लगायत आफ्ना वैकल्पिक प्रतिवेदन वा सिर्जनशिल अभिव्यक्तिहरू पेश गर्न प्रोत्साहित गर्नुपर्दछ । यदि, उनीहरु स्वयंले प्रत्यक्ष रूपमा पेश गर्न संभव छैन भने, उनीहरुले वयस्कहरुले तयार पारेको प्रतिवेदनमा आफ्नो देन दिन सक्दछन् । उनीहरुको यस्तो सहभागिता सिआरसि (CRC) ले तय गरेको बालबालिकाको सहभागिताको सिद्धान्त अनुसार हुनुपर्नेछ ।

बालबालिकालाई सिआरसि (CRC) प्रतिवेदन प्रक्रियामा कसरी सहभागी बनाउने भनेर चाइल्ड राइट्स कनेक्ट (CRC) को यो निर्देशन (guide) हेर्नुहोला ।

**महत्वपूर्ण !** यदि तपाईंले यी प्रक्रियाहरुमा बालबालिका र किशोरकिशोरीहरु समावेश गर्ने सोचमा हुनुहुन्छ भने तपाईंसंग उनीहरुको सुरक्षा सुनिश्चित गर्ने उचित सुरक्षा कार्यविधी भएको हुनु पर्दछ । यस्तो संलग्नतासँग जोडिएको जोखिमहरुको, विशेष गरी मानवअधिकार रक्षकहरुले विरोध खेप्नुपर्ने देशहरुमा, मुल्यांकन गर्नुपर्दछ ।

यदि तपाईं बाल विवाहबाट असर परेका बालिका र युवाहरुलाई सहभागी गराउन चाहनु हुन्छ भने तपाईंले *गर्ल्स नट ब्राइड्स*को सुरक्षाको मापदण्ड (safeguarding standards) लाई निर्देशनका रुपमा प्रयोग गर्न सक्नु हुन्छ ।

### घटना अध्ययन : पाराग्वेमा सिआरसि (CRC) पैरवीका लागि युवाहरुको आवाजलाई बढोत्तर गर्दै

सिडिआइए (CDIA) - पराग्वेमा रहेको *गर्ल्स नट ब्राइड्स*को एक सदस्य - ले सन् २०२३ मा सिआरसि (CRC)का लागि बालबालिकाको प्रतिवेदनको तयारी गर्न रुपान्तरणकारी यात्रा शुरु गऱ्यो । यो प्रतिवेदन पाराग्वेमा बालअधिकारका सबैभन्दा मुख्य मुद्धाहरुमा बालबालिका र किशोरकिशोरीहरुको आवाज, अनुभव र बुझाईबाट निर्देशित थियो ।

यस परियोजनाका एक जना प्रमुख अगुवाको शब्दमा :

> "यो सहकार्यको प्रक्रियाले शुरुवातदेखि अन्त्यसम्म बाल अधिकारको पैरवीको साँचो मर्मलाई उदाहरणीय बनाएको छ - यसमा बालबालिका र किशोरकिशोरीहरुलाई सुनिने मात्रै नभएर उनीहरू नीतिनिर्माण प्रक्रियामा सक्रिय सहभागी पनि भएका छन् ।"

## चरण २. राज्यको प्रतिवेदन प्रक्रियामा संलग्नता-सम्पर्क बढाउनुहोस् । (सिफारिस गरिएको)

प्रतिवेदन चक्रमा अर्थपूर्ण र दिगो सहभागिताको आधार बनाउनका लागि नागरिक समाजका लागि यो रणनीतिक अवसर हो ।

### कसरी : राष्ट्रको प्रतिवेदन प्रक्रियासंग जोडिन [८]

**१. सरकारी प्रतिनिधीहरुसंग कार्य सम्बन्ध बनाउनुहोस :**

- सरकारको राष्ट्रिय प्रतिवेदनमा भइरहेको कार्य प्रगति बारे जानकारी लिन सरकारी, विशेष गरी परराष्ट्र मन्त्रालयका प्रतिनिधीहरुलाई सम्पर्क गर्नुहोस् ।
- वहाँहरुलाई प्रतिवेदन बुझाउने अन्तिम मिती संस्मरण गराउँदै राज्यको प्रतिवेदनमा बाल विवाहलाई समावेश गराउन पैरवी गर्नुहोस् ।
- राज्यको प्रतिवेदनको पूरकको रुपमा बालिका तथा किशोरकिशोरीहरु, समुदायका अगुवाहरु र बाल विवाहको क्षेत्रका विशेषज्ञहरुसंग राष्ट्रिय परामर्श गर्नका लागि सुझाव दिनुहोस् ।

**२. ंचार माध्यमको रणनीति बनाइ राष्ट्रिय संवादलाई प्रवर्द्धन गर्नुहोस् :**

राज्यले प्रतिवेदन बुझाइ सकेपछी उक्त प्रतिवेदनलाई बाल विवाहको विषयमा राष्ट्रिय संवाद शुरु गर्ने उत्प्रेरकको रुपमा प्रयोग गर्दै प्रतिवेदनको प्रचारप्रसार गर्नुहोस् ।

**४. बालिका र किशोरकिशोरीहरुको सहभागिताका लागि पैरवी गर्नुहोस् :**

- बालिकाहरु, विशेष गरी बाल विवाहबाट प्रभावितहरुलाई प्रतिवेदन प्रक्रियामा कसरी संलग्न गराउने बारे सल्लाह दिनुहोस् ।
- बालिकाहरुले आफ्नो अनुभव र सुझावहरु राख्न सक्ने कार्यशालाहरु वा मन्चहरुको सहजीकरण गर्नुहोस् ।

**महत्वपुर्ण !** यी सबै तपाईले सुरक्षित रहेर गर्नुपर्नेछ भन्ने नबिर्सनुहोस् - पेज नं.२३ मा भएको निर्देशन हेर्नुहोला ।

## चरण ३. राज्यको प्रतिवेदनका लागी थप लिखित सुझावहरु पेश गर्नुहोस् । (उच्च सिफारिस)

सिआरसि (CRC) ले राज्यको प्रतिवेदन प्राप्त गरिसके पश्चात नागरिक समाजले राज्यको समिक्षा सत्रका लागि आफ्नै प्रतिवेदन वा टिप्पणी, प्रश्न वा प्रस्तावित सुझावहरु बुझाउन सक्दछन् ।

**याद गर्नुहोला !** यदि पहिले नगरेको भए पनि नागरिक समाजले यो प्रक्रियाको कुनै पनि चरणमा भाग लिन सक्नेछन् ।

नागरिक समाजको पूर्व-सत्रको **एक महिना अगाडि** तपाईंको थप प्रतिवेदन बुझाउनुहोला ।

---

८. राष्ट्रिय प्रतिवेदनबारे थप जानकारीका लागि यो वेवसाइट हेर्नुहोला https://crcreporting.childrightsconnect.org/srp-state-report/

## कसरी : थप लिखित प्रतिवेदन तयार गर्ने

यी थप प्रतिवेदनहरु विस्तृत (१०,००० शब्दसम्मको) वा विषयगत (३,००० शब्दसम्मको) हुन सक्दछ । बालबालिकाको आफ्नै संस्थाहरुले भने प्रतिवेदनका लागि विभिन्न) वैकल्पिक ढाँचा प्रयोग गर्न सक्छन् र त्यसमा शब्द सिमा हुँदैन ।[९]

यी थप प्रतिवेदनहरुलाई पनि चरण १ (पेज नं.२१ मा हेर्नुहोला) मा दिइएको नागरिक समाजले बुझाउने प्रतिवेदनको खाका अनुरूप नै तयार गरिन्छ। यि प्रतिवेदनहरू नागरिक समाजले समिक्षाका दौरान सिआरसि (CRC) ले राज्यलाई दिइनुपर्ने प्रश्न राखोस् भन्ने सुझावहरुमा केन्द्रित हुन्छ ।

**के समावेश गर्ने :**
सरल बनाइएको प्रतिवेदन कार्यविधीका लागि तपाईंको संस्थाले आफुले पेश गरेको पहिलो प्रतिवेदन अगाडि बुझाउनु पर्ने विषयसुचीलाई अद्यावधिक गर्दै दोस्रो पेशी तयार पार्नु पर्नेछ । यसमा निम्न विस्तृत सुचनाहरु हुनुपर्छ :

- शिर्षकहरु
- विषयसँग सम्बन्धीत कुनै पनि घटेका नयाँ घटना जानकारी वा सूचनाहरू
- राष्ट्रिय प्रतिवेदनमाथि टिप्पणी
- नीतिगत, कानुनी तथा/वा बजेटसंग सम्बन्धित कमीकमजोरीहरु
- सिआरसि (CRC) को निष्कर्श सुझावहरुका लागि प्रस्तावित सुझावहरु

यसो गर्नाले सिआरसि (CRC) ले बाल विवाह र यो संग सम्बन्धित नितीगत क्षेत्रमा सान्दर्भिक, वास्तविक र समयसापेक्ष सूचना प्राप्त गर्ने कुरा सुनिश्चित हुन्छ ।

**तपाईंको लिखित सुझावहरु कहिले पेश गर्ने :** सिआरसि (CRC)को नागरिक समाजको पूर्व-सत्र को एक महिना अगाडि ।

**सहभागिताका लागि अनुरोध :**
यदि तपाईं जेनेभामा हुने पूर्व-सत्रमा प्रत्यक्ष रुपमा सहभागी हुन चाहनु हुन्छ भने तपाईंले आफ्नो प्रतिवेदन बुझाउने बेलामा चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को अनलाइन मञ्च (online platform) मार्फत सिआरसि (CRC) को सचिवालयलाई अनुरोध पठाउन सक्नुहुनेछ ।

## चरण ४. जेनेभामा हुने पूर्व-सत्रमा सहभागी हुनुहोस् । (निमन्त्रणा आएको स्थितिमा गरिनुपर्ने विषय सम्बन्धी सुझाव)

प्राय सिआरसि (CRC) ले प्रत्येक देशबाट सिमित संख्यामा, प्राय १२ जना, नागरिक समाजका प्रतिनिधीहरुलाई पूर्व-सत्रमा आमन्त्रित गर्ने गर्दछ ।

यसरी आमन्त्रित नागरिकले सिआरसि (CRC) संग सिधै सूचना दिने र आफ्ना सरोकारहरू व्यक्त गर्न सक्दछन् ।

पूर्व-सत्रमा सहभागिता निमन्त्रणाबाट मात्रै हुन्छ किनभने यो सिआरसि (CRC) सदस्यहरु र नागरिक समाज बीचको एउटा बन्द बैठक हो । यस सत्रमा राष्ट्रहरु सहभागी हुँदैनन् जसले गर्दा सहभागीहरुको स्वतन्त्रता र सुरक्षा दुवै सुनिश्चित हुन्छ ।

तपाईंले पूर्व-सत्रको एक महिना अगावै आफ्नो प्रतिवेदन बुझाउँदा सहभागिताको अनुरोध गरिसकेको हुनुपर्दछ ।

पक्ष राष्ट्रको समिक्षा सत्र हुनुभन्दा तिन महिना अगाडी पूर्व सत्र हुने गर्दछ ।

## जेनेभामा हुने पूर्व-सत्रमा कसरी सहभागी हुने

चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) ले पुर्व-सत्रमा भाग लिनका लागि छानिएका नागरिक समाजलाई दर्ता तथा अन्य आवश्यक कुराहरु, आदि सहित सम्पुर्ण प्रक्रियामा सहयोग गर्नेछ[१०]

९. ओएचसिएचआर । नागरिक समाज, गैसस र राष्ट्रिय मानवअधिकार संस्थाहरुका लागि सूचना Information for civil society, NGOs and NHRIs.

१०. थप जानकारीका लागि चाइल्ड राइट्स कनेक्ट, २०२० हेर्नुहोला, Handbook for adults participating in the pre-session of the UN Committee on the Rights of the Child.

## घटना अध्ययन : जेनेभाको एक पूर्व-सत्रमा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

बालबालिकाको प्रतिवेदन बुझाइसकेपछि (पेज नं.२४ मा दिइएको घटना अध्ययन हेर्नुहोला), सिडिआइए (CDIA) ले उक्त समुहलाई जेनेभामा हुने सिआरसि (CRC) को पूर्व-सत्रमा उनीहरुको प्रतिनिधित्व गर्नका लागि ३ जना बालिकाहरु छान्न सहयोग गऱ्यो । सहभागी भएका अन्य बालबालिका र किशोरकिशोरीहरुसंग मिलेर नै यो निर्णय लिइएको थियो । यस प्रक्रियामा सबैको विचार सुनुवाई भएको सुनिश्चित गरिएको थियो साथै सबैको सुरक्षालाई पहिलो प्राथमिकतामा राखिएको थियो ।

सिआरसि (CRC) सदस्यहरुसंग भेट अघि ति बालिकाहरुलाई उनीहरूको आत्मविश्वास बढाउन र आगामी दिनमा आउने कामहरुका लागि तयार छन् भन्ने सुनिश्चित गर्नका लागि बलियो तयारी गरिएको थियो । उनीहरुको सुरक्षा र पहिचानलाई जोगाउनका लागि आवश्यक सुरक्षाको प्रावधान पनि बनाइएको थियो ।

उनीहरुको सहभागिताले पराग्वेको सूचनाको अवस्थिती भित्र रहेको असंगतिलाई उजागर गरिदिएको थियो, र यस्ता महत्वपूर्ण छलफलहरुमा बालबालिका र किशोरकिशोरीहरुले खेल्ने निर्णायक भूमिकालाई पनि प्रकाश पारेको थियो । यसले बालबालिकाको जिवनलाई प्रभावित पार्ने नीतिहरूको निर्माणमा उनीहरूकै सक्रिय र अर्थपूर्ण सहभागिताले राख्ने महत्वलाई शक्तिशाली रूपमा स्मरण गराएको थियो ।

## समिक्षाको दौरान

### चरण ५क. पक्ष राष्ट्रको समिक्षा सत्रमा सहभागी हुनुहोला । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

प्रत्यक्ष बोल्न पाउने भूमिका राष्ट्रिय प्रतिनिधीहरु र सिआरसि (CRC) लाई मात्रै छुटयाइएको भएता पनि दर्शकको रुपमा मात्रै समिक्षा सत्रमा सहभागी हुँदा पनि महत्वपूर्ण पैरवीको अवसरहरु प्राप्त हुन्छन् । नागरिक समाजले सरकारले बाल विवाहको अन्त्य लगायतको बाल अधिकार सम्बन्धि आफ्नो दायित्वहरु पुरा गरे-नगरेको अनुगमन गर्न सक्छन् ।

सुझाव ! **यदि तपाईं जेनेभामा हुने समिक्षा सत्रमा भाग लिन सक्नुहुन्न** भने अनलाइन बाट नै सहभागी हुने विभिन्न तरिकाहरु छन् :

१. **UN** को आधिकारिक वेवकास्ट र चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को सामाजिक संजालहरु बाट समिक्षा सत्रलाई अनलाइन हेर्न सक्नुहुनेछ ।
२. सत्रको प्रत्यक्ष प्रसारण हेर्नका लागि बालिकाहरु र नागरिक समाजसंग **बैठकहरु आयोजना गर्नुहोस्**
३. सत्रमा भाग लिइरहेका **तपाईंका सहकर्मी वा चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) लाई** crcreporting@childrightsconnect.org मा प्रत्यक्ष टिप्पणी वा प्रश्न पठाउनुहोस् ।
४. पत्रकारहरूलाई सामुहिक वा व्यक्तिगत अन्तर्वार्ता दिँदै, सामाजिक सञ्जाल मार्फत प्रत्यक्ष रूपमा टिप्पणीहरू गर्दै र प्रेस विज्ञप्तीहरू लेखेर आफ्नो विचारलाई सार्वजनिक गर्नुहोस् ।

**५ सत्रपश्चात त्यसको रेकर्डिङ र सारांशहरु हेर्नुहोस् :**

- सबै देशका सत्रहरु रेकर्ड गरिन्छ र सत्र संख्या अनुसार युएन वेवकास्ट (UN Webcast) मा राखिन्छ ।
- प्रत्येक राष्ट्रको समिक्षाको सत्र पश्चात एउटा सारांश ट्रान्सक्रिप्ट वा सारांश अभिलेख (summary record) सिआरसि (CRC) को सत्र पेज (session page) मा पनि राखिएको हुन्छ ।
- चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) ले उनीहरुको आफ्नै सारांश राष्ट्रिय प्रतिवेदनहरु पनि तयार पार्छन् जुन देशको सारांश प्रतिवेदन (summary country reports) मा हेर्न सकिन्छ ।

### चरण ५ख. जेनेभामा सिआरसि (CRC) सदस्यहरुसंग प्रत्यक्ष पैरवी गर्नुहोस्[११] (जेनेभा जानुभएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

**सिआरसि (CRC) सदस्यहरुसंग कसरी प्रत्यक्ष सम्पर्क गर्ने**

१. चल्दै गरेको छलफलमा पनि प्रभाव पार्नको लागि, **समिक्षा सत्रको बिचबिचमा हुने विश्रामको समयमा** सिआरसि (CRC) सदस्यहरुलाई तपाईंको राष्ट्रको बाल विवाह सम्बन्धि कार्यहरू सम्बन्धि तपाईंका सरोकारहरूको जानकारी दिनु होस् ।
२. तपाईंको सरोकारहरू व्यक्त गर्न र राष्ट्रहरुसंगको छलफलमा ठोस मुद्धा र प्रश्नहरु समावेश गर्न जोड दिन सिआरसि (CRC) सदस्यहरुसंग **खाजा/खानाको समयमा अनौपचारिक जानकारी (ब्रिफिङ) दिने** व्यवस्थापन गर्नुहोला ।

सुझाव ! **बाल अधिकार सम्बन्धी महासन्धिको सचिवालयलाई निम्न इमेल ठेगानामा सम्पर्क गर्नुहोला :** ohchr-crc@un.org

११. चाइल्ड राइट्स कनेक्ट, Handbook for adults monitoring and engaging in a country session of the UN Committee on the Rights of the Child, २०२०, पेज ७-८ ।

## समिक्षा पश्चात

**चरण ६** | **सिआरसि (CRC) को निष्कर्ष सुझावहरु प्रयोग गर्दै अनुगमन पैरवीमा संलग्न हुनुहोस् ।** (उच्च सिफारिस)

सरकार र स्थानिय निकायहरुसंग तपाईंले अब गर्नुहुने राष्ट्रिय स्तरको पैरवीमा सिआरसि (CRC) को निष्कर्ष सुझावहरुको शक्तिलाई पनि प्रयोग गर्न सक्नु हुनेछ ।

### सिआरसि (CRC) को सुझावहरुलाई राष्ट्रिय पैरवीमा कसरी प्रयोग गर्ने

१. सम्बन्धित सरकारी विभागहरु, मानवअधिकार सम्बन्धि संस्थाहरु, लोकपाल (Ombudsperson) र अन्य निकायहरुसंग पक्ष राष्ट्रले सिआरसि (CRC) अन्तर्गत आफ्नो दायित्व र सिफारिसहरु पुरा गरे नगरेको मुल्याकंन गर्नका लागि **परामर्श बैठकहरु आयोजना गर्नुहोस् ।**

२. **निष्कर्ष सुझाव (Concluding Observations) को प्रचार प्रसार गर्नुहोस् :** तपाईंको संस्थाको पैरवी रणनीति र कायर्क्रम संचालनको परिप्रेक्ष्य अनुसार तपाईंले यी निम्न कुराहरु गर्न सक्नुहुन्छ :

- निश्कर्ष सुझावहरुको सरल संस्करण बनाएर बाँड्नुहोला । यसमा बाल विवाहसम्बन्धी सिआरसि (CRC) को सुझावहरु साथै शिक्षा र स्वास्थ्य जस्ता अन्य सान्दर्भिक मुद्धाहरुमा बढी जोड दिनुहोला
- यसलाई **स्थानिय भाषाहरुमा अनुवाद** गर्दै धेरै भन्दा धेरै प्रचारप्रसार गर्नु होला । बाल विवाह एकदमै धेरै हुने स्थानहरुमा विशेष जोडका साथ प्रसार गर्नुहोस् ।
- धेरै भन्दा धेरै जन चेतना निर्माणका लागि र ठोस कदमहरुका लागि दबाब सिर्जना गर्नका लागि एउटा **पत्रकार सम्मेलन आयोजना गर्ने बारे सोच्नुहोस् ।**

**३. सरकारी निकायहरुसंग सहकार्य गर्दै निष्कर्ष सुझावहरुको कार्यान्वयनका लागि पैरवी गर्नुहोस् ।**

- सुझावहरुको कार्यान्वयनको बहसमा सांसदहरुलाई सहभागी गराउनु होस् ।
- बाल विवाह अन्त्य र विवाह वा सहवास (union)मा बसिरहेका वा बसेका बालिकाहरुको सहयोग आदि विषयमा भएका प्रगति सम्बन्धी वार्षिक प्रतिवेदनहरु निकाल्नु होस् ।
- संभव भएसम्म परिस्थितीले अर्थपुर्ण र सुरक्षित सहभागिता हुन दिन्छ भने अनुगमन र पैरवी प्रक्रियामा **प्रभावित बालबालिका र किशोरकिशोरी** विशेष गरि बालिकाहरुलाई **संलग्न गराउनुहोस्** ।

**४. सिआरसि (CRC) लाई निश्कर्ष सुझावहरुको बारेमा पृष्ठपोषण :**

- बाल विवाह र शिक्षा स्वास्थ्य लगायतका सम्बन्धित बाल अधिकारलाई सम्बोधन गर्ने खण्डहरुमा ध्यान केन्द्रित गर्नुहोस्। सिआरसि (CRC) को सुझावहरु र टिप्पणीहरुको सान्दर्भिकता र सटिकतालाई प्रकाश पार्नुहोस् ।

- निश्कर्ष सुझावहरुका बारेमा लिखित (विस्तृत) पृष्ठपोषण चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को इमेलमा पठाउनु होस् । विषयको शिर्षक (subject title) यस ढाँचामा लेख्नुहोला : "Feedback on Concluding Observations – [name of the state concerned] – [number of the session concerned]"

**सुझाव ! पेज नं. १७ मा दिइएको श्रोतहरुको टुलबक्सले तपाईंको प्रमाणमा आधारित तपाईंको राष्ट्रिय पैरवीलाई सहायता गर्नेछ ।**

## घटना अध्ययन : सिआरसि (CRC) प्रतिवेदन प्रक्रियासंग समुहका रुपमा कार्य-सम्बन्ध-सम्पर्क स्थापित गर्नुको फाइदा, बालिका दुलही हैनन् नेपाल

सन् २०२३ बालिका दुलही हैनन्-बाल विवाह अन्त्यका लागि राष्ट्रिय साझेदारिता नेपालले बाल विवाह पनि राष्ट्रिय प्रतिवेदनमा समावेश होस् भनेर सुनिश्चित गर्न सिआरसि (CRC) प्रतिवेदन प्रक्रियासंग कार्य सम्बन्ध सम्पर्क स्थापित गऱ्यो । बालिका दुलही हैनन्ले निम्न उल्लिखित पक्षहरूका साथै समुहको रुपमा प्रतिवेदन दिनुको महत्व बुझे:

- बाल विवाह सम्बन्धि प्राविधिक विशेषज्ञका रुपमा बालिका दुलही हैनन् नेपालको पहिचानमा बृद्धि भयो जसले गर्दा बाल विवाहको सम्बोधन र बाल अधिकारलाई सहयोग गर्न दत्तचित्त मुख्य सरोकारवालाहरु माझ उपस्थितिलाई बढायो
- विभिन्न तहहरुमा गरिएको नयाँ साझेदारी र गठबन्धन निर्माणले गर्दा बाल विवाह अन्त्यका प्रयासहरु थप बलियो हुने
- राष्ट्रिय तथा स्थानिय निकायहरुसंग बाल विवाह अन्त्यको पहलकदमीलाई थप सुढृड बनाउन प्रत्यक्ष पैरवीको थप अवसरहरु भयो
- सिआरसि (CRC) प्रतिवेदनसंग सम्पर्क स्थापना केन्द्रित क्षमता अभिवृद्धिका कारण आफ्नो काममा सिआरसि (CRC) को सान्दर्भिकताको अझ गहिरो बुझाई हासिल भयो
- सरकारी प्रतिनिधीहरुसंगको पैरवी गर्नका लागि नयाँ माध्यमहरुको निर्माणले प्रतिवेदनको परिणामहरुको प्रचारप्रसारका साथै बाल विवाह अन्त्यका लागि बृहत संयुक्त प्रयासहरु विस्तार भयो

## घटना अध्ययन : सम्पूर्ण सिआरसि (CRC) प्रतिवेदन चक्रलाई राष्ट्रिय पैरवी रणनीतिहरुलाई बढावा दिनका लागि प्रयोग गर्ने तरिकाहरु, सिडिआए (CDIA), पराग्वे

सन् २०२० विश्व आवधिक समिक्षाको आफ्नो अनुभव प्रयोग गर्दै सन् २०२३ मा सिडिआए (CDIA) ले सिआरसि (CRC) प्रतिवेदन प्रक्रियासंग कार्य सम्बन्ध स्थापित गऱ्यो । उनीहरुले ३ फरक-फरक वैकल्पिक प्रतिवेदनहरु पेश गरे :

१. बाल अधिकार उल्लघंनका घटनाहरुको एक विस्तृत प्रतिवेदन (Comprehensive report on children's rights violations)
२. बालबालिका र किशोरकिशोरीहरुको यौनिक र प्रजनन अधिकार सम्बन्धि विषयगत प्रतिवेदन[१२]
३. बालबालिका र किशोरकिशोरीहरु आफैले तयार पारेको प्रतिवेदन[१३]

आफ्नो यात्राको बारेमा समिक्षा गर्दै सिडिआए (CDIA) ले यस्तै प्रक्रियाहरुमा भाग लिन चाहने नागरिक समाजले केही मुख्य आवश्यकतामा प्रमुख जोड दिएका छन् :

- समय तालिका, पालना गर्नु पर्ने चरणहरु र उपलब्ध कोषका बारेमा स्पष्ट निर्देशन ।
- प्रतिवेदन पेश सम्बन्धि सूचनाहरुका बारेमा जानकारी बनाइराख्न र अन्य सम्बन्धित संस्थाहरुसंग जोडिनका लागि रणनीतिहरु । उनीहरुले आर्थिक सहयोगका साथसाथै पहुँचमा भएका सूचना, र नियमित रूपमा अपडेट गरिएका निर्देशिकालाई अत्यावश्यक आवश्यकताको रूपमा पहिचान गरे ।
- यो प्रक्रियाको, विशेष गरेर बालबालिका र किशोरकिशोरीहरुसंगको सम्पर्क स्थापनाका लागि, नेतृत्व गर्नका लागि एक अनुभवी टोली (चाइल्ड राइट्स कनेक्ट)
- राष्ट्रको आधिकारिक भाष्यलाई चुनौती दिनका लागि वैकल्पिक तथ्यांकहरु मगाउने

### सुझाव ! सिआरसि (CRC) का लागि लेखिएको नागरिक समाजका प्रभावशाली प्रतिवेदनहरुबाट सिक्नुहोस् । .

- **बेलायत** । प्रतिवेदन अघि पेश गर्नुपर्ने विषयसुचीका बारेमा विस्तृत प्रतिवेदन, (England civil society submission to the United Nations Committee on the Rights of the Child to inform its List of Issues Prior to Reporting (LOIPR), December 2020, Pre-session no. 88).
- **बेलायत** । (UK implementation of the UN Convention on the Rights of the Child. Civil society alternative report), सत्रका लागि विस्तृत प्रतिवेदन, सत्र संख्या ९३
- **बोलिभिया** । बालबालिकाले अगुवाई गरेको प्रतिवेदन । (Alternative report on the rights of the child by Defence for Children International), डिसेम्बर २०२०, पूर्व-सत्र संख्या ८८

१२. सुरक्षाको जोखिमका कारण सार्वजनिक नगरिएको ।
१३. सुरक्षाको जोखिमका कारण सार्वजनिक नगरिएको ।

## सिआरसि (CRC) का लागि लिखित प्रतिवेदनको संरचना र लेखन कसरी गर्ने

यहाँ तल नागरिक समाजका लागि सिआरसि (CRC) को लिखित प्रतिवेदनको ढाँचा संरचना दिइएको छ साथै प्रत्येक खण्डमा के सामग्री समावेश गर्ने भनेर उल्लेख गरिएको छ ।

**सुझाव ! तपाईंले पेज नं.१७ मा दिइएको टुलबक्सका श्रोतहरु प्रयोग गर्दै एक प्रमाणमा आधारित प्रतिवेदन लेख्न सक्नु हुनेछ ।**

### १. यी निम्न कुराहरु सहितको शिर्षक पेज :

- प्रतिवेदनको शिर्षक, जसमा तपाईंले कुन राष्ट्रका बारेमा प्रतिवेदन दिँदै हुनुहुन्छ, यस प्रतिवेदन कुन सन्धि र कुन समय अवधिका लागि हो भनेर खुलाउनुपर्छ । जस्तो उदाहरणका लागि [Number of pre-session or session] का लागि [Country name] को बारेमा सिआरसि (CRC)मा पेश गरिएको नागरिक समाजको प्रतिवेदन [Civil society written submission to the CRC on [Country name] for the [Number of pre-session or session].

- प्रतिवेदन पेश गर्ने संस्था(हरु) ।
- पेश गरेको मिती ।
- सम्पर्क ठेगाना ।
- यदि एउटा भन्दा बढी भाषामा प्रतिवेदन उपलब्ध वा त्यसको विस्तृत लामो प्रतिवेदन भएमा अन्य/मूल प्रतिवेदनको शिर्षक
- प्रतिवेदन गोप्य हो वा हैन ।

### २. विषयसुची

### ३. यी निम्न कुराहरु सहित **कार्यकारी सारांश :**

- तपाईंको विश्लेषणको मुख्य परिणामहरुको वर्णन
- मुख्य विकासक्रम र चुनौतीहरुको छोटकरी वर्णन

### ४. यी निम्न सहित **परिचय:**

- पृष्ठभुमि जसमा,
  - प्रतिवेदन तयार पार्ने संस्था(हरु)/समूहको नाम
  - समिक्षा हुँदै गरेको राष्ट्रको बाल विवाहको अवस्थाका बारेमा सामान्य जानकारी
  - विश्लेषण गरिएको समय अवधी
- पद्धति (छोटकरी विवरण) । केही पद्धतिहरु यी हुन सक्छन् :
  - राष्ट्रिय कानूनी संरचनाहरुको समिक्षा
  - सरकारी कार्यक्रमहरुको समिक्षा
  - तथ्यांक संकलन र प्रतिवेदन मस्यौदाका लागि परामर्श गरिएका सरोकारवालाहरुको संख्या (यदि, छ भने)
  - परामर्श गरिएका बालबालिकाहरु (यदि गरिएको भए)
  - तथ्यांक संकलन वा समिक्षाका लागि अपनाइएका पद्धतिहरु (संभव भएमा, लक्षित समुह छलफल, कार्यशाला, सरोकारवालासंगको परामर्श, सर्भे आदि हुन सक्छ) ।

### ५. समूह (क्लस्टर) मा आधारित विश्लेषण :

पेज नं.२१ मा दिइए अनुसार तपाईंले सबै समूह (क्लस्टर) उल्लेख गर्नु पर्दैन - तपाईंको कानूनी विश्लेषण अनुसार बाल विवाहका लागि सान्दर्भिक समूह (क्लस्टर) लाई मात्रै उल्लेख गर्दा हुन्छ। पेज नं.१३ मा दिइएको बाल विवाहसंग सम्बन्धित सिआरसि (CRC) को धारालाई उद्धृत गर्दै तपाईंको प्रतिवेदन यी निम्न कुराहरुमा केन्द्रित हुन सक्छ :

- साधारण सिद्धान्तहरु धारा २, ३, ६, १२
- मौलिक हक र स्वतन्त्रता धारा ७, ८
- बालबालिकाविरुद्ध हिंसा धारा २४(३), २८(२), ३४
- अपागंता, आधारभूत स्वास्थ्य र कल्याण धारा ६(२), धारा २४, २४(३)
- शिक्षा, फुर्सद, र सांस्कृतिक गतिविधीहरु धारा २८-

- विश्लेषणका लागि :
  - बाल विवाह उल्लघंनका घटना अध्ययनहरु वा तथ्यांकहरु प्रयोग गरी सुधार गर्नुपर्ने कमीकमजोरीहरुलाई उजागर गर्ने यसमा विधमान कानून र/अभ्यासमा देखिएको अपर्याप्तता कुन कुन पक्षमा छन् प्रकाश पार्नुहोस् ।
  - बाल विवाह र यसले बाल अधिकारमा पार्ने असरका बारेमा तपाईंको देशमा विद्यमान रहेको चुनौती र आवश्यक नीतिहरुको बारेमा जानकारी दिनुहोस् ।

राष्ट्रिय प्रतिवेदनको लिखित पेशीका लागि राष्ट्रिय प्रतिवेदनका लागि नागरिक समाजको दृष्टिकोण सहित टिप्पणीहरु दिनुहोस् :

- आशाजनक सरकारी अभ्यासहरु
- कानून र नीतिहरुको कार्यान्वयनमा भएका कमी र चुनौतीहरु
- अघिल्ला सिआरसि (CRC) सिफारिसहरुको कार्यान्वयनको छोटकरी विवरण

**६. सूचनाको श्रोतहरु । तथ्यांकहरु धेरै तरिकाले हासिल गर्न सकिन्छ जस्तै :**

- अन्तर्वार्ता, सरोकारवालाहरुसंगको परामर्श, सम्बन्धित कागजातहरुको समिक्षा, फोटो तथा रेकर्डिङ वा सर्भेहरुद्धारा प्राथमिक तथ्यांक संकलन ।
- बाल विवाह सम्बन्धी सरकारी वा UNICEF data जस्ता दोस्रो (सेकेण्डरी) श्रोतहरु
- बाल विवाहमा काम गरिरहेका यूएन (UN) का निकाय र नागरिक समाजका नीति संक्षेप (Policy briefs) तथा अन्य सामग्रीहरु । उदाहरणका लागि *गर्ल्स नट ब्राइड्स*को Child Marriage Atlas तथा Resource Centre, the Child Marriage Monitoring Mechanism, प्लान इन्टरनेशनल, ह्युमन राइट्स वाच, केयर इन्टरनेशनल, वर्ल्ड भिजन, र सेभ द चिल्ड्रेन आदि ।

**७. लक्षित प्रश्न/सिफारिसहरु :** प्रतिवेदन अगाडि बुझाउनु पर्ने विषयसुचीका लागि लिखित प्रतिवेदन वा राष्ट्रिय प्रतिवेदनका लागि थप बृहत प्रतिवेदन जुनै भएपनि सोही अनुसार ठोस मुद्धा, प्रश्न वा सिफारिसहरु समावेश भएको संक्षिप्त सुची उपलब्ध गराउनुहोला ।

## ३.२ महिला विरूद्द हुने सबै भेदभावको उन्मुलन समिति सिड (CEDAW Committee) संग संलग्नता-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

### बालविवाह र महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि सिड (CEDAW) बीचको सम्बन्धको बुझाई ।

महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि सिड (CEDAW) बालिका र महिला अधिकार आन्दोलनका लागि महत्वपूर्ण कोसेढुङ्गा भएको छ । यसले बालिका र महिलाको अधिकार मानवअधिकार हो भन्ने सिद्धान्तलाई जोड दिएको पाइन्छ । साथै विश्वव्यापी रूपमा लैङ्गिक समानताको महत्वलाई प्रकाश पारेको छ ।

**महिला विरूद्द भेदभाव उन्मूलन सम्बन्धि संयुक्त राष्ट्र संघीय समिति (सिड) ले महासन्धीको कार्यान्वयनको अनुगमन गर्दछ । यस महासन्धीको एक धाराले बालिका र महिलाका शिक्षा, स्वास्थ्य र अविभेदको सिद्दान्त जस्ता अन्य अधिकार सँगसँगै किटानीकासाथ विवाह र परिवारको अधिकार, र बाल विवाहको विषयलाई सम्बोधन गर्दछ ।**

**सुझाव ! बाल विवाह सम्बन्धि सान्दर्भिक महासन्धिका धाराहरूलाई प्रकाश पार्नुहोस्**

सिड (CEDAW) सँग कार्य सम्पर्क बढाउँदा, बाल विवाहको बारेमा विस्तृत र प्रमाणलाई महासन्धिको सबै भन्दा सान्दर्भिक धाराहरूसँग जोड्दै जानकारी दिनु एकदमै महत्वपूर्ण हुन्छ । यसले तपाईलाई लिखित प्रतिवेदन तयार पार्न र तपाईको देशमा बाल विवाहको अनुगमनलाई प्रभाव पार्न सहयोग गर्नेछ । यी सान्दर्भिक धाराहरूलाई तलको तालिका २ मा प्रस्तुत गरिएको छ । पेज नं ३७ मा भएको टुलबक्समा उल्लेख गरिएको स्रोतहरुको प्रयोग गर्दै तथ्यगत प्रतिवेदन बनाउन सक्नुहुन्छ ।

**तालिका २: बाल विवाह सम्बन्धी सिड (CEDAW) महासन्धिका सान्दर्भिक धाराहरूको सारंसंक्षेप[१४]**

| बाल विवाहसँग सम्बन्धित महासन्धिका धाराहरू | बाल विवाहसँगको सान्दर्भिकता |
|---|---|
| **धारा १ :** महिला विरुद्ध भेदभावको परिभाषा ।<br><br>महिलाले पुरुषसँग समानताको आधारमा, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा नागरिक मानवअधिकार उपभोगमा बाधा पुऱ्याउने उद्देश्य वा प्रभावका साथ लिंगको आधारमा भेदभाव गरी बहिष्कार वा प्रतिबन्ध लगाउनु । | बाल विवाहले बालिकाहरूमा प्रतिकूल प्रभाव पारिरहेको कारणले गर्दा बाल विवाह उनीहरू विरूद्द हुने विभेदको स्पष्ट रूप हो । यसले बालिकाहरूको मौलिक अधिकारहरूको उल्लङ्घन गर्दछ । यसका धेरै नकारात्मक परिणामहरू छन्, जस्तै बालकहरूको तुलनामा बालिकाहरूमा स्वास्थ्य, सामाजिक र विकास सम्बन्धी बोझ धेरै रहेको हुन्छ । |

१४. यो बाल विवाह सान्दर्भिक लेखहरूको लामो सुची हैन। यसले सिड समितिसँग प्रभावकारी रूपमा संलग्नता-कार्य सम्बन्ध बनाउनको लागि मद्दत गर्ने केही प्रमुख उदाहरणहरूको पहिचान गर्दछ। यस सारांशमा तपाईंले थप जानकारी पाउनुहुनेछ ।

| | |
|---|---|
| **धारा २ :** लिनुपर्ने नीतिगत कदमहरू सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको निन्दा गर्दछ र यसलाई अन्त्य गर्नका लागि काम गर्दछ जसमा भेदभाव गर्ने सबै विद्यमान कानून, प्रथा र नियमहरू हटाउने कार्य पर्दछ । | बाल विवाहको मूख्य कारणहरूलाई सम्बोधन गर्नका लागि बालिकाहरूको अधिकारमा व्यापक, लैङ्गिक-रूपान्तरण, सन्दर्भ-विशिष्ट दृष्टिकोणमा निर्मित सामञ्जस्यपूर्ण कानुनी ढाँचाको विकास र कार्यान्वयन समावेश गरिनु पर्छ । यस सन्दर्भमा विवाहको न्यूनतम उमेरको मापदण्ड सम्बन्धी कानून लागू गरिनुपर्छ ।<br><br>महिला तथा बालिकाहरूका लागि सम्बन्ध-विच्छेदमा समान पहुँच र अनौपचारिक सहवासहरू(union)को विघटनलाई नियमन र सहजीकरण गर्ने कानूनको आवश्यकता छ ।<br><br>गर्भवती किशोरीहरूलाई विद्यालय जानबाट रोक्ने कानूनहरू उल्टाइनुपर्छ साथै विवाहित, गर्भवती र बालबच्चा हुर्काईरहेका बालिकाहरूलाई स्कूलमा फर्कन मद्दत गर्ने नीतिहरू लागू गरिनुपर्छ । राज्यहरूले विवाहित बालिकाहरूलाई ध्यानमा राख्दै किशोरी-मैत्री यौन तथा प्रजनन स्वास्थ्यको अधिकार जस्ता सेवाहरूमा पनि लगानी गर्नु पर्दछ । बालिकाहरूका लागि न्याय, बाल संरक्षण र लैङ्गिक हिंसा सम्बन्धी कानूनी सेवाहरूमा समान पहुँचलाई सहज बनाउनु पर्छ । साथै वयस्कको साथमा रहनु पर्ने आवश्यकतालाई अन्त्य गरिनु पर्छ; किनभने विवाहित, विस्थापित/शरणार्थी बालिकाहरूले सबैभन्दा धेरै बाधा-व्यबधानको सामना गरिरहेको पाइन्छ ।<br><br>लैङ्गिक समानता सुनिश्चित गर्न र विभेदलाई उन्मूलन गर्नका लागि बालिका र महिलालाई पैतृक सम्पत्तीमा समान अधिकार, रोजगारी, ऋण, नागरिकता, अंश र बाल संरक्षणमा समान अधिकार प्रदान गर्नु महत्वपूर्ण छ ।<br><br>बाल विवाहलाई अन्त्य गर्ने नीतिहरूमा लैङ्गिक असमानतालाई सम्बोधन गरी बजेट र लक्षित क्रियाकलापहरू विनियोजन गर्नु पर्दछ । |
| **धारा ३:** समानता<br><br>सरकारले महिलाको प्रगति सुनिश्चित गर्नका लागि पुरुष सरह समान आधारमा उनीहरूको अधिकारको संरक्षण गर्न उपयुक्त सबै कदम चाल्नेछ । | बाल विवाहले लैंगिक असमानता देखाउँछ किनभने त्यसमा बालक र पुरुषको तुलनामा बालिका र महिलाको कम महत्व रहेको धारणा छ । फलस्वरूप, बाल विवाहले पुस्तौसम्म लैंगिक असमानतालाई कायम राख्दछ । यसले बालिकाहरूको स्वास्थ्य र शिक्षाको अधिकारलाई उल्लङ्घन गर्छ । साथै उनीहरू माथि हुने लैंगिक जोखिम बढ्छ । उनीहरूले सामाजिक, आर्थिक र राजनीतिक सहभागितामा सम्झौता गर्नु पर्ने हुन्छ ।<br><br>राष्ट्रले शिक्षा, स्वास्थ्य र सहायता सेवाको पहुँच सहित बालिका र महिलाको मानवअधिकार र स्वतन्त्रताको सम्मान, संरक्षण गर्नुपर्छ । लक्षित नीति तथा कार्यक्रमको लाभ उठाउनका लागि समस्याहरूसँग सामना गर्ने समूहसम्म पुग्न आवश्यक छ: उदाहरणका लागि, बाल विवाहका जोखिममा रहेका बालिका र किशोरीहरू, विवाहित बालिका वा कुनै समयमा विवाह भएका बालिका, विस्थापित वा शरणार्थी, अपाङ्ग र लैंगिक तथा यौनिक अल्पसंख्यक बालिकाहरू । |

| | |
|---|---|
| **धारा ५:** लैंगिक भूमिका र रुढीवादी धारणा<br>लामो समयदेखि चल्दै आएका महिला विरुद्ध भेदभाव गर्ने र लैंगिक रुढीवादी धारणा कायम राख्ने अभ्यासहरूलाई सरकारले अन्त्य गर्न प्रयास गर्नेछ । | बाल विवाहले लैंगिक असमानता र बालिकाहरू बालकहरू भन्दा कम महत्वपूर्ण छ भन्ने विश्वासले जरा गाडेको छ । बालिकाहरूलाई विवाह र अभिभावकत्व बाहेक अन्य सन्दर्भमा आफ्नो समुदायभित्र प्रतिष्ठा हासिल गर्ने अवसरहरू सीमित हुन्छन् । श्रीमती/साझेदार र अभिभावकको भूमिकाले बालिका र महिलाका लागि अवसरहरू सीमित हुन्छन्, किनकि उनीहरूले अत्यधिक बेतलबी हेरचाह कार्यमा संलग्न हुन्छन् । अपेक्षित भूमिका उल्लंघन गर्ने बालिकाहरूले अपमान, बहिस्कार र हिंसा भोग्न सक्छन् ।<br><br>बालिकाहरूलाई समाजमा मूल्य-मान्यता बदल्न, उनीहरूलाई सुन्न, बोल्न, छनौट गर्ने र कारवाही गर्ने अवसरहरूलाई बढाउन लैंगिक रुपान्तरणका कार्यक्रमहरू सामुदायिक स्तरमा प्रवर्द्धधन गर्नु महत्वपूर्ण रहेको छ ।<br><br>राज्यले प्रणालीगत सुधारका लागि शिक्षा, स्वास्थ्य र आर्थिक न्याय सहित बाल विवाहलाई निम्त्याउने भेदभावपूर्ण मापदण्डहरूलाई सम्बोधन गर्नु पर्छ । यसका लागि राज्यले लैंगिक रूपान्तरण गर्ने कानून, नीति र कार्यक्रमहरूमा लगानी गर्नु पर्दछ । |
| **धारा ६:** बालिका र महिला बेचबिखनमा दमनकारी भूमिका<br><br>सरकारले महिला बेचबिखन र महिलामाथि हुने शोषण वा यौन पेशा अन्त्य गर्न काम गर्नेछ । | कतिपय सन्दर्भमा बालविवाह मानव बेचबिखनको परिभाषासँग मेल खान्छ जसको शुरूवात जागीरका लागि भर्ना र ओसार-पसारबाट सुरु हुँदै शोषण निम्त्याउँछ । यसले विशेष गरी संकट वा द्वन्द्वको समयमा बेचबिखन र आधुनिक दासत्वको आवरणको रूपमा काम गर्न सक्छ । बालिकाको जति कम उमेरमा विवाह हुन्छ, वैवाहिक शोषण र हिंसाको जोखिम त्यति नै बढी हुन्छ ।<br><br>बालिका र महिलाहरूलाई अपहरण, धोका, दुर्व्यवहार, वा बालिकाहरूलाई जोखिममा पार्ने अवस्थाहरू जस्तै भुक्तानी वा उपहार दिएर जबरजस्ती विवाह गर्न बाध्य गराइन्छ ।<br><br>बालिकाहरूको लागि वैवाहिक सम्बन्धबाट निस्कन सजिलो हुदैन । किनभने आफ्नै आय र घर नहुने भएकोले उनीहरू आफू हिंसामा पर्ने र आफ्ना छोराछोरी गुम्छन् भनेर डराउँछन् । राज्यविहीनता वा नागरिकताको अभावका कारण उनीहरूले कलंक र बहिस्कारको सामना गर्न सक्छन् ।<br><br>बालिकाहरूलाई पहुँचयोग्य र निःशुल्क/कम लागतको कानूनी सहायता सरकारले उपलब्ध गराउनुपर्छ । न्याय सेवा प्रदायकहरू उचित रुपमा प्रशिक्षित भएकाले सीमापार एवम् द्वन्द्व र सङ्कट-प्रभावित अवस्थामा समेत उपयुक्त बाल सुरक्षा सेवाहरूसँग जोडिन सक्छन् भन्ने सुनिश्चित गर्नुपर्छ । |
| **धारा १०:** शिक्षामा समान अधिकार ।<br><br>सरकारले शिक्षामा बालिका र महिलामाथि हुने विभेद अन्त्य गर्न काम गर्नेछ । यसमा महिला र पुरुषको शिक्षा र व्यावसायिक मार्गदर्शनमा समान पहुँच जस्तै समान पाठ्यक्रम, परिक्षा, शिक्षणका मापदण्ड र उपकरणहरू; छात्रवृत्ति र अनुदान समावेश छन् भन्ने सुनिश्चित गर्नुपर्छ । | विवाह भइसकेपछि बालिकाहरू विद्यालय जाने वा फर्किने सम्भावना धेरै कम हुन्छ । विद्यालय नजाने बालिका/किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह हुने सम्भावना धेरै हुन्छ ।<br><br>विवाहित बालिका/किशोरीहरूले विशेष गरी विस्थापित वा शरणार्थीहरू - शिक्षा प्राप्तिका लागि धेरै व्यावहारिक अवरोधहरूको सामना गर्छन् । जस्तै उनीहरूलाई लैंगिक मान्यताका कारण घरमा राख्ने, बेतलबी घरायसी हेरचाहको काममा लगाउने, अपमान गर्ने र विद्यालयबाट जबरजस्ती निस्कासन गर्ने आदि ।<br><br>गर्भवती र अभिभावक बनिसकेका बालिकाहरूले राष्ट्रिय कानूनका कारण वा पुनःभर्नामा सहयोग नपाएर वा सामाजिक संकुचनका कारण विद्यालय छोड्ने वा विद्यालय जानबाट बंचित भएका छन् । |

| | |
|---|---|
| **धारा ११:** रोजगारी ।<br><br>सरकारले कार्यस्थलमा महिलालाई हुने विभेदलाई अन्त्य गर्नेछ । महिलालाई पुरुष सरह रोजगारीमा अधिकारका साथै सुत्केरी बिदा र गर्भावस्थामा महिलालाई हानिकारक कामबाट विशेष सुरक्षा प्रदान गर्नेछ । | गरिबीका कारण बालिका र युवतीहरूको लागि आय सिर्जना गर्ने अवसरहरूको कमीले उनीहरू धेरैजसो बाल विवाहतिर धकेलिरहेको पाइन्छ । बालिकाहरूको ज्ञान, सीप र संजालहरू निर्माण गर्न सक्ने शिक्षामा पहुँच कम छ । कमजोर सामाजिक, राजनीतिक र आर्थिक अवस्थाका कारण उनीहरू प्रायः आर्थिक रूपमा पुरुषहरूमा निर्भर हुन्छन् । जसको कारण उनीहरूको स्वतन्त्रता र अवसरहरू विवाहभन्दा बाहिर सीमित हुँदै गएको छ ।<br><br>औपचारिक र अनौपचारिक शिक्षालाई बालिकाहरूको ज्ञान र सीप, स्वायत्तता, घरायसी मूल्यमान्यता र उचित पारिश्रमिक सहितको कामसँग जोड्नुपर्दछ । साथै उनीहरूको बेतलबी घरायसी हेरचाह र कृषि कार्यलाई ध्यानमा राख्नुपर्छ । यसको अर्थ कुशल पूर्वाधार र सेवा प्रवाहहरूमा लगानी गरी घरायसी हेरचाहको कामलाई घटाउन र पुनः बाँडफाँड गर्न सकिन्छ । साथै कार्यस्थलमा हुने विभेदलाई सम्बोधन गर्नुपर्दछ, जसमा विवाहित, बालबच्चा हुर्काइरहेका, LGBTQIA±, अपांगता भएका वा विस्थापित/शरणार्थी बालिकाहहरूमा विशेष ध्यान दिनुपर्छ ।<br><br>राज्यले किशोरी र महिलाका लागि सुरक्षित, मर्यादित, पारिश्रमिक सहितका रोजगारीका अवसरहरूमा लगानी गर्नुपर्दछ । महिलाका लागि नेतृत्व र आर्थिक अवसरहरूमा बृद्धि गर्नु पर्दछ । यसलाई कानूनी र नितीगत संरक्षण जस्तै तलबी वैधानिक तथा मातृत्व/पितृत्व बिदाका साथै अति सीमानन्तकृतलाई ध्यानमा राखी गरीबी निवारण र सामाजिक सुरक्षामा लगानी गर्नुपर्दछ । |
| **धारा १२: स्वास्थ्यमा हेरचाह र परिवार नियोजन ।**<br><br>यौन स्वास्थ्य, परिवार नियोजनका सेवाहरू, गर्भावस्था र सुत्केरी अवस्थामा हेरचाह सहित स्वास्थ्य सेवाको पहुँचमा महिलाहरूलाई समान अधिकार रहेको छ । | बाल विवाहले बालिका र किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारहरूको पहुँचलाई सीमित गर्न सक्छ । यसले उनीहरूको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ जस्तै; डिप्रेसन, चिन्ता र आत्महत्याको विचार हुन सक्छ । यो गरिबी, द्वन्द्व, वैवाहिक वा शारीरिक-भावनात्मक सम्बन्धमा रहेका साथीहरू (intimate-partner) ले गर्ने हिंसा, एक्लोपना, प्रसवमा चुनौती, शिक्षा र बाल्यकाल स्वायत्तता गुमाउनका कारण हुने भावनात्मक पीडा हो । किशोरी गर्भावस्थाको मूख्य कारण बाल विवाह हो । जसको परिणाम स्वरुप बालिका र युवा महिलाको स्वास्थ्य र उनीहरूको बच्चाहरूमा नकारात्मक प्रभाव पारिरहेको छ ।<br><br>विवाह गर्ने उमेर र यौन सहमतिलाई कानूनमा छुट्टा छुट्टै रुपमा व्याख्या गरिनु पर्दछ । यि दुवै विकसित हुँदै जाने क्षमताको सिद्दान्तले निर्देश गरेको हुनुपर्दछ, जस्तै किशोरावस्थाका बालबालिकाले आफ्नो निर्णय र कार्यको लागि जिम्मेवारी वहन गर्ने क्षमताको विकास क्रमिक रूपमा गर्ने । र विशेष गरी आपसी सहमतीमा अनौपचारिक सहवासमा रहने किशोर-किशोरीहरूलाई पनि यसले समेटेको हुनुपर्दछ । |
| **धारा १५: कानूनको अगाडि समानता ।** | विवाहित वा विवाह भइसकेका र जबरजस्ती विवाहको सामना गरिरहेका बालिकाहरूले, कानूनी प्रणाली मार्फत न्याय राप्त गर्न सामाजिक र प्रशासनिक अवरोधहरूको सामना गर्छन् । जसमा सम्बन्ध-बिच्छेद, वैवाहिक सम्पत्ती, बाल संरक्षण र लैंगिक हिंसाको बिषयमा अधिकार र सेवाहरूको पहुँच समावेश छन् ।<br><br>विवाह गर्ने उमेर र यौन सहमतिका कानूनहरू बाझिनु; सामाजिक प्रतिबन्ध वा परिवारका सदस्यहरूलाई सजायको डर हुनु; वा वयस्कको समर्थन बिना नाबालिगहरूले कानूनी कारवाही सुरु गर्न नसक्नु जस्ता कुरा अधिकार र कानूनको अज्ञानताको कारण हुन सक्छ ।<br>कानूनी पहिचान नभएका र द्वन्द्व र संकटग्रस्त वातावरणमा बस्ने बालिकाहरूले न्यायको पहुँचमा सबैभन्दा ठूलो बाधाहरूको सामना गर्छन् । |

| | |
|---|---|
| **धारा १६:** विवाह र पारिवारिक सम्बन्धहरूसँग सम्बन्धित सबै मामिलामा महिला विरुद्ध हुने विभेदको उन्मुलन ।<br><br>महिलाको वैवाहिक जीवनमा परिवार नियोजन, सम्पत्तिको स्वामित्व र पेशा-व्यवसाय लगायत कुरामा पुरुषको जत्तिकै अधिकार रहेको छ । बच्चाको मगनी र विवाहमा कुनै पनि कानूनको प्रभाव हुदैन । त्यसैले यसका लागि कानूनी कदम चाल्नु पर्ने हुन्छ; जस्तै विवाहका लागि न्युनतम उमेर तोक्ने र आधिकारिक दर्तामा विवाह दर्तालाई अनिवार्य गर्ने । | यो धाराले बाल विवाहलाई मानवअधिकारको उल्लङ्घन, र बालिका र महिला विरुद्ध भेदभावको रूपमा प्रत्यक्ष रूपमा स्थापित गर्दछ ।<br><br>यसले बालविवाहलाई सम्बोधन गर्न राज्य पक्षको जिम्मेवारीलाई स्थापित गर्दछ । राज्य पक्षद्वारा लिनुपर्ने विशेष कार्यहरूको सङ्केत गर्दछ । |

केही देशहरूले महासन्धिका धाराहरूमा विशेष गरी स्पष्टताकासाथ बाल विवाहको विषयलाई उल्लेख गरिएको विवाह र पारिवारिक सम्बन्धको धारा १६ सँग असहमति (reservation) देखाएका छन् । यद्यपि, सिड (CEDAW) का अनुसार यस धारामा देखाइएको असहमतिले महिलालाई समानताबाट बंचित गराउनु हो, र यस्ता असहमती महासन्धीको मूख्य उद्देश्य विपरित छ । सीडले राष्ट्रहरूलाई उनीहरूको असहमतिमा पुनर्विचार गर्न र संशोधन गर्न वा असहमतिलाई फिर्ता लिन अनुरोध गर्दछ । किनभने परम्परागत, धार्मिक वा सांस्कृतिक प्रथाहरूमा आधारित कुनै पनि तर्कले महासन्धीको उल्लङ्घनलाई उचित ठहराउन सक्दैन ।[१५]

## बाल विवाहसँग सम्बन्धित सीड (CEDAW) को आधारभूत सिफारिसहरू (General Recommendations)

सिड (CEDAW) ले महासन्धिको विशेष धारा वा सम्बन्धित विषयहरू अन्तर्गत राष्ट्रहरूको दायित्वहरूको सन्दर्भमा थप मार्गदर्शन र व्याख्या प्रदान गर्न आधारभूत सिफारिसहरू (General Recommendations) को विकास गर्दछ .

**आधारभूत सिफारिसहरू (General Recommendations) नागरिक समाजका लागि उपयोगी स्रोतहरू हुन् । सीड (CEDAW) ले महासन्धि अन्तर्गत रहेर निश्चित मुद्दाहरू जस्तै बाल विवाह र सम्बन्धित नीतिहरूलाई कसरी व्याख्या गर्छ भन्ने बारे अतिरिक्त जानकारी प्रदान गर्दछ । नागरिक समाजले पनि आफ्ना प्रतिवेदन तयार पार्न र राष्ट्रहरूलाई थप प्रभाव पार्नको लागि पैरवी गर्नको लागि आधारभूत सिफारिसहरू (General Recommendations) लाई प्रयोग गर्न सक्छन् ।**

सिड (CEDAW) ले बाल विवाहसँग सान्दर्भिक धेरै आधारभूत सिफारिसहरू गरेको छ ।[१६] विशेष गरी, सन् २०१९ मा सिआरसी (CRC) र सिड (CEDAW) द्वारा संयुक्त रूपमा स्वीकार गरेको आधारभूत सिफारिस संख्या ३१ र आधारभूत टिप्पणी संख्या १८ ले, हानिकारक अभ्यासहरूसँग सम्बन्धित बालबालिका - विशेष गरी बालिकाहरूको अधिकारहरूमा महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्दछ, जसले स्पष्ट र/वा जबरजस्ती विवाहलाई परिभाषित गर्दछ ।

१५. UN Women र UN Treaty Collection को वेबपेजमा राज्यहरूले सिडका धाराहरूमा किटानीका साथ जनाएका असहमतिहरूलाई देशको नाममा आधारित सुचीमा हेर्न सकिन्छ ।
१६. UN Treaty Body website मा आधारभूत सिफारिसहरूको पूर्ण सुची छ ।

## बाल विवाह सम्बन्धीत सान्दर्भिक सिडका आधारभूत सिफारिसहरू (General Recommendations)[१७]

- आधारभूत सिफारिस संख्या १९ (General Recommendations no 19), महिला विरूद्दको हिंसा (violence against women) (सन् १९९२ मा पारित)
- आधारभूत सिफारिस संख्या २१, (General Recommendations no 21), विवाह र पारिवारिक सम्बन्धमा समानता (equality in marriage and family relations) (सन् १९९४ मा पारित)
- आधारभूत सिफारिस संख्या २४ (General Recommendations no 21), महिला र स्वास्थ्य (women and health) (सन् १९९९ मा पारित)
- आधारभूत सिफारिस संख्या २९ (General Recommendation No. 29), विवाह, पारिवारिक सम्बन्ध र तिनको अन्त्य सम्बन्धीत आर्थिक परिणामहरू (economic consequences of marriage, family relations and their dissolution) (सन् २०१३ मा पारित)
- आधारभूत सिफारिस संख्या ३०, (General Recommendation No. 30), द्वन्दको रोकथाम, द्वन्दको दौरान र द्वन्द पश्चातको परिस्थितिमा महिला (women in conflict prevention, conflict, and post-conflict situations) (सन् २०१३ मा पारित)
- आधारभूत सिफारिस संख्या ३६, (General Recommendation No. 36), शिक्षामा बालिका र महिलाको अधिकार (the right of girls and women to education) (सन् २०१७ मा पारित)
- आधारभूत सिफारिस संख्या ३७, (General Recommendation No. 37), जलवायु परिवर्तनको परिप्रेक्ष्यमा विपद जोखिम न्युनीकरण सम्बन्धीत लैंगिक पक्षहरू ( gender-related dimensions of disaster risk reduction in the context of climate change ) (सन् २०१८ मा पारित)
- सिड (CEDAW)को आधारभूत सिफारिस संख्या ३१ (General Recommendation No. 31) र सिआरसी (CRC) समितिको सामान्य टिप्पणी संख्या १८ (General Comment No. 18), हानिकारक अभ्यास (harmful practices), (सन् २०१९ मा पारित)
- आधारभूत सिफारिस संख्या ३८ (General Recommendation No. 38), विश्वव्यापी आप्रवासनको परिप्रेक्ष्यमा महिला तथा बालिकाहरूको बेचबिखन (trafficking in women and girls in the context of global migration) (सन् २०२० मा पारित)
- आधारभूत सिफारिस संख्या ३९ (General Recommendation No. 39), आदिवासी जनजाती महिला र बालिकाका अधिकार (the rights of Indigenous women and girls) (सन् २०२२मा पारित)

## महिला विरुद्धको विभेद उन्मूलन सम्बन्धी महासन्धि सीड (CEDAW) को ऐच्छिक आलेख

संयुक्त राष्ट्र संघको महासभाले सन् १९९९ मा महासन्धिको ऐच्छिक आलेख पारित गरेको थियो । यो आलेखले हस्ताक्षर गर्ने राष्ट्रहरूले व्यक्ति वा नागरिक समाज सदस्यद्वारा पेश गरिएका गुनासोहरू प्राप्त गर्न र समीक्षा गर्न सीड (CEDAW) को अधिकार स्वीकार गर्न आवश्यक छ। पक्ष राष्ट्रहरूले महासन्धिका सबै ऐच्छिक आलेखलाई अनुमोदन गरेका छैनन् ।[१८]

यस संयन्त्रले बालिका र महिला विरुद्ध हुने विभेदका कार्यका लागि राज्यहरूलाई जवाफदेही बनाउने एक बलियो माध्यम प्रदान गर्दछ । जस्तै, बाल विवाह - जसले वैकल्पिक प्रतिवेदन पेश गर्न सक्षम बनाउँछ । साथै मानवअधिकार हनन् अनुभव गर्नेहरूका लागि पूरक जवाफदेहीता प्रदान गर्दछ ।

१७ यो, बाल विवाह सान्दर्भीक आधारभूत सिफारिस र अनुच्छेदहरूको पूर्ण सुची होइन। यसमा केही प्रमुख उदाहरणहरूलाई समावेश गरिएको छ ।

१८ ऐच्छिक आलेखका पक्ष राष्ट्रहरूको सुची https://indicators.ohchr.org/ मा हेर्नुहोला ।

## सिड (CEDAW) को प्रतिवेदन प्रक्रियामा संलग्न हुने ।

*" घरेलु सन्दर्भमा महिला विरुद्ध हुने विभेद उन्मूलन सम्बन्धी महासन्धिलाई अंगीकार गर्न प्रतिवेदन प्रक्रिया महत्वपूर्ण भएको छ । यस प्रक्रियामा नागरिक समाजको सहभागिताले पैरवी र सशक्तिकरणको काम गर्दछ । उनीहरूलाई महासन्धिसँग परिचित हुन, घरेलु कानूनमा भएका कमीहरूको पहिचान गर्न, संरचनात्मक मुद्दाहरूको विश्लेषण गर्न र सिड (CEDAW) लाई सिफारिसहरू प्रस्ताव गर्न अनुमति दिन्छ । फलस्वरूप, पक्ष राष्ट्रहरू महिला र बालिकाको मानवअधिकारको संरक्षण गर्न बाध्य हुन्छन् । सरकारले लैङ्गिक समानता र सामाजिक समावेशी नीतिको समर्थन गर्दछ । जसमा पैतृक सम्पत्ति, र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारहरू सम्बन्धी संवैधानिक प्रावधानहरू समावेश छन् । जुन सिड (CEDAW) सँगको संलग्नता मार्फत हासिल गरिएका केही परिणामहरूले प्रतिनिधित्व गर्दछ ।"*

*ओरेक (WOREC) - नेपालमा गर्ल्स नट ब्राइड्सका सदस्य*

### टुलबक्स ! तपाईंको प्रतिवेदन तथ्यमा आधारित रहेको सुनिश्चित गर्ने श्रोतहरु

तथ्यपरक प्रतिवेदन निर्माणका लागि र सिआरसी (CRC) समिक्षा प्रक्रिया अन्तर्गत तपाईलाई कुन मुद्धाहरु र कुन प्रश्नहरु सम्बोधन गरियोस् भन्ने लागेको छ सो को विवरण दिनको निम्ति यी निम्न श्रोतहरु प्रयोग गर्न सक्नुहुनेछ ।

**राष्ट्रिय स्तरको तथ्यांक :**

- *गर्ल्स नट ब्राइड्स* को बाल विवाहको नक्सा (child marriage atlas) मा बाल विवाह प्रचलन, अगुवा, र देश अनुसारको कानूनको जानकारीहरु रहेको छ ।

- युनिसेफको बाल विवाहको राष्ट्रिय परिदृश्य (child marriage country profiles) मा देश अनुसार प्रचलन, सहवास (union) का प्रकृति, र देश अनुसार विवाहिता बालिकाहरुको जिवनीको सुक्ष्मदृष्टि समावेश छ ।

- बाल विवाह अनुगमन संयन्त्र (Child Marriage Monitoring Mechanism) मा विश्वव्यापी, क्षेत्रिय र राष्ट्रिय स्तरको तथ्यांक र प्रवृतिहरु छन्, जसले देश-देशबिच र देशभित्रै पनि घरायसी सम्पत्ति, शैक्षिक प्रगति, ग्रामिण वा शहरी बसाई र उपराष्ट्रिय क्षेत्रका आधारमा भएका भिन्नताहरुलाई देखाएको छ ।

***गर्ल्स नट ब्राइड्स* को विषयगत सारसंक्षेप र प्रमाणको समिक्षाहरु :**

- बाल विवाह र बालिकाको अधिकारमा कानूनको प्रभाव (impact of the law on child marriage and girls' rights): सारसंक्षेप र प्रमाण समिक्षा
- लैंगिक समताका लागि बाल विवाह अन्त्य गर्न जरुरी रहेको (ending child marriage is crucial to gender equality): सारसंक्षेप
- बाल विवाह र आधुनिक दासता (child marriage and modern slavery): सारसंक्षेप
- बालिकाको शिक्षा र बाल विवाह (girls' education and child marriage): सारसंक्षेप र विषयगत लेख
- बाल विवाहलाई सम्बोधन गर्न र विवाहित बालिकाहरुको सहयोगका लागि शैक्षिक कामकारवाहीहरु (education interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर
- बाल विवाह सम्बोधन र विवाहित बालिकाहरुको सहयोगका लागि आर्थिक सशक्तीकरणका कामकारबाहीहरु (economic empowerment interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर
- विवाहित, गर्भवती वा बालबच्चा स्याहार गरिरहेका बालिकाको सहयोग (supporting girls who are married, pregnant and parenting): सारसंक्षेप र विषयगत लेख
- बाल विवाह र मानसिक स्वास्थ्य (child marriage and mental health): संगोष्ठी (symposium)
- मानविय सहायता humanitarian settings को स्थितीमा बाल विवाह सम्बन्धी सफल अभ्यास र मुख्य श्रोतहरु अभिलेख गरिएका ब्लग पोस्टहरु

**अन्य संघसंस्थाका सामग्रीहरु :**

- दक्षिण एसियाली महिला केन्द्र (South Asian Women's Centre) को जबरजस्तीको विवाह एक प्रकारको मानव वेचविखन हो (forced marriage as a form of human trafficking)

## सिड (CEDAW) को प्रतिवेदन प्रक्रिया के हो?

महासन्धिमा उल्लेख भए अनुसार पक्ष राष्ट्रहरूको प्रतिवेदन बुझाउनुपर्ने दायित्व हुन्छ, र बालिका र महिला अधिकारको पैरवीकर्ताको लागी उक्त दायित्व राज्यले महासन्धीको पालना गरे-नगरेको अनुगमन गर्ने एक महत्वपूर्ण संयन्त्र बनेको छ । गरेको छ, तर सरल प्रतिवेदन प्रक्रियालाई प्रयोग नगरी परम्परागत प्रतिवेदन प्रक्रियालाई नै प्रयोग गर्ने इच्छाको संकेत गरेका सदस्य राष्ट्रहरूलाई भने सरल प्रतिवेदन प्रक्रिया लागु हुँदैन ।[१९] पृष्ठ ४१ मा प्रत्येक चरणमा कसरी संलग्न हुने सम्बन्धी जानकारी दिइएको छ र यसले सरल प्रतिवेदन प्रक्रियालाई पालना गर्छ।

राष्ट्रहरूले प्रत्येक ४ वा ५ वर्षमा वा सिड (CEDAW) द्वारा अनुरोध गरेको समयमा महासन्धिको कार्यान्वयनको बारेमा विस्तृत प्रतिवेदन पेश गर्नुपर्दछ । प्रत्येक सत्रमा समितिले सामान्यतया समिक्षा गरिनुपर्ने आठ पक्ष र ाष्ट्रहरूलाईआमन्त्रित गर्दछ ।

सिड (CEDAW) ले प्रत्येक वर्ष जेनेभा, स्विट्जरल्याण्डमा प्रायजसो मार्च, जुलाई र अक्टोबरमा तीन वटा सत्रहरूको आयोजना गर्दछ ।

संयुक्त राष्ट्र सन्धि निकायको वेबसाइटमा कुन राष्ट्रहरूको हाल समिक्षा भइरहेको छ हेर्नुहोस् ।

## सिड (CEDAW) सँग संलग्न हुने महत्वपूर्ण समय

बाल विवाहलाई सम्बोधन गर्ने सान्दर्भिक धारा र प्रावधानहरू सहित सरकारी कार्यान्वयनको अनुगमन गरी महासन्धिको कार्यान्वयनलाई अगाडि बढाउन नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्छन् । सिड (CEDAW) ले बारम्बार नागरिक समाजलाई जानकारीका लागि अनुरोध गर्दछ । विशेष गरी बालिका र महिला अधिकारहरूसँग सम्बन्धित मुद्दाहरूमा उनीहरूलाई प्रतिवेदन तयार गर्न र सूचनाको विश्वसनीय स्रोतको रूपमा उनीहरूको भूमिकालाई स्वीकार गर्दै वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्दछ ।

**सिड (CEDAW) सँग संलग्न हुनुको मुख्य लक्ष्य यसले राष्ट्रलाई सोध्ने प्रश्न र प्रतिवेदन चक्रको अन्त्यमा यसको अन्तिम टिप्पणीहरूमा बाल विवाहलाई समावेश गरोस् भन्ने सुनिश्चित गर्नु हो कि । नागरिक समाजले बाल विवाहलाई सम्बोधन गर्न आवश्यक कानून, नीति र बजेटहरू अपनाउन सरकारलाई दबाब दिन सिड (CEDAW) का सिफारिसहरू, प्रतिवेदनन चक्रको नतिजालाई उनीहरूको राष्ट्रिय पैरवीमा प्रयोग गर्न सक्छन् ।**

यो सरल प्रतिवेदन प्रक्रिया अन्तर्गत प्रतिवेदन प्रक्रिया अगाडीको विषय सूची, वा परम्परागत प्रतिवेदन प्रक्रिया अन्तर्गतको विषयसुची हो ।

सिड (CEDAW) प्रतिवेदन प्रक्रियाको तीन महत्वपूर्ण समयमा नागरिक समाज संलग्न हुन सक्दछन् सदस्य राष्ट्रको समिक्षा अगाडी, समिक्षाको दौरान, र समीक्षा पछाडी ।

१. **समीक्षा सत्र अगाडी**, तपाईंले प्रतिवेदन पेश गर्नु अगाडी मुद्दाहरूको सूचीमा उचित ध्यान र विचार प्राप्त गर्नका लागि बाल विवाह सम्बन्धी महत्वपूर्ण सरोकारहरूलाई प्रकाश पार्न सक्नुहुन्छ ।

२. **समीक्षा सत्रको दौरानमा**, तपाईंले सिड(CEDAW) ले राज्यलाई बाल विवाहलाई सम्बोधन गर्नका लागि चालेका कदमहरू के के हुन् जस्ता प्रश्न सहित राज्यलाई सोधिने अन्य प्रश्नहरूलाई प्रभावित पार्न सक्नुहुन्छ । सिड (CEDAW) का सदस्यहरूसँग पैरवी, र सार्वजनिक र अनौपचारिक बैठकहरूमा सहभागिताको माध्यमबाट तपाईंले निष्कर्ष टिप्पणीहरूमा बाल विवाह सम्बन्धी सरोकार र लक्षित सिफारिसहरू समावेश गर्नका लागि जोड दिन सक्नुहुन्छ ।

३. **समीक्षा सत्र पछाडी**, तपाईंले राष्ट्रिय स्तरमा परिवर्तनको लागि जोड दिँदै, आफ्नो राष्ट्रिय पैरवीमा सिड (CEDAW) का सिफारिसहरू प्रयोग गर्न सक्नुहुन्छ ।

१९. OHCHR website. मा सरल प्रतिवेदन प्रक्रिया प्रयोग गर्ने राष्ट्रहरूको सुची हेर्नँहोस् ।

## चित्र ४: सिड (CEDAW) सँग संलग्न-कार्य सम्बन्ध-सम्पर्क बनाउने प्रमुख समय

### सरल प्रतिवेदन प्रक्रिया

**समिक्षा अगाडि**

**नागरिक समाज र गैरसरकारी संस्थाहरूको प्रतिवेदन**

सिड (CEDAW) ले गैरसरकारी संस्था, मानवअधिकारवादी संस्था र नागरिक समाजका अन्य सदस्यहरूले, बाल विवाह सम्बन्धी तथ्यहरू सहित समिक्षा गरिनुपर्ने उदयमान र प्रमुख मुद्दाहरूलाई उल्लेख गर्दै तयार गरेको "छायाँ" वा "वैकल्पिक प्रतिवेदनलाई" प्राप्त गर्दछ।

**चरण १:** प्रतिवेदन पूर्वको विषयसुचीलाई मार्गानिर्देश गर्न प्रतिवेदन पेश गर्नुहोस्

**पूर्व-सत्रिय कार्यगत समूहले प्रतिवेदन पूर्वको विषयसुचीलाई अंगिकार गर्नुपर्दछ**

सिड (CEDAW) ले महासन्धीको कार्यान्वयनको सन्दर्भसँग सम्बन्धीत प्रश्न र सरोकारहरू सहित प्रत्येक राज्य सम्बन्धीत प्रतिवेदनको समिक्षा गर्दछ र प्रतिवेदन पूर्वको विषयसुचीलाई अंगिकार गर्दछ। प्रतिवेदन पूर्वको विषयसुचीले राज्यलाई आफ्नो प्रतिवेदन लेख्न मार्गानिर्देश गर्दछ।

**चरण २:** पूर्व-सत्रिय कार्यगत समूहको अनौपचारिक गोप्य छलफल (informal private briefing) मा सहभागी हुनुहोस्

**राज्यको प्रतिवेदन**

राज्यले महासन्धीको कार्यान्वयनमा भएको प्रगती सम्बन्धी तयार गरिएको प्रतिवेदनलाई पेश गर्दछ।

**चरण ३:** राज्यको प्रतिवेदन प्रक्रियामा संलग्न हुनुहोस्।

**चरण ४:** राज्यको समिक्षा सत्रलाई मार्गानिर्देश गर्नका लागि पछिल्लो जानकारी सहितको प्रतिवेदन पेश गर्नुहोस्

**समिक्षाको दौरान**

**राज्यको समीक्षा सत्र**

बालिका र महिला अधिकारलाई अगाडी बढाउँदा भएका उपलब्धी र अवरोधहरूमा केन्द्रित हुँदै सिड (CEDAW) ले राज्य पक्षसँग अर्थपूर्ण संवाद गर्दछ।

चरण ५ए: राज्यको समिक्षा सत्रको जानकारी लिनुहोस्

चरण ५बी: नागरिक समाजको लागि आयोजना गरिएको सार्वजनिक छलफलमा सहभागी हुनुहोस्

चरण ५सी: खाना खाने समयमा जानकारी दिँदै हुने छलफलमा सहभागी हुनुहोस्

चरण ५डी: विषयगत जानकारीमूलक छलफल र सहयोगी कार्यक्रमहरू (side-events) आयोजना गर्नुहोस्

**समिक्षा पश्चात**

**निष्कर्ष टीप्पणीहरू**

सिड (CEDAW) ले जारी गर्ने सरोकार, सुझाव र सिफारिसलाई निष्कर्ष टिप्पणी भनिन्छ, र उक्त निष्कर्ष टिप्पणीलाई राज्य पक्षले महिला अधिकारलाई अगाडी बढाउन गरेका आफ्ना प्रयासहरूलाई निखार्नको लागि पालना गर्नुपर्दछ। सिड (CEDAW) ले अविलम्ब गरिनुपर्ने केही प्रमुख सिफारिसहरूलाई पहिचान गर्न सक्दछ र यस्ता सिफारिसहरूको कार्यान्वयन स्थिति सम्बन्धी आउँदो १ वा २ वर्षभित्र गरिने अनुगमन पैरवी प्रक्रिया (follow-up procedure) को दौरान राज्य पक्ष र नागरिक समाज गैरसरकारी संस्थाहरूले जानकारी दिने वा प्रतिवेदन पेश गर्नुपर्दछ।

**अनुगमन प्रकृया**

सिड (CEDAW) ले आफ्द्वारा पहिचान गरिएका केही प्रमुख सिफारिसहरूको कार्यान्वयनको लागि राज्यले लिएका पहलहरू सम्बन्धी अधावधिक प्रतिवेदन बुझाउन अनुरोध गर्न सक्दछ।

**चरण ६:** निष्कर्ष टिप्पणीलाई प्रयोग गर्दै अनुगमन पैरवी (follow-up advocacy) मा संलग्न हुनुहोस्

पूर्व-सत्रभन्दा ६ हप्ता अगाडी

राष्ट्रको समीक्षा सत्र ६ हप्ता अगाडी।

### परम्परागत प्रतिवेदन प्रक्रिया

**समिक्षा अगाडि**

**राज्यको प्रतिवेदन**

राज्यले प्रतिवेदन पेश गर्दछ

**चरण १:** प्रतिवेदन प्रक्रियामा राज्यसँग संलग्नता-सम्पर्क बढाउनुहोस्

**नागरिक समाजका प्रतिवेदनहरू**

नागरिक समाजले सिडमा आफ्ना वैकल्पिक प्रतिवेदनहरू पेश गर्दछन्

**चरण २:** विषयसुचीलाई मार्गानिर्देश गर्न प्रतिवेदन पेश गर्नुहोस्

**पूर्व-सत्रले विषयसुची अंगिकार गर्नुपर्दछ**

राज्य पक्षका प्रतिवेदनहरूमा उल्लेख भएका-नभएका विषयहरूको अपर्याप्ततालाई पहिचान गर्नको लागि सिडले भेट गर्दछ। कार्यगत समूहले राज्य पक्षका प्रतिवेदनसँग सम्बन्धीत विषयसुची र प्रश्न तयार पार्दछ र तिनलाई प्रतिवेदक राज्य पक्षलाई पठाउँछ

**चरण ३:** पूर्व-सत्रको लागि आफ्नो सहभागिता दर्ता गर्नुहोस्

**चरण ४:** विषयगत जानकारीमूलक छलफल र सहयोगी कार्यक्रमहरू (side-events) आयोजना गर्नुहोस्

**राज्यले विषयसुची उपर लिखित जवाफ पेश गर्दछ**

पूर्व-सत्र अगाडी राज्यले विषयसुची उपर लिखित जवाफ पेश गर्नुपर्दछ

**चरण ५:** प्रतिवेदन प्रक्रियामा राज्यसँग संलग्नता-सम्पर्क बढाउनुहोस्

**समिक्षाको दौरान**

**राष्ट्रको समीक्षा**

बालिका र महिला अधिकारलाई अगाडी बढाउँदा भएका उपलब्धी र अवरोधहरूमा केन्द्रित हुँदै सिड (CEDAW) ले राज्य पक्षसँग अर्थपूर्ण संवाद गर्दछ।

**चरण ६:** राज्यको समिक्षा सत्रलाई मार्गानिर्देश गर्नका लागि पछिल्लो जानकारी सहितको प्रतिवेदन पेश गर्नुहोस्

**चरण ७:** सार्वजनिक बैठकको लागि आफ्नो सहभागिता दर्ता गर्नुहोस्

**समिक्षा पश्चात**

**निष्कर्ष टीप्पणीहरू**

सिड (CEDAW) ले जारी गर्ने सरोकार, सुझाव र सिफारिसलाई निष्कर्ष टिप्पणी भनिन्छ, र उक्त निष्कर्ष टिप्पणीलाई राज्य पक्षले महिला अधिकारलाई अगाडी बढाउन गरेका आफ्ना प्रयासहरूलाई निखार्नको लागि पालना गर्नुपर्दछ। सिड (CEDAW) ले अविलम्ब गरिनुपर्ने केही प्रमुख सिफारिसहरूलाई पहिचान गर्न सक्दछ र यस्ता सिफारिसहरूको कार्यान्वयन स्थिति सम्बन्धी आउँदो १ वा २ वर्षभित्र गरिने अनुगमन पैरवी प्रक्रिया (follow-up procedure) को दौरान राज्य पक्ष र नागरिक समाज गैरसरकारी संस्थाहरूले जानकारी दिने वा प्रतिवेदन पेश गर्नुपर्दछ।

**अनुगमन पैरवी प्रक्रिया**

सिड (CEDAW) ले आफ्द्वारा पहिचान गरिएका केही प्रमुख सिफारिसहरूको कार्यान्वयनको लागि राज्यले लिएका पहलहरू सम्बन्धी अधावधिक प्रतिवेदन बुझाउन अनुरोध गर्न सक्दछ।

**चरण ८:** निष्कर्ष टिप्पणीलाई प्रयोग गर्दै अनुगमन पैरवी (follow-up advocacy) मा संलग्न हुनुहोस्

पूर्व-सत्रभन्दा २ हप्ता अगाडी

पूर्व-सत्रभन्दा १ महिना अगाडी

राष्ट्रको समीक्षा सत्र ६ हप्ता अगाडी।

समीक्षा बैठकभन्दा १ महिना अगाडी।

राष्ट्रको समीक्षा सत्र भन्दा २ हप्ता अगाडी

## चित्र ५: आधारभुत प्रतिवेदन कार्यविधी अन्तर्गत सिड (CEDAW) समीक्षा समय तालिकाको उदाहरण: डोमिनिकन रिपब्लिकको परीक्षण

**अक्टोबर २०१८**

नागरिक समाजले प्रतिवेदन पुर्वको विषयसुची मार्गदर्शनका लागि लिखित जानकारी पठाउँछन् ।

**नोभेम्बर २०१८**

सिड (CEDAW) ले ७३ औं पूर्व-सत्र कार्यगत समूह आयोजना गर्दछ ।

नागरिक समाजले अनौपचारिक गोप्य (private) ब्रिफिङमा भाग लिन सक्छन्।

**मार्च २०१९**

सिड (CEDAW) ले प्रतिवेदन बुझाउन अगाडी विषयसुचीलाई स्वीकार गर्छ।

**अप्रिल २०२०**

डोमिनिकन रिपब्लिकले सन् २०१९ मा पेश गर्न बाँकी रहेको आफ्नो राष्ट्रको प्रतिवेदन पेश गरेको छ ।

नागरिक समाज सदस्यहरूले बैठकलाई मार्गदर्शन गर्नका लागि अद्यावधिक रिपोर्टहरू पेश गर्न सक्छन् ।

**फेब्रुअरी २०२२**

सिड (CEDAW) ले ८१ औं सत्रमा राष्ट्रको प्रतिनिधिहरूसँग समीक्षा गरेको छ ।

नागरिक समाजले सिड (CEDAW) सदस्यहरूलाई अनुशरण गर्न र कार्य सम्बन्ध सम्पर्क स्थापित गर्न सक्छन् ।

**मार्च २०२२**

सिड (CEDAW) ले आफ्नो निष्कर्ष सुझाव जारी गर्दछ

नागरिक समाज राष्ट्रिय स्तरको पैरवीमा संलग्न हुन्छन् ।

**मार्च २०२४**

पक्ष राष्ट्रले प्रगतिको लिखित जानकारी उपलब्ध गराउनु पर्छ ।

नागरिक समाजले मध्यावधिक प्रतिवेदन पेश गर्न सक्छन् ।

**फेब्रुअरी २०२६**

डोमिनिकन रिपब्लिकले आफ्नो पछिल्लो प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

## चित्र ६: परम्परागत प्रतिवेदन कार्यविधी अन्तर्गत सिड (CEDAW) को समीक्षा समय तालिकाको एक उदाहरण: सेनेगलको परीक्षण

**डिसेम्बर २०१९**

सेनेगलले आफ्नो राष्ट्रको प्रतिवेदन पठाउँछ ।

**जनवरी २०२०**

नागरिक समाज सदस्यहरूले विषयसुचीका लागि प्रतिवेदन पठाउँछन् ।

**मार्च २०२०**

सिड (CEDAW) ले विषयसुची स्वीकार गर्दछ ।

**फेब्रुअरी २०२२**

सेनेगलले विषयसुचीमा अक्टोबर २०२० मा पेश गर्नुपर्ने आफ्नो लिखित प्रतिक्रिया पेश गर्दछ ।

नागरिक समाजले सत्रलाई मार्गदर्शन गर्नका लागि अद्यावधिक प्रतिवेदनहरू पेश गर्न सक्छन् ।

**फेब्रुअरी २०२२**

सिड (CEDAW) ले आफ्नो ८१औं सत्रमा सेनेगल सरकारका प्रतिनिधिहरूसँग समीक्षा गरेको थियो

नागरिक समाज राष्ट्रिय पैरवीका गतिविधिहरूमा संलग्न हुन्छन् ।

**मार्च २०२२**

सिड (CEDAW) ले आफ्नो निष्कर्ष सुझाव जारी गर्दछ ।

नागरिक समाज राष्ट्रिय पैरवीका गतिविधिहरूमा संलग्न हुन्छन् ।

**मार्च २०२४**

सिड (CEDAW) को अनुरोध अनुरूप सेनेगलले एक मध्यावधि प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

नागरिक समाजले मध्यावधिक प्रतिवेदन पेश गर्न सक्छन् ।

**फेब्रुअरी २०२६**

सेनेगलले अर्को राष्ट्र प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

## समीक्षा भन्दा अगाडी

### चरण ०

**(उच्च सिफारिश गरिएको) सत्र क्यालेन्डर जाँच गर्ने । समीक्षा अन्तर्गत राष्ट्र सम्बन्धित जानकारीको समीक्षा गर्ने ।**

**कसरी गर्ने: तपाईको राष्ट्र समीक्षा सत्र कहिले भइरहेको छ भनेर जाँच गर्नुहोस् ।**

• सीड (CEDAW) ले OHCHR वेबसाइटमा प्रत्येक सत्रका लागि समय तालिका, महत्वपूर्ण समय तालिका र नागरिक समाजको सहभागितामा दिशानिर्देशहरू सहितको सार्वजनिक दस्तावेज प्रकाशित गर्दछ ।
• प्रत्येक सत्र (अघिल्ला सत्रका) का दस्तावेज पाउनका लागी "General Documentation > Information from secretariat > Participation by Non-government organizations (NGOs) > Check CEDAW participation by NGOs" मा हेर्नुहोस्

**महत्वपूर्ण !** सीड (CEDAW) सचिवालयले यो दस्तावेज कहिले प्रकाशित गर्ने भनेर कुनै निश्चित म्याद वा समय तोकेको छैन । त्यसैले प्रत्येक सत्रको जानकारीको लागि नियमित रूपमा जाँच गर्नुहोस् ।

### चरण १.

**(उच्च सिफारिस गरिएको) छाँया वा वैकल्पिक प्रतिवेदन पेश गर्नुहोस् ।**

पूर्व-सत्रभन्दा ६ हप्ता अगाडी आफ्नो प्रतिवेदन पेश गर्नुहोस् ।

**महत्वपूर्ण !** छाँया वा वैकल्पिक प्रतिवेदन पेश गर्नेहरूले मात्र समीक्षा प्रक्रियाको क्रममा सीड (CEDAW) सँग प्रत्यक्ष संलग्न हुने अवसर पाउनेछन् ।

**सुझाव !** आईडब्लुआरएडब्लु एसिया पेसिफिक (IWRAW Asia Pacific) एउटा नारीवादी संस्था हो जसले नागरिक समाजका सदस्यहरूलाई सीड (CEDAW) सँग संलग्न हुन सहयोग गर्छ । नागरिक समाजलाई सीड (CEDAW) सँग सोझै पैरवी गराउनको लागि यस संस्थाले विभिन्न मञ्चहरूको सहजिकरण गर्दछ ।

तपाईले आईडब्लुआरएडब्लु (IWRAW) लाई यहाँ सम्पर्क गर्न सक्नुहुनेछ : iwraw-ap@iwraw-ap.org.

**उनीहरूले सम्पूर्ण संलग्न प्रक्रियाको लागि समय-सीमा सहित बहुमुल्य जानकारी प्रदान गर्ने हुनाले यस संस्थासँग सम्पर्कमा रहनु महत्वपूर्ण कदम हो ।**
• प्रतिवेदन पठाउनु अघिको बिषयसुची (आधारभूत प्रतिवेदन प्रक्रियाको लागि), वा बिषयसुची - परम्परागत प्रतिवेदन प्रक्रियाको लागि) - राज्यले आफ्नो प्रतिवेदन/लिखित प्रतिक्रियाहरूमा सम्बोधन गर्नको लागि चाँडै आफ्नो विचार पठाउनुहोस् किनभने यसले सीड (CEDAW) लाई मुख्य प्राथमिकताहरू पहिचान गर्न मद्दत गर्दछ । **राज्यको समिक्षा भइरहँदा, र पुन: निष्कर्ष टिप्पणी (concluding observations) को समय तपाईंको संस्थाका लागि बाल विवाह विरुद्ध पैरवी गर्ने प्राथमिक अवसर हो ।**

• अघिल्लो समीक्षाको निष्कर्ष टिप्पणीहरू (concluding observations) मा प्रतिक्रिया दिन राज्यका प्रयासहरूसँग सम्बन्धित प्रश्नहरूको सूची समावेश गर्ने, विशेष गरी समीक्षा भइरहेको राज्यद्वारा बाल विवाहलाई सम्बोधन गर्ने प्रयासहरूलाई सम्बोधन गर्ने ।

• आफ्नो प्रतिवेदन पेशगरिसकेपछि - आफ्नो सन्दर्भको आधारमा - तपाईंले एक बयान जारी गर्न सक्नुहुन्छ । सार्वजनिक बहसलाई प्रोत्साहित गर्न र चलिरहेको सीड (CEDAW) समीक्षा प्रक्रियामा ध्यान आकर्षित गर्न प्रतिवेदन प्रकाशित गर्न सक्नुहुन्छ ।

## कसरी गर्नेः सीड (CEDAW) प्रतिवेदन लेख्ने र पेश गर्ने

**फर्म्याटः** Ms.words

**शब्द सीमाः**

- विस्तृत प्रतिवेदनका लागि (अन्य संस्थाहरूसँगको सहकार्यमा बनाइएको सामूहिक प्रतिवेदनहरू), फुटनोट सहित अधिकतम ६,६०० शब्द (लगभग १२ पृष्ठ)।
- विषयगत प्रतिवेदनका लागि, फुटनोट सहित अधिकतम ३,३०० शब्द (लगभग ७ पृष्ठ)।
- निष्कर्ष टिप्पणी प्रक्रिया (concluding observations procedure) मा फलोअप प्रतिवेदनका लागि अधिकतम ३,५०० शब्द।

**भाषाः** प्रतिवेदन अंग्रेजी, फ्रेन्च वा स्पेनिश भाषामा प्रस्तुत गर्न सकिन्छ। यदि सम्भव छ भने, तपाईको प्रतिवेदनको पूर्ण संस्करण अंग्रेजीमा र फ्रेन्च र स्पेनिशमा प्रमुख सिफारिसहरु सहित सार-संक्षेप पेश गर्नुहोस्।

**समयतालिकाः**

- सरल प्रतिवेदन प्रक्रियाका लागि, पूर्व-सत्र भन्दा ६ हप्ता अगाडी आफ्नो प्रतिवेदन पेश गर्नुहोस्।
- परम्परागत प्रतिवेदन प्रक्रियाका लागि, पूर्व-सत्र भन्दा २ हप्ता अगाडी आफ्नो प्रतिवेदन पेश गर्नुहोस्।

**प्रतिवेदन पेश गर्नका लागि निर्देशनहरूः**

- तपाईंको प्रतिवेदन इलेक्ट्रोनिक रूपमा दिइएको ठेगानामा पठाउनुहोस् cedaw@ohchr.org
- तपाई आफ्नो प्रतिवेदन आईडब्लुआरएडब्लु एशिया प्यासिफिकको (IWARAW) को इमेल iwraw–ap@iwraw-ap.org मा पनि पठाउन सक्नुहुन्छ। उनीहरूले CEDAW सदस्यहरूलाई इलेक्ट्रोनिक र हार्ड कपी वितरण गर्नेछन्।
- तपाई विवरण र समय सीमाको लागि iwraw–ap@iwraw–ap.org मा इ-मेल पठाउन सक्नुहुन्छ। इमेलको विषयमा "submission" र "देशको नाम "(उदाहरणका लागि "submission फिलिपिन्स")" भनेर संकेत गर्नुहोस्।

**याद राख्नुहोस्!** सीड (CEDAW) ले प्रतिवेदन चक्रमा भाग लिन चाहने नागरिक समाजको लागि सूचना तयार गर्दछ। यसमा छाँया प्रतिवेदन र प्रतिवेदन अवधिको बारेमा अन्य महत्वपूर्ण जानकारी पेश गर्ने दिशानिर्देश समावेश छन्। तपाईले OHCHR को वेबसाइटमा प्रत्येक (अघिल्लो) सत्रको उपलब्ध जानकारी हेर्नुपर्छ। "General Documentation > Information from secretariat > Participation by Non-government Organizations (NGOs)"

## चरण २. (निमन्त्रणा आएको स्थितिमा गरिनुपर्ने विषय सम्बन्धी सुझाव) पूर्व-सत्र कार्य समूहको अनौपचारिक गोप्य (private) ब्रीफिङमा भाग लिनुहोस्।[२०]

पूर्व-सत्रको दौरानमा, नागरिक समाजले सीड (CEDAW) का सदस्यहरूसँग अनौपचारिक गोप्य (private) बैठकमा भाग लिन सक्छन्। उनीहरूलाई वैकल्पिक वा छायाँ प्रतिवेदनद्वारा दिइएको जानकारीमा विस्तृत रूपले मौखिक हस्तक्षेपहरू गर्नका लागि आमन्त्रित गरिन्छ।

**यो समीक्षा भइरहेको राष्ट्रलाई बाल विवाह सम्बन्धी अद्यावधिक र वैकल्पिक जानकारी, र अन्तर्दृष्टि प्रदान गर्ने, र छलफललाई आकार दिने बहुमूल्य अवसर हो। यसले पूर्व-सत्रको कार्यगत समूहले बाल विवाह सम्बन्धित महत्वपूर्ण सरोकारहरूलाई आवश्यक ध्यान र विचार दिउन् भन्ने सुनिश्चित गर्दछ।**

पूर्व-सत्रभन्दा १ महिना अगाडी सीड (CEDAW) सचिवालयमा सम्पर्क गरेर तपाई सहभागी हुन चाहनुहुन्छ भन्ने जानकारी दिनुहोस्।

२०. सिड, n.d., प्रक्रिया र कार्य तरिकाको नियमहरू

## कसरी गर्ने: अनौपचारिक गोप्य (private) ब्रीफिङमा भाग लिनुहोस्

• पूर्व-सत्रको १ महिना अगाडी, सीड (CEDAW) सचिवालयलाई ohchr-cedaw@un.org मा सम्पर्क गर्नुहोस्, iwraw-ap@iwraw-ap.org मा एक प्रतिलिपि पठाउनुहोस् र तपाई सहभागी हुन चाहनु हुन्छ भनी संकेत गर्नुहोस् । उनीहरूले मिटिङको लिङ्क दिनेछन् र तपाईंलाई स्पिकरको सूचीमा थप्नेछन् ।

• सिड (CEDAW) ले प्रत्येक देशको समिक्षामा समस्त नागरिक समाजलाई हस्तक्षेप गर्नका लागि १० मिनेट समय तोक्छ । आईडब्लुआरएडब्लु एशिया प्यासिफिक (IWRAW Asia Pacific) ले मौखिक हस्तक्षेपका लागि समय छुट्याउन र प्राथमिकताका क्षेत्रहरू पहिचान गर्न अन्य नागरिक समाज सदस्यहरूसँग समन्वय गर्नका लागि मद्दत गर्नेछ । त्यस पछि आईडब्लुआरएडब्लु एशिया प्यासिफिक (IWRAW Asia Pacific) ले नागरिक समाजको तर्फबाट OHCHR को लागि वक्ताहरूको नाम, क्रमसंख्या र अग्रिम सहमति अनुसार बोल्ने समय उल्लिखित अन्तिम सुची दिनेछ ।

• आफ्नो मौखिक हस्तक्षेप तयार गर्नुहोस् र आफ्नो लिखित बयान सिड (CEDAW) को कामकाजी भाषाहरू (अंग्रेजी, फ्रेन्च वा स्पेनिस) मध्ये कुनै एकमा ohchr-cedaw@un.org लाई पूर्व-सत्र अघि नै पठाउनुहोस् । (नागरिक समाजको सहभागिता मितिका लागि दिशानिर्देश सहितको दस्तावेजमा उपलब्ध हुन्छन् ।) तपाईंले यसलाई वर्ड डकुमेन्टको रूपमा पठाउनुपर्छ ।

• तपाई व्यक्तिगत रूपमा वा जुम मार्फत सहभागी हुन सक्नुहुन्छ । त्यहाँ दोभाषे सेवाहरू उपलब्ध छन् । संयुक्त राष्ट्र संघले व्यक्तिगत सहभागिताका लागि प्रायोजन गर्दैन ।

## चरण ३. (सिफारिस गरिएको) राज्य प्रतिवेदनमा सहभागी हुनुहोस् ।

सिड (CEDAW) प्रतिवेदन प्रक्रियामा प्रायजसो देशको परराष्ट्र मन्त्रालयले समन्वय गर्ने गर्दछ । तपाईंले उक्त मन्त्रालयसँग संलग्न हुँदै-सहकार्य गर्दै राज्यलाई सिड (CEDAW) का सिद्धान्त र प्रावधानहरू सम्मत बनाउनका लागि बाल विवाहको विज्ञ ल्याउन सक्नुहुन्छ ।

राज्यहरूद्वारा छोडिएका संभावित अपर्याप्ततालाई सम्बोधन गर्दै तपाईंले प्रतिवेदनलाई वृहत राष्ट्रिय वृत्तमा सार्वजनिक गर्नका लागि आफ्नो सम्पर्क र सञ्जाललाई पनि प्रयोग गर्न सक्नुहुन्छ ।

## चरण ४. (सिफारिस गरिएको) अद्यावधिक गरिएको छाँया वा वैकल्पिक प्रतिवेदन पेश गर्नुहोस् वा राज्य समीक्षा-सत्र अगाडी एउटा विशिष्ट प्रतिवेदन तयार गर्नुहोस्

यदि तपाईंको संस्थाले राज्य समीक्षा-सत्र अगाडी प्रतिवेदन पेश गरेको छ भने (चरण १ हेर्नुहोस्), तपाईंले अब नयाँ जानकारीलाई प्रकाश पार्ने र तपाईंको देशमा बाल विवाहबारे वैकल्पिक अन्तर्दृष्टि प्रस्तुत गरी अद्यावधिक प्रतिवेदन पेश गर्न सक्नुहुन्छ ।

तपाईंको अपडेट गरिएको प्रतिवेदनमा, प्रतिवेदन पेश गर्नु अगाडी राज्यको प्रतिवेदनमा उल्लिखित विषयसुची (वा मुद्दाहरूको सूची) र सरोकारहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्नुपर्छ, किनकि सिड (CEDAW) ले समीक्षाका लागि मुद्दाहरूलाई प्राथमिकता दिन्छ र राज्यको प्रतिवेदनहरूमा अपर्याप्ततालाई सम्बोधन गर्ने लक्ष्य राख्दछ ।

### सुझाव ! तपाईं अन्य संस्थाहरूसँग सहकार्य गर्दै संयुक्त वा स्वतन्त्र एकल रूपमा पेश गर्न सक्नुहुन्छ ।

कुनै पनि प्रतिवेदनलाई विकास र प्रस्तुत गर्ने दृष्टिकोण - सहकार्य वा स्वतन्त्र रूपमा - तपाईंको समय, स्रोत र बाल विवाह सम्बन्धी बिषयलाई सम्बोधन गर्न अन्य संस्थाहरूसँगको सम्बन्धमा निर्भर गर्दछ ।

**सहकार्य: एक विस्तृत प्रतिवेदन**

सिड (CEDAW) ले एउटै राष्ट्रका नागरिक समाजबाट धेरै प्रतिवेदनहरू प्राप्त गर्दछ । त्यसैले बाल विवाहलाई सम्बोधन गर्न र महिला अधिकार र लैङ्गिक समानतालाई फराकिलो बनाउन समर्पित अन्य संस्थाहरूसँग समन्वय गर्नु उत्तम हुन सक्छ, ताकि सँगै मिलेर लामो, विस्तृत प्रतिवेदन तयार गर्न सकियोस् । त्यसपछि सिड (CEDAW) ले एक व्यापक समीक्षा प्रक्रिया गर्न सक्दछ, सबै पेशीहरूमाथि विचार गरिएको सुनिश्चित गर्दछ र सम्भावित रूपमा बाल विवाह रोक्न र प्रतिक्रिया दिनको लागि लक्षित हस्तक्षेपहरूको आवश्यकतामा थप प्रभावकारी पैरवी गर्न नेतृत्व गर्दछ ।

आफ्नो देशमा बाल विवाहलाई सम्बोधन गर्ने नागरिक समाजसम्म पुग्न विचार गर्नुहोस् । गर्ल्स नट ब्राइड्सले तपाईंलाई जोडिन सहयोग गर्न सक्छ ।

• *गर्ल्स नट ब्राइड्*सका सदस्य डाइरेक्टरी मार्फत तपाईंको राष्ट्रमा बाल विवाहमा काम गर्ने विभिन्न संस्थाहरू फेला पार्नुहोस् ।
• *गर्ल्स नट ब्राइड्*सका राष्ट्रिय साझेदारी र गठबन्धनका पृष्ठहरूमा (National Partnership and Coalition Pages) राष्ट्रिय र उप-राष्ट्रिय स्तरमा बाल विवाहलाई सम्बोधन गर्न सँगै मिलेर काम गर्ने संस्थाहरूको संजाल फेला पार्नुहोस् ।
• यदि तपाई प्रतिवेदन पेश गर्ने बारे सोच्दै हुनुहुन्छ र अन्य संस्थाहरूको गतिविधिहरूको बारेमा जानकारी चाहनुहुन्छ वा सहयोगी खोज्न चाहनुहुन्छ भने, info@girlsnotbrides.org मा *गर्ल्स नट ब्राइड्*सको सचिवालयलाई इमेल गर्नुहोस्।

**याद गर्नुस् !** विस्तृत प्रतिवेदनका लागि शब्द सीमा ६,६०० शब्द रहेका छन् ।

**स्वतन्त्र: एक विषयगत प्रतिवेदन**

प्रतिवेदनको विषयवस्तुका लागि नागरिक समाजबीच सहमति जुटाउन निकै चुनौतीपूर्ण र समय लाग्ने हुन सक्छ । यदि तपाईको संस्थाले बाल विवाहमा मात्र ध्यान केन्द्रित गर्दछ र सीमित समय छ भने, यो छोटो विषयगत प्रतिवेदन पेश गर्नु राम्रो हुन सक्दछ । यस दृष्टिकोणले बाल विवाहको बारेमा थप गहन, विशिष्ट, तथ्यांक-संचालित र प्रमाणमा-आधारित जानकारीको लागि अनुमति दिन्छ ।

**सम्झनुहोस् !** विषयगत प्रतिवेदनका लागि शब्द सीमा ३,३०० शब्द रहेका छन् ।

## समिक्षाको दौरान

### चरण ५क. राष्ट्रसंगको समिक्षा सत्रमा सहभागी हुनुहोला । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

सिड (CEDAW) र राष्ट्रका प्रतिनिधीहरु बिच हुने समिक्षा सत्रमा नागरिक समाज पनि उपस्थित हुन सक्नेछन् । तपाईंहरु त्यहाँ पर्यवेक्षकका हैसियतमा मात्रै उपस्थित हुनुहुनेछ र हस्तक्षेप गर्न पाउनु हुने छैन । OHCHR ले यसका लागि निमन्त्रण पत्र पठाउँदैन ।

यस्ता संवादहरु प्राय जसो सिड सत्रको **पहिलो वा दोस्रो हप्ता** हुने गर्दछ ।

**कसरी: सिड (CEDAW) संगको राज्यको समिक्षा सत्रमा सहभागी हुने**

- राज्यको समिक्षा सत्रमा सहभागी हुनका लागि यूएन (UN) को सम्बन्धीत अनलाइन मञ्चहरुबाट प्रामाणिकता लिइ आफ्नो नाम दर्ता गर्नुहोला। तपाईंको यस्तो अनुरोध स्विकृत हुन २ दिनको कार्य-अवधी लाग्न सक्छ ।

तपाईं सहभागी हुन चाहेको सत्रको लागि OHCHR को वेवसाइटमा OHCHR web page लिंक उपलब्ध हुनेछ ।

अझ धेरै जानकारीका लागि OHCHR को मान्यता सम्बन्धी वेवसाइट accreditation web page हेर्नुहोला

२. स्विजरल्याण्ड प्रवेश गर्न तपाईंको भिसा, यात्रा र बासको प्रबन्ध मिलाउनुहोला । OHCHR ले यसको लागि सहयोग गर्न सक्दैन र पर्यवेक्षकहरुको भिसा निवेदनका लागि स्विस अधिकारीहरुलाई कुनै पनि प्रकारको पत्र दिन असमर्थ छ ।

३. यदि तपाईं भौतिक रूपमा उपस्थित हुन सक्नु हुन्न भने, तपाईंले यो संवादलाई अनलाइनमा UN WebTV मार्फत हेर्न सक्नुहुनेछ ।

### चरण ५ख. नागरिक समाजका अन्य सदस्यहरुसंग अनौपचारिक सार्वजनिक बैठकमा सहभागी हुनुहोस् । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

सिड (CEDAW) ले नागरिक समाजका प्रतिनिधीहरुलाई महासन्धि कार्यान्वयनसंग सम्बन्धित मुद्दाहरुमा आ-आफ्नो देश अनुसारको जानकारी प्रदान गर्नका लागि निम्तो गर्दछ ।

नागरिक समाजका सदस्यहरुसंगको अनौपचारिक सार्वजनिक बैठक प्राय जसो सत्रको पहिलो वा दोस्रो हप्ताको पहिलो दिनमा बस्ने गर्दछ ।

यस्ता अनौपचारिक सार्वजनिक बैठकमा हुने मौखिक हस्तक्षेपहरु पनि पुर्व-सत्रका बेलाको गोप्य (private) अनौपचारिक बैठक (चरण २ कै ढाँचामा हुने गर्दछ । यसमा भिन्नता भनेको सार्वजनिक बैठकहरु UN Web TV मार्फत सार्वजनिक रुपमा प्रसारण गरिन्छन् ।

### कसरी : अनौपचारिक सार्वजनिक बैठकमा सहभागी हुने

१. यदि तपाईं हस्तक्षेप गर्न चाहनुहुन्छ भने सिड (CEDAW) सचिवालयलाई यस इमेल ठेगानामा सम्पर्क गर्नुहोला cedaw@ohchr.org। यस पश्चात उनीहरुले तपाईलाई वक्ताको सुचीमा राख्न सक्छन् र यदि तपाईंले अनलाइन मार्फत सहभागिता जनाउँदै हुनुहुन्छ भने त्यसको लिंक तपाईंलाई प्रदान गर्नेछन् । सत्र सञ्चालन हुने तोकिएको मिति भन्दा एक महिना अगाडी यी कार्य गर्नुहोला।

२. यदि सिड (CEDAW) संग सार्वजनिक रुपमा अन्तरक्रिया गर्नुहुन्छ भने तपाई र तपाईंको संस्थालाई पर्न सक्ने सम्भावित जोखिमहरुका लागि **सुरक्षाको मुल्याकंन** गर्नुहोला ।

३. पुर्व-सत्र (र सार्वजनिक बैठक) को अगाडि तपाईंको मौखिक वक्तव्यको विद्युतिय संस्करण (electronic version) वर्ड फर्म्याटमा सिडलाई ohchr-cedaw@un.org मा यस इमेल मार्फत पठाउनु होला । यसको एक उदाहरण मलेसियाको यस संयुक्त मौखिक वक्तव्यलाई लिन सकिन्छ । तपाईंको वक्तव्य अंग्रेजी, फ्रेन्च वा स्पेनिस भाषामा हुनुपर्नेछ ।

## चरण ५ग.

## दिउँसोको खानाको दौरानमा सिड (CEDAW) संग गोप्य (private) सुनुवाईको आयोजना गर्नुहोला । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

कुनै पनि देशको समिक्षा सत्रहरू शुरू हुनु अगाडी समिक्षा हुन लागेका प्रत्येक देशका नागरिक समाज र सिड (CEDAW) समितिले खाना खाने समयमा कुराकानी गर्ने व्यवस्था गरिएको हुन्छ । यो कुराकानी सार्वजनिक हुँदैन र समिक्षा गरिन लागेको देशको नागरिक समाजले यस समयमा सिड समितिलाई विषयगत वस्तुस्थितिको बारेमा जानकारी दिने थप अवसर पाउँछन् । यस मार्फत तपाईंले अनौपचारिक सार्वजनिक बैठकमा सिड (CEDAW) सदस्यहरुबाट उठेका प्रश्नहरुको जवाफ दिन सक्नुहुन्छ साथै उनीहरुको अरु कुनै नयाँ प्रश्नहरु भए त्यसलाई पनि सम्बोधन गर्न सक्नुहुन्छ ।

**महत्वपुर्ण !** कुनै कुनै सुनुवाईहरुमा सरकारसंग आवद्ध गैर-सरकारी संस्थाहरुले पनि भाग लिन सक्नेछन् जसले यसमा भएको छलफल अधिकारीहरु समक्ष पुऱ्याउन सक्नेछन् । सिड (CEDAW) संग यसरी अन्तर्क्रिया गर्नु अगाडि तपाईंले सुरक्षाको मुल्याकंन गर्नुहोला ।

### गोप्य सुनुवाई (private briefing) कसरी आयोजना गर्ने ?

१. आईडब्लुआरएडब्लु (IWRAW) लाई यस इमेल ठेगानामा सम्पर्क गर्नुहोला: iwraw-ap@iwraw-ap.org । यस प्रक्रियाका बारे बुझाउन आईडब्लुआरएडब्लु (IWRAW) ले अनलाइन मार्फत जानकारी सत्रको व्यवस्था गर्नेछ ।

२. सुरक्षाको मुल्यांकन पूर्ण रूपले गर्नुहोला ।

## चरण ५घ.

## विषयगत जानकारी (briefing) र side event आयोजना गर्नुहोस् । (सिफारिस)

सिड (CEDAW) का सदस्यहरुको सहभागितामा सिड (CEDAW) सत्रसंग समानान्तर रुपमा नागरिक समाजले पनि सहायक कार्यक्रमहरु आयोजना गर्न सक्छन् ।

### कसरी : विषयगत जानकारी (briefing) या side event आयोजना गर्ने

१. ओएचसिएचआर वेवसाइट ohchr website मा राष्ट्रको समिक्षा सत्रको समय तालिका हेर्नुहोला ।
२. सिड (CEDAW) सचिवालयमा निम्न इमेल ठेगानामा सम्पर्क गर्नुहोला cedaw@ohchr.org । सहायक कार्यक्रमका लागि तपाईंका विषयगत जोड-उद्धेश्य स्पष्ट गर्नुहोला । सबै प्राप्त अनुरोधहरु र सिड सदस्यहरुको उपलब्धता अनुसार सचिवालयले यस्ता अनुरोधहरुलाई व्यवस्थापन गर्न सक्ने सम्भाव्यता अध्ययन गर्नेछ ।

राष्ट्रको समिक्षाको ६ या ७ महिना अगाडि कम्तीमा पनि दुईटा सत्रका लागि यि तरिकालाई अपनाउनु होला

**समिक्षा पछि**

## कदम ६. | अनुगमन पैरवी । (Followup) (उच्च सिफारिस)

राष्ट्रिय स्तरमा तपाईंको पैरवीका लक्ष्यहरु अघि बढाउनका लागि तपाईंले निश्कर्ष सुझावहरु प्रयोग गर्न सक्नुहनेछ । अब तपाईंले यस सिड (CEDAW) को सुझावहरुको अधिकारलाई प्रयोग गर्दै यस महासन्धि अन्तर्गत रहेको तपाईंको राष्ट्रको विशेष गरी बाल विवाहसंग सम्बन्धित दायित्वहरु पुरा गर्नका लागि सरकारलाई दबाब दिन सक्नुहुन्छ ।

### कसरी : तपाईंको राष्ट्रिय पैरवीमा सिड (CEDAW) को सुझावहरुलाई प्रयोग गर्ने

अनुगमनको चरणमा तपाईंको संस्थाले निम्न कदमहरु चाल्न सक्छ :

१. सम्बन्धित सरकारी विभागहरु, मानवअधिकार सम्बन्धी संस्थाहरु, लोकपाल (Ombudsperson) र अन्य निकायहरुसंग पक्ष राष्ट्रले सिड (CEDAW) अन्तर्गत आफ्नो दायित्व र सिफारिसहरु पुरा गरे नगरेको मुल्याकंन गर्नका लागि **परामर्श बैठकहरु आयोजना गर्नुहोस् ।**

२. **निष्कर्ष सुझावको प्रचार प्रसार गर्नुहोस्:** तपाईंको संस्थाको पैरवी रणनीति र कायर्क्रम संचालनको परिप्रेक्ष्य अनुसार तपाईंले यी निम्न कुराहरु गर्न सक्नुहुन्छ :

- निश्कर्ष सुझावहरुको सरल र आधारभूत जानकारी लिखित रूपमा तयार गरेर सबैलाई बाँड्नुहोला । यसमा बाल विवाह सम्बन्धी सिआरसि (CRC) को सुझावहरु साथै शिक्षा र स्वास्थ्य जस्ता अन्य सान्दर्भिक मुद्दाहरुमा बढी जोड दिनुहोला ।
- यसलाई **स्थानिय भाषाहरुमा अनुवाद** गर्दै धेरै भन्दा धेरै प्रचारप्रसार गर्नु होला । बाल विवाह एकदमै धेरै हुने स्थानहरुमा विशेष जोडका साथ प्रसार गर्नुहोस् ।
- धेरै भन्दा धेरै जन चेतना निर्माणका लागि र ठोस कदमहरुका लागि दबाब सर्जना गर्नका लागि एउटा **पत्रकार सम्मेलन आयोजना गर्न पनि सकिन्छ ।**

३. **सरकारी निकायहरुसंग सहकार्य गर्दै निष्कर्ष सुझावहरुको कार्यान्वयनका लागि पैरवी गर्नुहोस् ।**

- सुझावहरुको कार्यान्वयनको बहसमा **सांसदहरुलाई सहभागी** गराउनु होस् ।
- बाल विवाह अन्त्य र विवाह वा सहवास **(union)** मा बसिरहेका वा बसेका बालिकाहरुको सहयोगको प्रगतिका बारेमा **वार्षिक प्रतिवेदनहरु** निकाल्नु होस् ।
- संभव भएसम्म परिस्थितीले अर्थपूर्ण र सुरक्षित सहभागिता हुन दिन्छ भने अनुगमन र पैरवी प्रक्रियामा **प्रभावित बालबालिका र किशोरकिशोरी** विशेष गरि बालिकाहरुलाई **संलग्न गराउनु होस् ।**

४. **सिड (CEDAW) लाई निश्कर्ष सुझावहरुको बारेमा पृष्ठपोषण :**

- बाल विवाह र सम्बन्धित शिक्षा, स्वास्थ्य लगायतका अधिकार रहेका खण्डहरुमा केन्द्रित रहनुहोस् । सिड (CEDAW) को सुझावहरु र टिप्पणीहरुको सान्दर्भिकता र सटिकतालाई प्रकाश पार्नुहोस् ।

५. **एउटा अन्तरिम प्रतिवेदन तयार पार्नुहोस् ।** सिड (CEDAW) ले राष्ट्रलाई केही मुख्य र प्राथमिकतामा परेका सुझाव या सिफारिसहरुको कार्यान्वयनका लागि चालिएको कदमहरुको जानकारी सहितको प्रतिवेदन १ या २ वर्ष भित्र बुझाउनका लागि राष्ट्रलाई आग्रह गर्दछ । यस्ता सुझाव या सिफारिसहरु निश्कर्ष सुझावको अन्त्यमा पहिचान गरिन्छ । यी सुझाव या सिफारिसहरुको राज्यबाट कार्यान्वयनबारे कुनै पनि प्रगती र चुनौतीहरुबारे तपाईंले सिड (CEDAW) लाई सुसुचित गर्न सक्नुहुनेछ ।

**सुझाव ! सिड (CEDAW) मा बुझाइएको नागरिक समाजका प्रभावकारी प्रतिवेदनहरुबाट सिक्नुहोस् ।**

*गर्ल्स नट ब्राइड्स* का सदस्य संस्थाहरुबाट :

- **अर्जेन्टिना** । *गर्ल्स नट ब्राइड्स* का सदस्य Fundación para Estudio e Investigación de la Mujer (FEIM) सम्मिलित एक गठबन्धनको प्रतिवेदन । समितिमा पेश गरिनुपर्ने चौथो आवधिक प्रतिवेदनको ढाँचामा महिला विरूद्द हुने सबै प्रकारका विभेदको अन्त्य सम्बन्धी महासन्धी (CEDAW) को पालनाको मुल्यांकन (Evaluation of compliance with the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) in the framework of the presentation of the fourth periodic report to the Committee). अक्टोबर २०१६ ।
- **नेपाल** । *गर्ल्स नट ब्राइड्स* को सदस्य Women's Rehabilitation Center (WOREC) सम्मिलित एक गठबन्धनको प्रतिवेदन । महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र नेपालका सात प्रदेशहरूका १०० भन्दा बढी गैसस/सिबिओहरूको सहकार्यको प्रतिवेदन (National Alliance of Women Human Rights Defenders, Nepal in collaboration with more than 100 NGOs/CBOs from all 7 provinces of Nepa). सेटेम्बर २०१८ । अन्य नागरिक समाजहरुबाट
- **बेल्जियम** । प्रतिवेदन पुर्वको विषयसुचीका लागि प्रतिवेदन। अपांगता अधिकारमा बेल्जियन डिसएबिलिटि फोरम (बिडिएफ) को विषयगत प्रतिवेदन (Thematic report by the Belgian Disability Forum (BDF) on disability rights). नोभेम्बर २०१९।
- **इजिप्ट** । इजिप्टको कानूनी संरचना र अभ्यासले महिला विरूद्द गर्ने डि जुरे र डि फ्याक्टो विभेद सम्बन्धी संयुक्त विषयगत प्रतिवेदन (Joint Thematic Report on Egypt's legal frameworks and practices that enforce de jure and de facto discrimination against women). सेप्टेम्बर २०२१
- **इथियोपिया** । सिइएफएमयू (CEFMU) / एफजिएम (FGM) सम्बन्धी विषयगत प्रतिवेदन ( Thematic report on CEFMU and FGM). फेब्रुअरी २०१९ ।

**कसरी : सिड (CEDAW) मा पेश गरिने छाँया या वैकल्पिक प्रतिवेदनको संरचना र लेखन**

- **शिर्षक पेज,** यी निम्न कुराहरु सहितको :
- प्रतिवेदनको शिर्षक, जसमा तपाईंले कुन राष्ट्रका बारेमा प्रतिवेदन दिँदै हुनुहुन्छ, यस प्रतिवेदन कुन सन्धि र कुन समय अवधिका लागि हो भनेर खुलाउनुपर्छ । उदाहरणका लागि पूर्व-सत्र वा सत्र संख्याका लागि देशको नाम को बारेमा सिड (CEDAW) मा पेश गरिएको नागरिक समाजको प्रतिवेदन "Alternative report to CEDAW on [Country Name] for the [Number of pre-session or session]"
- प्रतिवेदन पेश गर्ने संस्था(हरु) ।
- पेश गरेको मिती ।
- सम्पर्क ठेगाना ।
- यदि एक भन्दा बढी भाषामा प्रतिवेदन उपलब्ध छ वा त्यसको विस्तृत लामो प्रतिवेदन भएमा अन्य/मुल प्रतिवेदनको शिर्षक
- प्रतिवेदन गोप्य हो वा हैन ।

**विषय सुची**

- यी निम्न कुराहरु सहित **कार्यकारी सारांश:**
- तपाईंको विश्लेषणको मुख्य परिणामहरुको वर्णन
- मुख्य विकासक्रम र चुनौतीहरुको छोटकरी वर्णन

**यी निम्न सहित परिचय :**

- **पृष्ठभुमि जसमा,**
- o प्रतिवेदन तयार पार्ने संस्था(हरु)/समुहको नाम
- o महासन्धिको कार्यान्वयनको सन्दर्भमा छोटकारीमा सो देशको परिचय । बाल विवाह सम्बोधनमा अनिवार्य नितीनियमहरुको सरकारद्धारा कार्यान्वयनको सकारात्मक पाटोलाई प्रकाश पार्दै चुनौतीहरु पनि प्रस्तुत गर्नुहोला ।
- o प्रतिवेदनमा सम्बोधन गरिएका शिर्षकहरु र सम्बन्धित महासन्धिका धाराहरुको सारांश ।

**पद्धति (छोटकरी विवरण) ।** केही पद्धतिहरु यी हुन सक्छन् :

- ○ प्रतिवेदन लेखनका लागि प्रयोग गरिएको विधीहरुबारे छोटकरी विवरण । केही सम्भावित विधीहरु निम्न हुन सक्छन् :
  - ○ राष्ट्रिय कानूनी संरचनाहरुको समिक्षा
  - ○ सरकारी कार्यक्रमहरुको समिक्षा
  - ○ तथ्यांक संकलन र प्रतिवेदन मस्यौदाका लागि परामर्श गरिएका सरोकारवालाहरुको संख्या (यदि छ भने)
  - ○ तथ्यांक संकलन वा समिक्षाका लागि अपनाइएका पद्धतिहरु (यदि संभव भएमा यो भनेको लक्षित समुह छलफल, कार्यशाला, सरोकारवालासंगको परामर्श, सर्भे आदि हुन सक्छ) ।

## सिडको प्रावधान आधारित विश्लेषण :

• बाल विवाहलाई सम्बोधन गर्ने महासन्धिका धाराहरु पहिचान गर्नुहोस् (पेज नं.३१-३५ मा दिइएको तालिका हेर्नुहोला) र तपाईंको कानूनी विश्लेषण अनुसार प्रत्येक सन्धिका लागि थोरै सन्दर्भ र अवस्था विश्लेषण पेश गर्नुहोला ।

• बाल विवाह सम्बोधनका लागि राज्यले कार्यान्वयन गरेको नीतिगत, विधीगत र संस्थागत उपायहरु ।
जस्तो उदाहरणका लागि के राज्यले बाल विवाहको सन्दर्भमा ठोस कुनै कानूनहरु बनाएको छ ? बाल विवाहको जोखिममा रहेका वा विवाहित वा विवाह भइसकेका वा/तथा बालबच्चा हुर्काइरहेका बालिकाहरुका लागि सरकारी नेतृत्वमा भएका केही पहलहरु लिइएको छ या छैन?

• यदि तपाईंको देशबाट प्रतिवेदन बुझाइसकेको भए, राष्ट्रिय प्रतिवेदन र सिड (CEDAW)ले जारी गरेको प्रतिवेदन पूर्वको विषयसुचीमा कुनै फरक वा भिन्नता भएमा सो को पहिचान गर्नुहोला ।

• सिड (CEDAW) को विगतको सुझावहरुका आधारमा बाल विवाह सम्बोधनका लागि पहिचान गरिएका धाराहरुको प्रभावकारी कार्यान्वयनमा भइरहेको चुनौतीहरुको विश्लेषण गर्नुहोस् । तपाईंको यस्तो सुचनाहरु तथ्यांक, बयान, प्राज्ञिक अनुसन्धान, राष्ट्रिय र स्थानिय ऐनका प्रावधानहरु, नीति, नियमावली लगायतका प्रमाणहरुबाट पुष्टि गर्नुहोला । संभव भएसम्म उचित सन्दर्भ सामाग्रीहरू उल्लेख गर्नुहोला र श्रोतको लिंक (link) सहित राख्नुहोला ।

**लक्षित प्रश्नहरु/सुझावहरु :** बाल विवाहका लागि सान्दर्भिक प्रत्येक धाराहरुलाई हेरिसकेपछि ठोस वा लक्षित प्रश्नहरु वा सुझावहरुको छोटो लिस्ट सुची प्रदान बनाउनुहोला ।

• प्रतिवेदन पूर्वको विषयसुची वा विषयसुचीलाई प्रभाव पार्नका लागिः सरकारी प्रतिनिधी मण्डलले राज्यको प्रतिवेदन प्रस्तुत गरिरहेका बेलामा सोध्नका लागि सिड (CEDAW) लाई प्रश्नहरुको सुची प्रस्ताव गर्नुहोला । यसमा यी सम्बन्धि प्रश्नहरु समावेश गर्न सकिन्छ :
  - ○ वर्तमान नीतिनियमहरुको प्रभावकारिता
  - ○ बाल विवाह अन्त्यका लागि छुट्याइएको श्रोतहरु
  - ○ नागरिक समाजसंग सहकार्य

## निश्कर्ष सुझावहरुलाई प्रभाव पार्नका लागि

• बाल विवाहको जोखिममा रहेका वा विवाहित वा विवाह भइसकेका वा/तथा बालबच्चा हुर्काइरहेका बालिकाहरुका सम्पूर्ण अधिकार प्राप्तिको सुनिश्चितताका लागि सिड (CEDAW) लाई **सुझावहरुको एक सुची** प्रस्ताव गर्नुहोला ।
जस्तो उदाहरणका लागि, कानूनी संरचनाहरुको पैरवी, माध्यमिक शिक्षाका लागि बढ्दो आर्थिक सहयोग, विद्यालयका पाठ्यक्रमहरुमा विस्तृत लैंगिक शिक्षा समावेश, अथवा बाल विवाहको जरालाई सम्बोधन गर्नको लागि सांस्कृतिक रुपमा संवेदनशिल अभियानहरु ।

**सुझाव ! तपाईंको प्रतिवेदनलाई सहयोगी हुने विषयगत र राष्ट्रिय स्तरको प्रमाण तथा तथ्यांकहरु पेज नं.३७ मा रहेको श्रोतहरुको टुलबक्समा भेट्न सक्नुहुनेछ**

## ३.३ संयुक्त राष्ट्र संघिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी समितिसंग संलग्न-कार्य सम्बन्ध-सम्पर्क कसरी बढाउने

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (CESCR) र बाल विवाह बीचको सम्बन्धको बुझाइ

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको महत्वपुर्ण सन्धिहरु मध्ये को एक हो, र संयुक्त राष्ट्र संघिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी समिति (CESCR) ले यस सन्धीको कार्यान्वयन भए-नभएको हेर्ने गर्दछ। यस अनुबन्धले आधारभुत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको जग बसाल्ने कामगरेको छ जसमा पर्याप्त आवास, स्वास्थ्य, शिक्षा, सम्मानजनक काम, भेदभावबाट स्वतन्त्रता, लैंगिक समानता, विवाहमा स्विकृति तथा बाल श्रमबाट स्वतन्त्रता जस्ता अधिकारहरु पर्दछन्।

बाल विवाहले यसमा संलग्न बालबालिकाको **स्वास्थ्य, शिक्षा र रोजगारीको अधिकारलाई नकरात्मक असर पार्छ** भन्ने विषयमा जोड दिंदै सिइएससिआर (CESCR) ले बाल विवाहका बारेमा चासो व्यक्त गरेको छ।[२१] महिला र पुरुषको विवाहका लागि कानुनी उमेरको भिन्नताले धारा १० मा भएको विवाहका लागि निर्धक्क (बिना कुनै दबाब, डर, त्रास वा लोभ) स्विकृति दिने अधिकारको उल्लघंन गरेको भन्दै यस अनुबन्धले **विवाहको न्युनतम कानुनी उमेर १८ वर्ष** बनाउनु पर्ने सिफारिस गरेको छ।[२२]

सिइएससिआर (CESCR) संग संलग्नता, कार्य सम्बन्ध बढाँउदा बाल विवाहका बारेमा विस्तृत र प्रमाणसहितको जानकारी दिनु र यसलाई अनुबन्धमा रहेको सबैभन्दा सान्दर्भिक धाराहरुसंग जोड्नु एकदमै आवश्यक छ। यसले तपाईंलाई लिखित प्रतिवेदन तयार पार्न र तपाईंको देशमा बाल विवाहको अनुगमनलाई प्रभाव पार्न सहयोग गर्नेछ। यी सान्दर्भिक धाराहरुलाई निम्न तालिका ३ मा प्रस्तुत गरिएको छ।

सुझाव ! **सिइएससिआर (CESCR) का लागि प्रमाणमा आधारित प्रतिवेदन र बयानहरु तयार पार्नका लागि पेज नं. ५४ मा दिइएको टुलकिटको श्रोतहरु प्रयोग गर्नुहोला।**

**तालिका ३ : बाल विवाहसंग सान्दर्भिक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धाराहरुको एक झलक [२३]**

| बाल विवाहसंग सम्बन्धित अनुबन्धका धाराहरु | बाल विवाहसंगको सान्दर्भिकता |
|---|---|
| **धारा १ :** आत्म-निर्णय<br><br>राजनीतिक हैसियत निर्धारण गर्न पाउने तथा आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा स्वतन्त्रतापूर्वक लाग्न पाउने अधिकार | बाल विवाहको जड लैंगिक असमानता हो र यो बालिकाहरुको संकुचित आर्थिक, सामाजिक र सांस्कृतिक सहभागिताको कारण र दुष्परिणाम दुवै हो। धेरै जसो परिस्थितिहरूमा, उनीहरुसंग निर्णय लिने शक्ति हुँदैन जसमा यदि, कहिले र को संग बिहे गर्ने भन्ने, र विवाहभित्र उनीहरुको भुमिका र अवसरहरु जस्ता कुराहरु पर्छन् (विशेष गरी, उनीहरुको वैवाहिक साथी उनीहरुभन्दा धेरै पाका छन् भने)।<br><br>कानूनी पहिचान नभएका बालिकाहरु (उनीहरुको जन्म दर्ता गरेको छैन भने) विस्थापन (द्वन्द, संकट वा विवाहका कारण) ले कानूनी पहिचानमा जटिलता सर्जना भएको बालिकाहरू बाल विवाहको बढी जोखिममा हुन सक्छन् र उनीहरुले वैवाहिक सम्बन्धमा आफ्नो राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा तुलनात्मक रुपमा धेरै संकुचनहरु भोग्न सक्छन्।<br><br>विवाहित बालिकाहरुले जमिन र सम्पत्तिको स्वामित्वका साथै पैतृक अंश, राम्रो शैक्षिक र आर्थिक अवसरहरुमा पनि धेरै कानूनी र सामाजिक-सांस्कृतिक बाधाहरु भोग्दछन्। विवाह भइसकेपछि उनीहरुले धेरैजसो बेतलबी स्याहारसुसारको काम गर्छन् र आफ्नो वैवाहिक जिवनसाथी वा उनीहरुको परिवारबाट आउजाउमा बन्देज पनि भोग्न सक्दछन् जसले उनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक सहभागिता घट्दछ। |

२१. आइसिइएससिआर (ICESCR) को निश्कर्ष टिप्पणीहरु (concluding comments), श्रीलंका, E/C.12/1/Add.24 (1999) अनुच्छेद ९,

२२. आइसिइएससिआर (ICESCR) को निश्कर्ष टिप्पणीहरु (concluding comments), फ्रान्स, E/C.12/1/Add.72, अनुच्छेद २७,

२३. सिइएफएमयू (CEFMU) का लागि सान्दर्भिक सबै धाराहरु यो तालिकामा छैन। यसले *गर्ल्स नट ब्राइड्सका* सदस्यहरुलाई सिइएससिआर (CESCR) समितिसंग कसरी प्रभावकारी ढंगमा संलग्नता, कार्य सम्बन्ध सम्पर्क स्थापित गर्ने भनेर मार्ग निर्देश गर्ने हिसाबले केही मुख्य उदाहरणहरु मात्र समेटेको छ।

| | |
|---|---|
| **धारा २ :** भेदभाव रहित<br>राज्यले अनुबन्धमा उल्लिखित अधिकारहरु जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति गर्ने जिम्मेवारी लिनुपर्दछ । | सबै बालबालिकाहरुलाई, उनीहरुको जुनै पनि पहिचान भएपनि, बाल विवाहबाट समान रुपमा सुरक्षित हुने सुनिश्चितता गरिनुपर्छ । |
| **धारा ३ :** आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोगमा महिला र पुरुषबिच समानता । | बाल विवाह लैंगिक असमानताको जगमा उभिएका छ र यसलाई गरिबी, शिक्षाको कमी, असुरक्षा र महिला र बालिकाहरुलाई नियन्त्रण गर्ने र भेदभाव गर्ने सामाजिक मान्यताहरुले अझ जटिल बनाएको छ । । धेरै परिस्थितिहरूमा, बालिकाहरुसंग निर्णय लिने शक्ति हुँदैन जसमा यदि, कहिले र को संग बिहे गर्ने भन्ने, र विवाहभित्र उनीहरुको भुमिका र अवसरहरु जस्ता विषय पनि पर्छन् (विशेष गरी, धेरै पाको उमेरका वैवाहिक साथि साथी भएको अवस्थामा ) ।<br><br>त्यस्तै, १८ वर्ष अगावै विवाह गर्ने धेरै जसो बालिकाहरुले विद्यालय चाँडै छाड्ने संभावना हुन्छ जसले गर्दा उनीहरुले सम्मानजनक, तलबी काम मार्फत आर्थिक आत्मनिर्भरता तिर उन्मुख हुन चाहिने सिप, ज्ञान, संजाल र आत्मविश्वासको विकास गर्न पनि वन्चित हुन्छन् ।<br><br>उनीहरुले थप बेतलबी घरायासी र स्याहारसुसारका कामहरु पनि लिन्छन् र उनीहरुलाई घरैमा राख्न खोज्ने लैंगिक मुल्यमान्यताको शिकार हुन्छन् जसले गर्दा उनीहरु एक्लिदैं जाने र कमजोर मानसिक स्वास्थ्य जस्ता दुष्परिणामहरु हुन सक्छ ।<br><br>बालिकाहरूको श्रीमान वा श्रीमानको परिवारले उनीहरूको आफैंले निर्णय गर्न सक्ने क्षमताका साथसाथै हिंडडुललाई पनि बन्देज गर्न सक्दछन् र यसले उनीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक सहभागिता सम्बन्धित अवसरहरूको सिमिततालाई बढाउँछ । |
| **धारा ६ :** प्राविधिक र व्यवसायिक निर्देशन तथा तालिम कार्यक्रमहरु सहितको कामको अधिकार | विवाह भइसकेपछि बालिकाहरु फेरि विद्यालय फर्किने वा पढाईलाई निरन्तरता दिने संभावना एकदमै कम हुन्छ । त्यस्तै विद्यालय नजाने बालिकाहरुको १८ वर्षको उमेर अगावै विवाह गर्ने संभावना पनि धेरै रहेको छ । गर्भवती वा बालबच्चा हेरिरहेका बालिकाहरुले राष्ट्रिय कानूनहरुका कारण वा पुनःभर्नामा सहयोग नपाएर वा हेयका कारण विद्यालय छोड्ने वा विद्यालय जानबाट बंचित भएका हुन सक्छन् ।<br><br>उनीहरुले सिप, ज्ञान र संजाल निर्माण गर्न सक्ने शिक्षामा सिमित पहुँच र कमजोर सामाजिक, राजनीतिक र आर्थिक हैसियतका कारण बालिकाहरु प्रायः गरेर पुरुषमा आर्थिक रूपले निर्भर हुन्छन् जसका कारण वैवाहिक परिवेश लगायतका अरू परिवेशमा पनि उनीहरुको स्वतन्त्रता र अवसरहरु सिमित हुन्छन् ।<br><br>बालिकाहरुको ज्ञान र सिपहरु, घरपरिवारमा स्वायत्तता र महत्व निर्माण गर्नुका साथै सम्मानजनक काममा रुपान्तरित हुनका लागि चालिने पहलहरुले औपचारिक र अनौपचारिक शिक्षा दुवैलाई अंगिकार गर्नुपर्दछ । र विशेष गरी, उनीहरुको विवाह भइसकेको भए उनीहरुको बेतलबी घरायसी, स्याहारसुसार र कृषिका कामहरुलाई पनि विचार गर्नुपर्छ । यस्ता पहलहरूले बालिकाहरुलाई शिक्षा र रोजगारबाट एक्लाउने र बहिष्कार गर्ने वा उनीहरुको अपरम्परागत तालिम वा रोजगारको अवसरहरुलई सिमित गरिदिने जस्ता सामाजिक मुल्यमान्यताहरुलाई सम्बोधन गर्नका लागि आमाबुवा र शिक्षकहरु सहित सम्पुर्ण समुदायलाईनै लक्षित गर्नुपर्दछ । |

| | |
|---|---|
| **धारा ७ :** समान र सुरक्षित कार्यस्थलको अधिकार, समान पारिश्रमिक, बढुवा, तलबी बिदा र कार्य घण्टाको उचित सिमांकनको समान अवसरहरु । | उनीहरुको कमजोर राजनीतिक र आर्थिक हैसियतका कारण किशोरी बालिका र महिलाहरु पुरुषको तुलनामा बढी असुरक्षित र कम पारिश्रमिक दिने रोजगारीमा संलग्न हुने संभावना रहन्छ । विवाहित, गर्भवती वा/र बालबच्चा स्याहार गरिरहेका बालिकाहरु सबैभन्दा जोखिमको अवस्थामा रहेका हुन्छन् किनभने उनीहरुले पर्याप्त सिप र ज्ञानबिना नै विद्यालय छाडिसकेका हुन्छन्; उनीहरुमा थप घरायासी र स्याहारसुसारको कामको बोझ हुन्छ; र उनीहरुलाई कतै आउन-जान गर्नलाई श्रीमान्/श्रीमान्को परिवारले बन्देज लगाएको हुन सक्दछ ।<br><br>यस्तो अवस्था सिमित आर्थिक अवसर, पहुँचका लागि कानुनी र संरचनागत बाधाहरु जस्तै भाषा वा कागजातको कमी हुने द्वन्द र संकटको परिस्थिति, र पुरुष रोजगारीलाई ग्राह्यता दिने लैंगिक मान्यताहरुमा अझै बढछ ।<br><br>राज्यले किशोरी बालिका र महिलाहरुको सुरक्षित, सम्मानजनक, र तलबी रोजगारीको अवसरहरुमा लगानी गर्नुपर्दछ, र महिला नेतृत्वका पदहरु र उनीहरुको आर्थिक अवसरहरुको दृश्यमा नै बृद्धि गर्नुपर्दछ । यसलाई कानूनी र नीतिगत संरक्षण जस्तै वैधानिक तलबी तथा मातृत्व/पितृत्व बिदाहरु साथै स्याहारसुसारका कामहरुलाई घटाउन र बाँडफाँड गर्नका लागि चुस्त संरचना र सेवा प्रवाहहरुमा लगानी मार्फत थप मजबुत पार्नुपर्दछ ।<br><br>नागरिक समाज र समुदायहरुसंग मिलेर काम गर्दै राज्यले कार्यक्षेत्रमा हुने भेदभावलाई सम्बोधन गर्नुपर्दछ जसमा विवाहित, बालबच्चा हुर्काइरहेका, LGBTQIA+, अपांगता भएका वा विस्थापित/शरणार्थी बालिकाहरुमा विशेष ध्यान दिएको हुनुपर्दछ । |
| **धारा ९ :** सामाजिक सुरक्षाको अधिकार | कतिपय परिप्रेक्ष्यमा बालिका र किशोरीहरुको गरिबी र आर्थिक उपार्जनका अवसर हरुको कमीका कारण बाल विवाह भएको देखिन्छ । छोरीहरुलाई पालन पोषण गर्ने वा उनीहरुलाई पढाउने खर्च घटाउने आर्थिक रणनितीका रुपमा बाल विवाहलाई हेर्ने गरिन्छ । अझ विशेष गरि श्रम सहभागिताका अवसरहरु सिमित हुँदा यो झन् लागु हुन्छ ।<br><br>बृहत सामाजिक सुरक्षाका कार्यक्रमहरुले घरायासी स्तरमा आर्थिक समस्याको सम्बोधन र आर्थिक संकटहरुबाट सुरक्षा मार्फत विवाहलाई केहि समय रोक्न सक्दछ । यस्ता कार्यक्रमहरुले बाल विवाहको सबैभन्दा जोखिममा रहेका समुह जस्तै अनाथ बालबच्चाहरुलाई पनि समावेश गर्नुपर्छ र व्याप्त लैंगिक मान्यताहरुलाई पनि सम्बोधन गर्नुपर्छ ।<br><br>यस्ता कार्यक्रमहरुमा यदि भर्खरै विवाह भएका वयस्क जोडीहरुलाई पनि समावेश गर्ने र घरपरिवारको महिला मुलीलाई पनि यस्ता सुरक्षा प्रदान गर्ने हो भने विवाहित बालिकाहरुको घरायासी बोझ/हिंसा र तनावहरु पनि कम हुन सक्छ ।<br><br>राज्यको सामाजिक सुरक्षाको कार्यक्रमहरु अन्तर्गत चल्ने दिर्घकालिन लगानी (करहरु) र राष्ट्रव्यापी रुपमा संचालित रकम हस्तान्तरणहरुले, विशेष गरी बालिकाको शिक्षासंग यसलाई जोड्ने हो भने, बाल विवाहको प्रमुख कारकहरुलाई दिगो रुपमा सम्बोधन गर्ने संभावना बोकेको छ । यस्ता गतिविधीलाई सामाजिक सेवाहरुको लगानी मार्फत बढावा दिनुपर्छ । |
| **धारा १०.१ :** विवाहका लागि स्वतन्त्र सहमति<br><br>धारा १०.३ : बालबालिकाहरुलाई आर्थिक र सामाजिक शोषणबाट संरक्षण गर्नका लागि विशेष उपायहरु अपनाउनु पर्दछ । | बाल विवाह जटिल छ र यसले धेरै स्वरुप धारण गर्न सक्दछ जसमा किशोर किशोरीहरुको स्वेच्छिक अनौपचारिक सम्बन्ध देखि कलिला बालिका र धेरै पाका पुरुषबिचको जबरजस्ती विवाहसम्म पर्दछ । यसमा नगद वा जिन्सीको कारोबार पनि हुन सक्दछ ।<br><br>कानूनी लगायत अन्य प्रतिक्रिया-सम्बोधनहरूले लैंगिक हिंसा, जबरजस्ती तथा शोषणबाट सुरक्षाको आवश्यकतालाई किशोर-किशोरीको बढ्दै गरेको क्षमता र अधिकार प्रयुक्त व्यक्तिको हैसियतलाई सम्मान गर्दै सन्तुलित बनाउनुपर्दछ । बाल विवाहको संरचनागत र मान्यतागत कारक र कर्ताहरुले - लैंगिक असमानता र गरिबीहरुलाई पहिचान गर्दै यिनीहरुको सम्बोधनका लागि देखि व्यवस्थागत तह र परिवार तथा समुदाय तहमा सम्म काम गर्नुपर्दछ । |

| | |
|---|---|
| | यस्ता कदमहरु बालिकाहरुको अधिकार, अवसर र विवाहको विकल्पको प्रर्वद्धन गर्ने परिस्थिती/सन्दर्भ विशेष र लैंगिक रुपान्तरणकारी अवधारणाको एउटा हिस्सा हुनुपर्दछ । यसको मतलब लैंगिक समतामुलक सार्वजनिक सेवाहरु, रोजगारी, साथै गरिबी, जलवायु र द्वन्दका समाधानहरुमा लगानी गर्नु पनि हो ।<br><br>जबरजस्ती विवाह भोग्न बाध्य बालिका वा सो परिस्थितीबाट गुज्रिसकेका विवाहिता बालिकाहरुले, विशेष गरी द्वन्द्व र संकटको अवस्थामा, कानुनी प्रक्रिया मार्फत न्यायमा पहुँच पाउन दर्ता नभएको र कानूनी रुपमा बालिग व्यक्तिको साथी चाहिने लगायतका धेरै बाधाहरु भोग्नुपर्दछ । उनीहरुको व्यक्ति विशेष अनुभवहरु र आवश्यकताहरुलाई कानून, नीति तथा कार्यक्रमहरुले सम्बोधन गर्नुपर्छ र उनीहरुको सम्बन्ध विच्छेद, न्याय, बाल संरक्षण तथा लैंगिक हिंसाविरुद्धको सेवाहरुमा पहुँचका लागि सुनियोचित सहयोग दिनुपर्छ । यस्ता सेवाहरु लान्छना मुक्त र भुक्तभोगी केन्द्रित हुनुपर्दछ । |
| **धारा ११** पर्याप्त जिवनस्तरको अधिकार | गरिबी, शिक्षाको कमि र भेदभावपूर्ण सामाजिक मुल्य मान्यताहरु सबैले बाल विवाहलाई प्रश्रय दिन्छ । त्यस पश्चात बाल विवाहले बालिकाहरुको स्वायत्तता र उनीहरुको शैक्षिक, आर्थिक र सामाजिक अवसरहरु हुँदै उनीहरुको स्वास्थ्य र स्थितिलाई दिर्घकालिन असर गर्छ । |
| **धारा १२** उच्चतम प्राप्य स्तरको स्वास्थ्यको अधिकार | बाल विवाहले बालिकाको (र बालकको) मानसिक र शारिरीक स्वास्थ्य र मनस्थितिमा नकारात्मक असर पुऱ्याउँदछ । बालिकाहरुको यौनिक तथा प्रजनन स्वास्थ्य तथा अधिकारहरुलाई अझ विशेष रुपमा असर गर्दछ । विवाहित बालिकाहरुले स्वास्थ्य सेवाको पहुँचमा प्राय सबैभन्दा धेरै बाधाहरु भोग्ने गर्दछन् । स्वास्थ्य सेवाले धेरै जसो उनीहरुको वैयक्तिक अनुभव र आवश्यकतालाई सम्बोधन गरेको पाँइदैन ।<br><br>बाल विवाह किशोरी गर्भावस्थाको एक मुख्य कारक र दुष्परिणाम दुवै हो । उनीहरुको अविवाहित समकक्षीको तुलनामा विवाहित बालिकाहरु चाँडै र छोटो-छोटो अन्तरालमा नै गर्भवती हुने गर्दछन्, जसले गर्दा गर्भवती किशोरी र कलिला आमाहरु गर्भवती अवस्था र शिशुको जन्मका बेला जटिलता र मृत्युको धेरै जोखिममा हुन्छन् । उनीहरुको बच्चाको स्वास्थ्यलाई पनि हानी हुन सक्दछ । बाल विवाहले बालिकाहरुको मानसिक स्वास्थ्यमा पनि नकारात्मक असर पुऱ्याउँदछ । यसलाई उनीहरुमा हुने उदासिनता (depression), तनाव (anxiety) तथा आत्महत्याका सोचहरुसंग जोडिएको पाइएको छ । गरिबी, द्वन्द्व र संकटहरु, निकटम साथीबाट हुने हिंसा, एक्लिनु, प्रश्रवको बेलाको चुनौतीहरु, शिक्षा र बालापनाबाट बंचित, र स्वायत्तता खोसिएका कारण सृजना हुने भावनात्मक पिडाको माथि यी यस्ता मानसिक स्वास्थ्य स्थितीहरु थपिन्छन् । |
| **धारा १३** शिक्षाको अधिकार<br><br>**धारा १४** राज्यले सबैका लागि निःशुल्क अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्नेछ । | एकचोटि विवाह भइसकेपछि बालिकाहरु विद्यालयमा रहिरहने वा विद्यालय फर्किने संभावना एकदमै न्युन हुन्छ । त्यस्तै विद्यालय नजाने बालिकाहरुको १८ वर्ष अगावै विवाह हुने संभावना पनि बढी हुन्छ ।<br><br>विवाहित र बालबच्चा हेरिरहेका बालिकाहरु, विशेष गरेर विस्थापित वा शरणार्थीहरुले शिक्षा हासिलमा धेरै व्यवहारिक बाधाहरु जस्तो बेतलबी घरायसी वा स्याहारको कामहरुको भार, सामाजिक हेय, विद्यालयबाट जबरजस्ती छुटाउने र घरै बसाउने परम्परागत लैंगिक मान्यताहरु आदि भोगिरहेका हुन्छन् । विद्यालयको शुल्क बाहेकका खर्चहरु जस्तो पोशाक, किताब, जाँच, यातायात तथा बालबच्चा स्याहारहरु पनि बाधाहरु हुन् । विस्थापित र शरणार्थी बालिकाहरु वैधानिक दर्ता र कागजपत्रहरुबाट पनि बन्चित हुन सक्छन् ।<br><br>राष्ट्रिय तहका नितीहरुले तोकेर नै विवाहित भएका बालिकाहरुको समस्यालाई सम्बोधन गर्नुपर्छ र उनीहरुको शिक्षामा रहेका यी थप बाधा-व्यवधानहरुलाई हटाउनुपर्छ । यसको मतलब औपचारिक र अनौपचारिक शिक्षा तथा तालिमका अवसरहरुलाई मिलाएर प्रदान गर्ने साथै विद्यालयको माध्यमिक तहमा बालिकाहरुको प्रवेशलाई सघाउ पुऱ्याउने सम्मको नीति तथा कदमहरु हुन सक्छन् । राज्यले विद्यालय, पाठ्यक्रम र शिक्षणमा नीतिगत र समुदाय स्तरमा नै लैंगिक-रुपान्तरणकारी अवधारणा र बालिका र महिलाहरुका लागि दिर्घकालिन आर्थिक अवसरहरुमा लगानी गर्नुपर्दछ । |

| | |
|---|---|
| **धारा १५.१** प्रत्येक व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार | वैज्ञानिक प्रगति र प्रविधिले बाल विवाहको अन्त्य र लैंगिक समता बढाउनका लागि मद्धत गर्न सक्छ तर बालिकाको स्वायत्तता र महिलाको अधिकारलाई दबाउनका लागि भेदभाव र निगरानी पनि बढाउन सक्छ। बाल विवाह वा लैंगिक हिंसाका घटनाहरुलाई सुनुवाई र अनुगमन गर्ने मोबाइल फोन प्रविधि र एप्सहरु लगायत बालिकाहरुलाई उनीहरुलाई चाहिएको सुचना र सेवासंग जोड्ने प्रविधिहरु केही सकारात्मक उदाहरणहरु हुन्। <br><br> बालिकाहरुको आधुनिक परिवार नियोजनको साधन, लैंगिक र प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी सेवाहरुसंगको पहुँच नहुनु बाल विवाहको एक प्रमुख कारक हो साथै विवाहित बालिकाहरुको एउटा पुरा नभएको आवश्यकता हो। <br><br> हरित वृद्धि अभियान (green growth initiative) हरुमा सरकारी र दाताहरुको लगानी वृद्धि भएमा महिलाको सिप विकास साथै हरित उद्यमशिलता (green entrepreneurship), फोहोरमैला व्यवस्थापन र चक्रिय आर्थिक मध्यस्थताहरु, हरित उर्जा र इको-पर्यटन आदि जस्ता क्षेत्रहरुमा महिलाको समावेशिता प्राप्त गर्न सकिन्छ। |

## बाल विवाहका लागि सान्दर्भिक सिइएससिआर (CESCR) का आधारभूत टिप्पणीहरु (General Comments)

आधारभूत टिप्पणी General Comments ले नागरिक समाजका संघसंगठनहरुका लागि प्रतिवेदन चक्रका दौरान एक महत्वपुर्ण मार्गनिर्देशकका रुपमा काम गर्दछ जसले सिइएससिआर (CESCR) का अवधारणाहरुको बारेमा थप सुक्ष्म दृष्टिहरु दिन्छ र बाल विवाह लगायत विभिन्न मुद्धा र तिनीहरुले बालिका र किशोरीहरुको अधिकारमाथि पार्ने आर्थिक, सामाजिक र सांस्कृतिक असरहरुलाई व्याख्या गर्दछ। तपाईंले यी आधारभूत टिप्पणी (General Comments) हरु आफ्नो प्रतिवेदनलाई आकार दिन र यी अधिकारहरु कायम राख्नका लागि आफ्नो राज्यलाई जवाफदेही बनाउन र प्रभाव पार्नका लागि तपाईंले प्रयोग गर्ने पैरवी नीतिलाई अझ प्रभावशाली बनाउन प्रयोग गर्न सक्नुहुनेछ।

**स्मरण रहोस्, लैंगिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी आधारभूत टिप्पणी (General Comments) संख्या २२ ले हानिकारक अभ्यासहरु र लैंगिक हिंसाको कानुनी बन्देज लागु गर्नु पर्ने राज्यको दायित्वलाई जोड दिएको छ जसमा बाल विवाह र जबरजस्ती विवाह पनि पर्दछन्।**

### बाल विवाहसंग सान्दर्भिक सिइएससिआर (CESCR) का केही आधारभूत टिप्पणीहरु (General Comments) [२४]

- संख्या १३, शिक्षाको अधिकार, १९९९
- संख्या ११, प्राथमिक शिक्षाका लागि कार्य योजना, १९९९
- संख्या १४, उच्चतम प्राप्य स्तरको स्वास्थ्यको अधिकार, २०००
- संख्या १६, महिला र पुरुषबिच सम्पुर्ण आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको समान उपभोग गर्ने अधिकार, २००५
- संख्या २०, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग भेदभाव रहित, २००९
- संख्या २२, यौनिक तथा प्रजनन स्वास्थ्यको अधिकार, २०१६

२४. यसमा बाल विवाहका लागि सान्दर्भिक सम्पूर्ण आधारभूत टिप्पणी र अनुच्छेदहरु दिइएको छैन। यहाँ केही प्रमुख उदाहरणहरु मात्रै छन् जसले नागरिक समाजका संघसंगठनहरुलाई सिइएससिआर (CESCR) संग कसरी प्रभावकारी कार्य सम्बन्ध सम्पर्क बढाउने भनेर निर्देश गर्न सक्छ।

### टुलबक्स ! तपाईंको प्रतिवेदन तथ्य प्रमाणमा आधारित रहेको सुनिश्चित गर्ने श्रोतहरु

तथ्यपरक प्रतिवेदन निर्माणका लागि र सिइएससिआर (CESCR) समिक्षा प्रक्रिया अन्तर्गत तपाईलाई कुन मुद्धाहरु र कुन प्रश्नहरु सम्बोधन गरियोस् भन्ने लागेको छ सो परिभाषित गर्नको लागि यी निम्न श्रोतहरु प्रयोग गर्न सक्नुहुनेछ ।

**राष्ट्रिय स्तरको तथ्यांक :**

- *गर्ल्स नट ब्राइड्स*को बाल विवाहको नक्सा (Child Marriage Atlas) मा बाल विवाह प्रचलन, कारकहरु र देशअनुसारको कानुनको जानकारीहरु रहेको छ ।
- युनिसेफको बाल विवाहको राष्ट्रिय परिदृश्य (Child marriage country profiles) मा देश अनुसार प्रचलन, समागमको विशेषताहरु र देश अनुसार विवाहिता बालिकाहरुको जिवनीको सुक्ष्मदृष्टि समावेश छ ।
- बाल विवाह अनुगमन संयन्त्र (Child Marriage Monitoring Mechanism) मा विश्वव्यापी, क्षेत्रिय र राष्ट्रिय स्तरको तथ्यांक र प्रवृतिहरु छन्, जसले देश-देशबिच र देशभित्रै पनि घरायसी सम्पत्ति, शैक्षिक प्रगति, ग्रामिण वा शहरी बसाई र उपराष्ट्रिय क्षेत्रका आधारमा भएका भिन्नताहरुलाई देखाएको छ । ।

**गर्ल्स नट ब्राइड्सको विषयगत सारसंक्षेप र प्रमाणको समिक्षाहरु :**

- बाल विवाह र बालिकाको अधिकारमा कानुनको प्रभाव (Impact of the law on child marriage and girls' rights) माथिको सारसंक्षेप र प्रमाण समिक्षा
- बालबालिकाको सुरक्षा र बाल विवाह (child protection and child marriage) माथिको सारसंक्षेप र प्रमाण समिक्षा ।
- कसरी लैंगिक समताका लागि बाल विवाह अन्त्य गर्न जरुरी रहेको छ (ending child marriage is crucial to gender equality) भन्ने सारसंक्षेप
- बालिकाको शिक्षा र बाल विवाह (Girls' education and child marriage) उपरको सारसंक्षेप र विषयगत लेख
- बाल विवाहलाई सम्बोधन गर्न र विवाहित बालिकाहरुको सहयोगका लागि शैक्षिक कामकारवाहीहरु (Education interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर
- बाल विवाह सम्बोधन र विवाहित बालिकाहरुको सहयोगका लागि आर्थिक सशक्तीकरणका कामकारबाहीहरु (Economic empowerment interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर
- विवाहित, गर्भवती वा बालबच्चा स्याहार गरिरहेका बालिकाको सहयोग (Supporting girls who are married, pregnant and parenting) उपरको सारसंक्षेप र विषयगत लेख
- बाल विवाह र मानसिक स्वास्थ्य (Child marriage and mental health) उपर कार्यशाला
- मानविय सहायताको स्थिती (Humanitarian settings) मा बाल विवाह सम्बन्धी सफल अभ्यास र मुख्य श्रोतहरु अभिलेख गरिएका ब्लग पोस्टहरु

## सिइएससिआर (CESCR) को प्रतिवेदन चक्र

अन्य मानवअधिकार सम्बन्धी सन्धि निकायहरुभन्दा सिइएससिआर (CESCR) ले फरक ढंगले काम गर्दछ किनभने यो अरु जस्तो सम्बन्धित सन्धिबाट प्रत्यक्ष स्थापित भएको थिएन । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धबाट यसको कार्यान्वयन हेर्नका लागि सिइएससिआर (CESCR) प्रत्यक्ष गठन गरिएको हैन । यो संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषदबाट स्थापित गरिएको हो जुन युएन (UN) को आर्थिक र सामाजिक मामिलाहरु हेर्ने प्रमुख अंग हो ।

सिआरसि (CRC) र सिड (CEDAW) मा भए जस्तै सिइएससिआर (CESCR) ले पनि आफ्नो सबै कामकारवाहीहरु एकै ठाउँमा ल्याउनका लागि वर्तमानमा सरल प्रतिवेदन कार्यविधी अंगिकार गरिसकेको छ । कुनै पनि पक्ष राष्ट्रले यसलाई अवलम्बन नगर्ने र परम्परागत प्रतिवेदन कार्यविधी नै अवलम्बन गर्ने इच्छा जाहेर गरेको अवस्थामा बाहेक सिइएससिआर (CESCR) ले सरल प्रतिवेदन कार्यविधी नै प्रयोग गर्दछ ।

सरल प्रतिवेदन कार्यविधी प्रयोग गर्ने राष्ट्रहरूको सुची ओएचसिएचआर OHCHR website मा हेर्न सकिन्छ ।

सरल प्रतिवेदनको कार्यविधी अनुसार राष्ट्रहरुले यो अनुबन्ध कसरी लागु गरिरहेको छ भनेर प्रत्येक ८ वर्षमा वा सिइएससिआर (CESCR) ले माग गरे अनुसार प्रतिवेदन पेश गर्नुपर्छ । प्रत्येक सत्रका लागि सिइएससिआर (CESCR) ले एकचोटिमा छ या सात राष्ट्रहरुलाई समिक्षाको लागि आमन्त्रण गर्न सक्छ ।

जेनेभा, स्विजरल्याण्डमा सिइएससिआर (CESCR) प्रत्येक वर्ष दुई चोटि भेला हुने गर्दछ । प्राय फेब्रुअरी/मार्च/अप्रिल/मे र सेटेम्बर/अक्टोबर/नोभेम्बरमा यसको भेला हुने गर्दछ ।

कुन राष्ट्रको समिक्षा भइरहेको छ थाहा पाउन यो वेवसाइट UN Treaty Body website. हेर्नुहोला ।

## सिइएससिआर (CESCR) संग संलग्न हुने महत्वपुर्ण समय

नागरिक समाजकले अनुबन्धको लक्ष्य प्राप्तिको प्रक्रियालाई नजिकबाट अनुगमन गर्दै एक महत्वपुर्ण भुमिका खेल्दछन् । सिइएससिआर (CESCR) ले नागरिक समाजलाई सूचनाको विश्वसनिय श्रोतको रुपमा लिएको छ र उनीहरुको सहभागिता अनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारकाबारेमा वैकल्पिक दृष्टिकोण, सुचना, प्रमाण र तथ्यांक प्रस्तुत गर्ने उनीहरुको क्षमताको कदर गर्दछ ।

सिइएससिआर (CESCR) प्रतिवेदन चक्रका दौरान संलग्न हुन-कार्य सम्बन्ध-सम्पर्क बढाउनका लागि नागरिक समाजका लागि तिन मुख्य समय छन् :

**१. समिक्षा सत्र अगाडि**, प्रतिवेदन पठाउनु अघि गर्नुपर्ने विषयसुचीका लागि ध्यानाकर्षण हुनुपर्ने र सोचविचार हुनु पर्ने अत्यन्तै जरुरी सरोकारहरूलाई जोड दिन सक्नुहुन्छ ।

**२. समिक्षा सत्रका दौरान,** तपाईंले सिइएससिआर (CESCR) ले राष्ट्रलाई गर्ने प्रश्नलाई प्रभाव पार्न सक्नुहुन्छ जसमा बाल विवाह रोकथामका लागि गरिएका उपायहरु पनि पर्न सक्छ । सिइएससिआर (CESCR) को सदस्यहरुसंगको पैरवी मार्फत र सार्वजनिक र अनौपचारिक बैठकहरुमा सहभागिता मार्फत तपाईंले निष्कर्ष सुझावहरुमा बाल विवाह सम्बन्धी चासो र लक्षित सुझावहरु पनि समावेश होस् भनेर जोड दिन सक्नुहुनेछ ।

**३. समिक्षा सत्र पश्चात,** तपाईंले राष्ट्रिय स्तरको परिवर्तनमा जोड दिनका लागि आफ्नो राष्ट्रिय पैरवीका लागि सिइएससिआर (CESCR) को सुझावहरुलाई प्रयोग गर्नसक्नुहुनेछ ।

## चित्र ७ : सिइएससिआर (CESCR) सँग संलग्न-कार्य सम्बन्ध-सम्पर्क बनाउने प्रमुख समय

### सरल प्रतिवेदन प्रक्रिया

**नागरिक समाज र गैरसरकारी संस्थाहरूको प्रतिवेदन**

प्रतिवेदन पूर्वको विषयसुचीमा सिइएससिआर (CESCR) ले समावेश गर्नुपर्ने मुद्दाहरू कुन कुन हुन् भनि खुलाउनको लागि नागरिक समाज, गैरसरकारी संस्था र राष्ट्रिय मानवअधिकार आयोगहरूलाई लिखित प्रतिवेदनमा आफ्ना प्रमुख सरोकार, मुद्दा र प्रश्नहरू पठाउनको लागि आव्हान गरिन्छ ।

**चरण १:** प्रतिवेदन पूर्वको विषयसुचीलाई मार्गनिर्देश गर्न प्रतिवेदन पेश गर्नुहोस्

पूर्व-सत्रको दौरान मौखिक बयान दिने आफ्नो इच्छा जाहेर गर्नुहोस्

**पूर्व-सत्रिय कार्यगत समूहले प्रतिवेदन पूर्वको विषयसुचीलाई अंगिकार गर्नुपर्दछ**

सिइएससिआर (CESCR) ले अनुबन्धको कार्यान्वयनको सन्दर्भसँग सम्बन्धीत प्रश्न र सरोकारहरू सहित प्रत्येक राज्य सम्बन्धीत प्रतिवेदनको समिक्षा गर्दछ र प्रतिवेदन पूर्वको विषयसुचीलाई अंगिकार गर्दछ। प्रतिवेदन पूर्वको विषयसुचीले राज्यलाई आफ्नो प्रतिवेदन लेख्न मार्गनिर्देश गर्दछ ।

**चरण २:** पूर्व-सत्रको दौरान मौखिक बयान दिनुहोस्

**राज्यको प्रतिवेदन**

राज्यले कसरी अनुबन्धको कार्यान्वयनलाई अगाडी बढाइरहेको छ भन्ने प्रतिवेदन पेश गर्दछ

**चरण ३:** राज्यको प्रतिवेदन प्रक्रियामा संलग्न हुनुहोस्

**चरण ४:** समिक्षा सत्रलाई मार्गनिर्देश गर्नका लागि पछिल्लो जानकारी सहितको प्रतिवेदन पेश गर्नुहोस्

सार्वजनिक बैठकमा बयान दिनका लागी अनुरोध गर्नुहोस्

**राज्यसँग समिक्षा सत्र**

आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारलाई अगाडी बढाउँदा भएका उपलब्धी र अवरोधहरूमा केन्द्रित हुँदै सिइएससिआर (CESCR) ले राज्य पक्षसँग अर्थपूर्ण संवाद गर्दछ ।

खाना खाने समयमा छलफल गर्नका लागी अनुरोध गर्नुहोस्

चरण ५ ए: राज्यको समिक्षा सत्रको जानकारी लिनुहोस्

चरण ५बी: सार्वजनिक बैठकमा मौखिक बयान दिनुहोस्

चरण ५सी: खाना खाने समयमा छलफल आयोजना गर्नुहोस्

चरण ५डी: सिइएससिआर (CESCR) सदस्यहरूसँग सम्पर्क गर्नुहोस्

**निष्कर्ष टिप्पणी**

सिइएससिआर (CESCR) ले जारी गर्ने सरोकार, सुझाव र सिफारिसलाई निष्कर्ष टिप्पणी भनिन्छ, र उक्त निष्कर्ष टिप्पणीलाई राज्य पक्षले आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारलाइ अगाडी बढाउन गरेका आफ्ना प्रयासहरूलाई निखार्नको लागि पालना गर्नुपर्दछ।

**अनुगमन पैरवी प्रक्रिया**

सिइएससिआर (CESCR) ले आफ्नो निष्कर्ष टिप्पणीमा राज्यद्वारा अविलम्ब गरिनुपर्ने विषय सम्बन्धी राज्यको आगामी प्रतिवेदन बुझाउनु भन्दा अगाडी नै जानकारी माग्न सक्दछ।

**चरण ६:** निष्कर्ष टिप्पणीलाई प्रयोग गर्दै अनुगमन पैरवी (follow-up advocacy) मा संलग्न हुनुहोस्

समिक्षा अगाडि — समिक्षाको दौरान — समिक्षा पश्चात

पूर्व-सत्रभन्दा १० हप्ता अगाडी

सत्रभन्दा ६ हफ्ता अगाडी

कम्तिमा पनि, सत्रभन्दा ३ हफ्ता अगाडी

### परम्परागत प्रतिवेदन प्रक्रिया

**राज्यको प्रतिवेदन**

राज्यले कसरी अनुबन्धको कार्यान्वयनलाई अगाडी बढाइरहेको छ भन्ने प्रतिवेदन पेश गर्दछ

**चरण १:** राज्यको प्रतिवेदन प्रक्रियामा संलग्न हुनुहोस्

**नागरिक समाज र गैरसरकारी संस्थाहरूको प्रतिवेदन**

प्रतिवेदन पूर्वको विषयसुचीमा सिइएससिआर (CESCR) ले समावेश गर्नुपर्ने मुद्दाहरू कुन कुन हुन् भनि खुलाउनको लागि नागरिक समाज, गैरसरकारी संस्था र राष्ट्रिय मानवअधिकार आयोगहरूलाई लिखित प्रतिवेदनमा आफ्ना प्रमुख सरोकार, मुद्दा र प्रश्नहरू पठाउनको लागि आव्हान गरिन्छ ।

**चरण २:** प्रतिवेदन पूर्वको विषयसुचीलाई मार्गनिर्देश गर्न प्रतिवेदन पेश गर्नुहोस्

**पूर्व-सत्रीय कार्यगत समूहमा सहभागी हुने इच्छा बताउनुहोस्**

सिइएससिआर (CESCR) ले राज्य पक्ष र नागरिक समाज तथआ गैरसरकारी संस्थाहरू सबैले पेश गरेका प्रतिवेदनहरूको समिक्षा गर्दछ र विषयसुची निर्धारण गर्दछ

**चरण ३:** पूर्व-सत्रको दौरान मौखिक बयान दिनुहोस्

**राज्यले विषयसुची उपर लिखित जवाफ पेश गर्दछ**

राज्यले विषयसुची उपर लिखित जवाफ पेश गर्दछ

**चरण ४:** समिक्षा सत्रलाई मार्गनिर्देश गर्नका लागि पछिल्लो जानकारी सहितको प्रतिवेदन पेश गर्नुहोस्

सार्वजनिक बैठकमा बयान दिनका लागी अनुरोध गर्नुहोस्

**राज्यसँग समिक्षा सत्र**

बालिका र महिला अधिकारलाई अगाडी बढाउँदा भएका उपलब्धी र अवरोधहरूमा केन्द्रित हुँदै सिड (CEDAW) ले राज्य पक्षसँग अर्थपूर्ण संवाद गर्दछ।

प्रतिवेदन प्रक्रियामा राज्यसँग संलग्नता-सम्पर्क बढाउनुहोस्

चरण ५ ए: राज्यको समिक्षा सत्रको जानकारी लिनुहोस्

चरण ५बी: सार्वजनिक बैठकमा मौखिक बयान दिनुहोस्

चरण ५सी: खाना खाने समयमा छलफल आयोजना गर्नुहोस्

चरण ५डी: सिइएससिआर (CESCR) सदस्यहरूसँग सम्पर्क गर्नुहोस्

**निष्कर्ष टिप्पणी**

सिइएससिआर (CESCR) ले जारी गर्ने सरोकार, सुझाव र सिफारिसलाई निष्कर्ष टिप्पणी भनिन्छ, र उक्त निष्कर्ष टिप्पणीलाई राज्य पक्षले आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारलाइ अगाडी बढाउन गरेका आफ्ना प्रयासहरूलाई निखार्नको लागि पालना गर्नुपर्दछ।

**अनुगमन पैरवी प्रक्रिया**

सिइएससिआर (CESCR) ले आफ्नो निष्कर्ष टिप्पणीमा राज्यद्वारा अविलम्ब गरिनुपर्ने विषय सम्बन्धी राज्यको आगामी प्रतिवेदन बुझाउनु भन्दा अगाडी नै जानकारी माग्न सक्दछ ।

**चरण ६:** निष्कर्ष टिप्पणीलाई प्रयोग गर्दै अनुगमन पैरवी (follow-up advocacy) मा संलग्न हुनुहोस्

समिक्षा अगाडि — समिक्षाको दौरान — समिक्षा पश्चात

पूर्व(सत्रभन्दा १० हफ्ता अगाडी

कम्तिमा पनि, सत्रभन्दा ३ महिना अगाडी

सत्रभन्दा ६ हफ्ता अगाडी

कम्तिमा पनि, सत्रभन्दा ३ हफ्ता अगाडी

### चित्र ८: सरल प्रतिवेदन कार्यविधी अन्तर्गत सिइएससिआर (CESCR) को समीक्षा समय तालिकाको एक उदाहरण - मंगोलियाको परीक्षण

**अगस्ट २०१९**
- नागरिक समाजले प्रतिवेदन पेश गर्नु अघिको बिषयसुचीलाई मार्गदर्शन गर्नका लागि लिखित जानकारी पठाउँछन् ।

**अक्टोबर २०१९**
- सिइएससिआर (CESCR) ले ६५औं पूर्व-सत्र कार्य समगत छलफल गर्यो ।
- पूर्व-सत्रको बैठकमा नागरिक समाज सदस्यहरूले मौखिक भनाईहरु राख्छन् ।

**नोभेम्बर २०१९**
- प्रतिवेदन पेश गर्नु अगाडि सिइएससिआर (CESCR) ले बिषय सूची अंगिकार गर्यो ।

**जुलाई २०२१**
- मंगोलियाले सन् २०२० अक्टोबरमा पेश गर्नुपर्ने प्रतिवेदनलाई यो समयमा पेश गर्यो ।

**अगस्ट २०२२**
- यो सत्र अगाडी नागरिक समाजले पछिल्लो जानकारी सहितको लिखित प्रतिवेदन पेश गर्यो ।

**सेम्टेम्बर २०२२**
- सिइएससिआर (CESCR) ले आफ्नो ७२औं सत्रमा मंगोलियन सरकारका प्रतिनिधिहरूसँग समीक्षा गयो
- नागरिक समाजले सार्वजनिक बैठक, खानाको समयमा हुने भेटघाटम संलग्न हुन्छन् र सिइएससिआर (CESCR) सदस्यहरुलाइ भेट्छन्

**नोभेम्बर २०२२**
- सिइएससिआर (CESCR) ले आफ्नो निष्कर्ष टिप्पणी जारी गर्यो ।
- नागरिक समाज क्राष्ट्रिय स्तरको पैरवीमा संलग्न हुन्छन् ।

**नोभेम्बर २०२४**
- सिइएससिआर (CESCR) को आग्रह अनुरूप मंगोलियाले एक प्रतिवेदन तयार गरी पेश गर्ने अपेक्षा गरिएको छ
- नागरिक समाजहरूले मध्यावधि प्रतिवेदन पेश गर्न सक्छन् ।

**अक्टोबर २०२७**
- मंगोलियाले यस अवधी सम्मको प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

### चित्र ९: सिइएससिआर (CESCR) आधारभूत प्रतिवेदन प्रक्रियाको लागि समयसीमाको उदाहरण: ग्वाटेमाला परीक्षण

**डिसेम्बर २०१९**
- ग्वाटेमालाले आफ्नो राष्ट्र प्रतिवेदन पेश गर्दछ ।

**अगस्ट २०२०**
- नागरिक समाज सदस्यले बिषयसुचीलाई मार्गदर्शन गर्नका लागि लिखित प्रतिवेदन पेश गर्यो ।

**अक्टोबर २०२०**
- सिइएससिआर (CESCR) ले ६७औं पूर्व-सत्र कार्य समूत छलफल गर्यो ।
- पूर्व-सत्रको बैठकमा नागरिक समाज सदस्यहरूले मौखिक भनाईहरु राखे ।

**नोभेम्बर २०२०**
- सिइएससिआर (CESCR) ले विषयसुची अंगिकार गर्यो ।

**अप्रिल २०२२**
- ग्वाटेमालाले विषयसुची सम्बन्धी जवाफ पेश गरेको छ ।

**अगस्ट २०२२**
- यो सत्र अगाडी नागरिक समाजले पछिल्लो जानकारी सहितको लिखित प्रतिवेदन पेश गर्यो ।

**सेम्टेम्बर २०२२**
- CESCR ले ७२ औं सत्रमा राज्यका प्रतिनिधिहरूसँग समीक्षा गर्यो ।
- नागरिक समाजले सार्वजनिक बैठक, खानाको समयमा हुने भेटघाटमा संलग्न हुन्छन् र सिइएससिआर (CESCR) सदस्यहरुलाइ भेट्छन् ।

**नोभेम्बर २०२२**
- सिइएससिआर (CESCR) ले निष्कर्ष सुझाव जारी गर्यो ।
- नागरिक समाजले राष्ट्रिय पैरवीमा संलग्न हुन्छन् ।

**अगस्ट २०१९**
- सिइएससिआर (CESCR) को आग्रह अनुरूप ग्वाटेमालाले एक प्रतिवेदन तयार गरी पेश गर्ने अपेक्षा गरिएको छ । नागरिक समाजहरूले मध्यावधि प्रतिवेदन पेश गर्न सक्छन् ।

**अक्टोबर २०२७**
- ग्वाटेमालाले यस अवधी सम्मको प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

## समिक्षा अगाडि

### चरण ०. सत्र क्यालेन्डर र समिक्षा भइरहेको राष्ट्रसंग सम्बन्धित सुचना हेर्नुहोला। (उच्च सिफारिस)

**कसरी: तपाईंको देशको समिक्षा सत्र कहिले हुँदैछ हेर्नुहोला।**

सिइएससिआर (CESCR) ले नागरिक समाजको सहभागिताका लागि प्रत्येक सत्रको समय तालिका, महत्वपूर्ण समयहरु र निर्देशिकाहरु ओएचसिएचआर (OHCHR) को वेवसाइट website मार्फत एक सार्वजनिक दस्तावेजमा प्रकाशित गर्ने गर्दछ।

• प्रत्येक (अघिल्लो) सत्रको दस्तावेजहरू यहाँ उपलब्ध हुन्छ "General Documentation > Information from the Secretariat > Informative note on participation to CESCR Committee for Civil Society and National Human Rights Institutions (NHRIs)".

**महत्वपुर्ण !** सिइएससिआर (CESCR) ले यस्तो दस्तावेज प्रकाशित गर्ने निश्चित समय हुँदैन, त्यही भएर प्रत्येक सत्रको सूचनाका लागि नियमित रूपमा वेवसाइट हेर्नुहोला।

### चरण १. एक वैकल्पिक प्रतिवेदन पेश गर्नुहोला। (उच्च सिफारिस)

सिइएससिआर (CESCR) लाई मार्गनिर्देश गर्ने, अझ विशेष गरि सरल प्रतिवेदन कार्यविधीका लागि, यो एक निर्णायक मौका हो नागरिक समाजका लागि सिइएससिआर (CESCR) लाई यी निम्न कुराहरु पेश गर्ने एउटा महत्वपूर्ण क्षण हो :

१. बाल विवाहको प्रचलनका बारेमा विस्तृत तथ्यांक (पेज नं. ५४ मा रहेको टुलबक्स हेर्नुहोला)।
२. समिक्षा भइरहेको राष्ट्रलाई सोध्नका लागि ठोस प्रश्नहरु।
३. उक्त राष्ट्रले बाल विवाहलाई कसरी सम्बोधन गर्नुपर्छ भन्ने सुझावहरु।
४. बाल विवाहबाट जोखिममा रहेका र विवाहित वा विवाह भएका बालिकाहरुको विशिष्ट अनुभव र आवश्यकताहरु दर्शाउने सुचनाहरु।

यसले सिइएससिआर (CESCR) ले बाल विवाहको मुद्दालाई राष्ट्रको समिक्षा र आफ्नो निश्कर्ष सुझावहरु दिने समयमा उठान गर्छ कि गर्दैन, र गर्छ भने कुन तरिकाले गर्छ भनेर प्रभाव पार्न धेरै भुमिका खेल्दछ।

तपाईंको संस्थाले बाल विवाहका सरोकारहरुको सम्बोधन गर्न छुट्टै आफ्नो विषयगत एकल प्रतिवेदन बुझाउन सक्नेछ वा अन्य नागरिक समाजका सदस्यहरुसंग मिलेर संयुक्त रुपमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुलाई पनि समेट्दै संयुक्त प्रतिवेदन तयार पार्न सक्नु हुनेछ।

पुर्व-सत्रको १० हप्ता अगाडि तपाईंको प्रतिवेदन बुझाउनुहोला। यदि तपाई पूर्व-सत्रको कार्यगत समुह (चरण ३) मा मौखिक प्रस्तुती दिन चाहनुहुन्छ भने यो अनुरोध पनि यहि समयमा पेश गर्नुहोला।

**सुझाव !! सिइएससिआर (CESCR) संग संलग्न-कार्य सम्बन्ध-सम्पर्क बढाउने बारे सुझाव माग्नुहोस्।**

सिआरसि (CRC) र सिड (CEDAW) को जस्तो सिइएससिआर (CESCR) को प्रतिवेदन प्रक्रियामा मध्यस्थता गरिदिने वा सहयोग गरिदिने अन्य नागरिक समाज छैनन्।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि विश्वव्यापी अभियान (Global Initiative for Economic, Social and Cultural Rights (GI- ESCR)) जेनेभामा मुख्य कार्यालय भएको एउटा गैर-सरकारी संस्था हो। सिइएससिआर (CESCR) संग कार्य सम्बन्ध सम्पर्क बढाउने सबै भन्दा प्रभावकारी तरिकाहरुको बारेमा यसले महत्वपूर्ण सुझावहरु दिन सक्छ यद्यपि यसले नागरिक समाजसंग सिधै समन्वय भने गर्दैन।

### सुझाव ! ! एउटा विस्तृत प्रतिवेदनका लागि अन्य संघसंस्थासंग सहकार्य गर्नु रणनितीक हुनसक्छ ।

सिआरसि (CRC) र सिड (CEDAW) जस्तै सिइएससिआर (CESCR) ले पनि एकल (विषयगत) र संयुक्त (विस्तृत) प्रतिवेदनहरु दुवै स्विकार्छ । सिइएससिआर (CESCR) ले एउटै देशको विभिन्न संस्थाहरुबाट धेरै प्रतिवेदनहरु प्राप्त गर्दछ त्यसकारण अन्य नागरिक समाजसंग मिलेर एउटै लामो र विस्तृत प्रतिवेदन पठाउनु सबैभन्दा प्रभावकारी हुन सक्दछ ।

बाल विवाह सम्बन्धी काम गरिरहेका तपाईंकै देशको अन्य संघसंस्थाहरुसंग सम्पर्क बढाउने कुरामा विचार गर्नुहोला । *गर्ल्स नट ब्राइड्स*ले तपाईंहरुलाई जोड्न मद्धत गर्न सक्छ !

- *गर्ल्स नट ब्राइड्स*को सदस्यको नामावली पुस्तिका (member directory) बाट तपाईंको देशमा बाल विवाह सम्बन्धी काम गरिरहेका अन्य संघसंस्थाहरु पत्ता लगाउनुहोस् ।
- राष्ट्रिय र उप-राष्ट्रिय तहमा बाल विवाहलाई सम्बोधन गर्नका लागि सहकार्य गरिरहेका संस्थाहरुको संजालका बारेमा पत्ता लगाउन *गर्ल्स नट ब्राइड्स*ले को राष्ट्रिय साझेदारिता र गठबन्धनका पृष्ठहरु (National Partnership and coalitions pages) हेर्नुहोस् ।

यदि तपाई प्रतिवेदन बुझाउने विचारमा हुनुहुन्छ र अन्य संघसंस्थाको गतिविधीहरुको बारेमा जानकारी खोजिरहनु भएको छ भने वा सहकार्यका लागि साझेदारहरु खोजिरहनुभएको छ भने *गर्ल्स नट ब्राइड्स*को सचिवालयलाई यस इमेल ठेगानामा info@girlsnotbrides.org इमेल गर्नुहोस् ।

**याद राख्नुहोस् !**

- विषयगत प्रतिवेदनको पृष्ठ संख्या सिमा १० पेज रहेको छ ।
- विस्तृत प्रतिवेदनको पृष्ठ संख्याा सिमा १५ पेज रहेको छ ।

## सिइएससिआर (CESCR) प्रतिवेदन लेखन र पेश कसरी गर्ने

**ढाँचा :**

- शब्द
- उद्धृत गर्न सजिलोको लागि सबै अनुच्छेदहरुलाई संख्या दिनुहोस् ।

**शब्द सिमा :**

- विषयगत प्रतिवेदनहरु (एकल संस्थाहरुको प्रतिवेदन): अधिकतम **१० पेज** ।
- विस्तृत प्रतिवेदनहरु (अन्य संस्थाहरुसंग मिलेर बनाइएको संयुक्त प्रतिवेदन): अधिकतम **१५ पेज** ।

**भाषा :** प्रतिवेदन **अंग्रेजी**, **फ्रेन्च** वा **स्पेनिस** भाषामा बुझाउन सकिन्छ । तपाईंलाई अँग्रेजीमा लेखिएको पूर्ण प्रतिवेदन प्रतिवेदन बुझाउनका लागि उच्च सुझाव दिइन्छ ।

**समय तालिका :**

- पूर्व-सत्रका लागि प्रतिवेदनहरु सकेसम्म पूर्व-सत्रको कार्यगत समूहहरुको शुरुवातको कम्तिमा १० हप्ता अगाडि (ढिलोमा ८ हप्ता अगाडि) बुझाएको राम्रो हुन्छ ।
- राष्ट्र समिक्षा सत्रका लागि प्रतिवेदन सत्रको शुरुवातको कमसेकम ६ हप्ता अगाडि (ढिलोमा ४ हप्ता अगाडि) बुझाएको राम्रो हुन्छ ।

**प्रतिवेदन बुझाउने तरिका :**

१. सिइएससिआर (CESCR को अनलाइन पेशी प्रणाली online submissions system मा जानुहोस् ।
२. आफ्नो खाता खोल्नुहोस् ।
३. प्रतिवेदन बुझाउनका लागि “View document” को लिंकमा क्लिक गर्नुहोस् ।

**महत्वपुर्ण !** यदि तपाई पूर्व-सत्रिय कार्यगत समुह (चरण ३) मा लिखित भनाई प्रस्तुत गर्न चाहनुहुन्छ भने अनलाइन मार्फत यही बेला अनुरोध पठाउनुहोस् । तपाई अनलाइन जोडिन चाहनुहुन्छ वा प्रत्यक्ष उपस्थित हुन चाहनुहुन्छ त्यो पनि खुलाउनुहोला । ओएचसिएचआर (OHCHR) ले यात्रा र बासको व्यवस्थामा सहयोग गर्न सक्दैन ।

**याद राख्नुहोला !** सिइएससिआर (CESCR) ले नागरिक समाजका सहभागिताका लागि निर्देशन सहित प्रत्येक सत्रको लागि समय तालिका, र बुझाउने र दर्ता गर्ने महत्वपूर्ण समयहरु एक सार्वजनिक दस्तावेजमा प्रकाशित गर्ने गर्दछ ।

## चरण २. पूर्व-सत्रका बेलामा एउटा लिखित वक्तव्य दिनुहोला (उच्च सिफारिस)

यदि तपाईंको संस्थाले लिखित प्रतिवेदन पेश गरेको छ तथा सहभागिताका लागि आग्रह आएको र तपाईंलाई निमन्त्रणा प्राप्त भएको छ भने तपाईंले पूर्व-सत्रिय कार्यगत समुहमा एउटा लिखित वक्तव्य दिन सक्नुहुनेछ । यस वक्तव्यमा तपाईंले सिइएससिआर (CESCR) सदस्यहरुलाई सान्दर्भिक र अद्यावधिक सुचना दिन सक्नुहुनेछ ।

पूर्व-सत्रिय कार्यगत समुहको बैठकको सहभागिता आमान्त्रणबाट हुने गर्दछ र यसको सूचना सहभागीहरुलाई प्रत्यक्ष दिइने गरिन्छ ।

प्रतिवेदन पूर्वको विषयसुचीका लागि प्राय जसो पूर्व-सत्रिय कार्यगत समुहको पहिलो दिनमा मौखिक बयानहरु हुने गर्दछ ।

पूर्व-सत्र सञ्चालान हुने मितिको **१०-हप्ता** अगाडी सहभागिताको लागि अनुरोध गर्नुहोस्

### कसरी : पूर्व-सत्रिय कार्यगत समुहमा सहभागी

१. पूर्व-सत्रमा सहभागिताका लागि १० हप्ता अगाडि अनलाईन मार्फत online system आवेदन भर्नुहोला (चरण १ मा तपाईंले प्रतिवेदन बुझाएको समयमानै आवदेन दिइसकेको हुनुपर्नेछ) । तपाईं प्रत्यक्ष वा अनलाइन कसरी सहभागी हुन चाहनुहुन्छ सो पनि खुलाउनुहोला ।

**महत्वपूर्ण !** ओएचसिएचआर (OHCHR) ले यात्रा र बासको व्यवस्थामा सहयोग गर्न सक्दैन । अनलाइन सहभागिताका लागि प्राविधिक आवश्यकता र परिक्षणहरु हुन सक्छन् ।

२. वैध इमेल ठेगाना प्रयोग गरि प्लेटफर्म इन्डिको Platform Indico मार्फत दर्ता गर्नुहोला ।
डिसेम्बर २०१४ मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि विश्वव्यापी अभियान (Global Initiative for Economic, Social and Cultural Rights (GI- ESCR) ले चिलीमा भएको ५४औं पुर्व-सत्रमा सहभागी भइ शिक्षामा केन्द्रित मौखिक वक्तव्य प्रस्तुत गरेको थियो । तपाईंको लिखित वक्तव्यका लागि यो एउटा उदाहरण हुन सक्छ ।

## चरण ३. राष्ट्रिय प्रतिवेदन प्रक्रियामा सम्पर्क बढाउनुहोस् । (सिफारिस)

राष्ट्रको प्रतिवेदन प्रक्रियामा सहभागी हुनुभएमा तपाईंले प्रतिवेदन चक्रभरि अर्थपूर्ण र दिगो कार्य सम्पर्क सम्बन्ध बढाउनका लागि एउटा बलियो जग बसाल्न सक्नुहुन्छ ।

### कसरी : राष्ट्रिय प्रतिवेदन प्रक्रियासंग जोडिने

१. सरकारको राष्ट्रिय प्रतिवेदनमा भइरहेको प्रगति बुझ्न सरकारी प्रतिनिधीहरु, विशेष गरी परराष्ट्र मन्त्रालयका अधिकारीहरुलाई सम्पर्क गर्नुहोस् ।

२. वहाँहरुको प्रतिवेदनमा बाल विवाहलाई पनि समावेश गर्नका लागि प्रोत्साहन गर्नुहोस् ।

३. राष्ट्रिय प्रतिवेदनको प्रचारप्रसार गर्न र बाल विवाहका बारेमा राष्ट्रिय रुपमा सक्रिय संवाद सृजना गर्नका लागि एउटा संचार माध्यमको रणनीति कार्यान्वयन गर्नुहोस् ।

## चरण ४. अद्यावधिक प्रतिवेदन बुझाउनु होला । (सिफारिस)

यदि तपाईंले प्रतिवेदन पूर्वको विषयसुची/विषयसुचीलाई सुसुचित गर्नका लागि शुरुमा प्रतिवेदन बुझाउनु भएको छैन (चरण १) तर पनि प्रतिवेदन प्रक्रियामा सहभागी हुन चाहनुहुन्छ भने तपाईंले यो समयमा गर्न सक्नुहुन्छ । यस अद्यावधिक प्रतिवेदनमा तपाईंले :

- प्रतिवेदन पूर्वको विषयसुची/विषयसुची र राष्ट्रिय प्रतिवेदनमा जोड दिइएका ठोस मुद्दाहरुको बारेमा लिखित सुचना वा ताजा जानकारी प्रदान गर्नुहोस् ।
- तपाईंको संस्थाको बाल विवाह सम्बन्धी विज्ञहरु - जस्तै शिक्षा, लैगिंक तथा प्रजनन स्वास्थ्य तथा अधिकार र द्वन्द तथा संकटकालका अवस्थाहरु - लाई समिक्षा सत्र प्रभाव पार्नका लागि प्रयोग गर्नुहोस् ।

तपाईंको अद्यावधिक गरिएको प्रतिवेदन सत्रको शुरुवात हुन भएसम्म **६ हप्ता** (ढिलोमा ४ हप्ता अगाडि) अगाडि बुझाउनुहोला । एक सार्वजनिक बैठकमा तपाईंको वक्तव्य राख्नका लागि (चरण ५ख) पनि यही बेलामा अनुरोध पठाउनुहोला ।

**हेर्नुहोस् कसरी : सिइएससिआर (CESCR) प्रतिवेदन कसरी लेख्ने र बुझाउने सुचना पेज नं.५९ मा हेर्नुहोला ।**

## समिक्षाका दौरान

### चरण ५क. पक्ष राष्ट्रको समिक्षा सत्रमा सहभागी हुनुहोला । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

नागरिक समाजका सदस्यहरू, संभव र सुरक्षित हुने स्थितिमा, सिइएससिआर (CESCR) र राष्ट्रका प्रतिनिधीहरु बिच हुने समिक्षा सत्रमा पनि उपस्थित हुन सक्नेछन् । तपाईंहरु त्यहाँ पर्यवेक्षकका हैसियतामा मात्रै उपस्थित हुनुहुनेछ र हस्तक्षेप गर्न पाउनु हुने छैन । तपाईंलाई संयुक्त राष्ट्र संघिय आर्थिक तथा सामाजिक परिषदको दर्जा आवश्यक छैन ।

#### कसरी : सिइएससिआर (CESCR) संगको राज्यको समिक्षा सत्रमा सहभागी हुने

१. राज्यको समिक्षा सत्रमा सहभागी हुनका लागि वैध इमेल ठेगाना प्रयोग गरि इन्डिको प्लेटफर्म Indico platform मा दर्ता गर्नुहोला ।

२. स्विजरल्याण्ड प्रवेश गर्ने तपाईंको भिसा, यात्रा र बासको प्रबन्ध मिलाउनुहोला । OHCHR ले यसको लागि सहयोग गर्न सक्दैन र पर्यवेक्षकहरुको भिसा निवेदनका लागि स्विस अधिकारीहरुलाई कुनै पनि प्रकारको पत्र दिन असमर्थ छ ।

३. यदि तपाई प्रत्यक्ष उपस्थित हुन सक्नुहुन्न भने, तपाईंले यो संवादलाई अनलाइनमा UN WebTV मार्फत हेर्न सक्नुहुनेछ ।

### चरण ५ख. सार्वजनिक बैठकमा मौखिक जानकारी प्रस्तुत गर्नुहोस् ।[२५] (उच्च सिफारिस)

मौखिक वक्तव्य प्रस्तुत गर्नका लागि प्रतिवेदन बुझाएका नागरिक समाजका लागि प्रत्येक सत्रमा सिइएससिआर (CESCR) ले केही समय छुट्टयाएको हुन्छ । यस्ता वक्तव्यहरु पश्चात त्यसमा दिइएको सूचनाहरुका बारेमा सिइएससिआर (CESCR) ले प्रश्नहरु सोध्न सक्दछ ।

सिइएससिआर (CESCR) संग कार्य सम्बन्ध सम्पर्क बढाउने र उनीहरुले बाल विवाहका बारेमा पनि विचार गर्ने वातावरण बनाउनका लागि यो तपाईंको लागि एक सुनौलो अवसर हो । साथसाथै अन्य नागरिक समाजसंग सम्पर्क र संजाल फैलाउने मौका पनि हो ।

सिइएससिआर (CESCR) को सदस्यहरुको समय उपलब्धता अनुसार बैठकको आग्रहलाई स्विकार गरिनेछ ।

अद्यावधिक प्रतिवेदन बुझाउँदा खेरी सहभागिताको निवेदन पनि पठाउनुहोला (चरण ४) ।

#### कसरी : सार्वजनिक सुनुवाई (briefing) मा सहभागी हुने

१. दर्ताका लागि समय तालिका र महत्वपूर्ण मितीहरुको सम्पुर्ण जानकारीका लागि सम्बन्धित सत्रको पेजमा राखिएको कामको कार्यक्रम हेर्नुहोला ।

२. सिइएससिआर (CESCR) को अनलाइन सिस्टम online submissions system मा तपाईंको अद्यावधिक प्रतिवेदन बुझाउँदा (चरण ४) सहभागिताका लागि पनि निवेदन बुझाउनु होला । तपाईंलाई सम्पर्क गर्न सकिन वैध इमेल ठेगाना पनि उपलब्ध गराउनु होला ।

३. यदि तपाई जेनेभाको यात्रा गर्न सक्नुहुन्न भने तपाईंले सिइएससिआर (CESCR) संग दुर (remote) सम्बन्ध स्थापित गर्न सक्नुहुन्छ । यसका लागि चाहिने प्राविधिक आवश्यकताहरुका लागि र अन्य प्रबन्धहरु गर्नका लागि सिइएससिआर (CESCR) को सचिवालयलाई उनीहरुको इमेल ठेगानामा सम्पर्क गर्नुहोला ।

४. प्रत्येक सत्रको सुचनाको खण्ड (information section) मा उपलब्ध रहेको सार्वजनिक बैठकहरुको सारांश रेकर्ड हेर्नुहोला ।

२५ सिएसआर-नेट, एन.डी., समानान्तर प्रतिवेदनमा कसरी संलग्न हुने

## चरण ५ ग.

## दिउँसोको खानाको दौरानमा गोप्य (private) सुनुवाईको आयोजना गर्नुहोला । (जेनेभामा भएको भए उच्च सिफारिस)

समिक्षा सत्र शुरु हुनु अगाडि, दिउँसोको खानाको समयमा, सम्बन्धित देशका नागरिक समाजले सिइएससिआर (CESCR) संग करिब एक घण्टाको अनौपचारिक सुनुवाई कार्यक्रम आयोजना गर्न सक्छन् ।

यस सुनुवाईमा तपाईंले तपाईंको देशमा बाल विवाहको अवस्थाबारे विस्तृतमा छलफल गर्न सक्नुहुनेछ : यसको प्रचलन, प्रगति, असफलताहरु र सरकारले यसलाई सम्बोधन गर्नका लागि के गर्दैछ वा के गरेको छैन, आदि । सिइएससिआर (CESCR) सदस्यहरुले पनि प्रश्न सोध्न सक्नेछन् ।

तपाईंको आग्रह राज्यको समिक्षा सत्रको ३ हप्ता अगाडि पठाउन सक्नुहुनेछ ।

**महत्वपूर्ण !** कुनै कुनै सुनुवाईहरुमा सरकारसंग आबद्ध गैर-सरकारी संस्थाहरुले पनि भाग लिन सक्नेछन् जसले यसमा भएको छलफल राज्यका अधिकारीहरु समक्ष पुर्‍याउन सक्नेछन् । सिइएससिआर (CESCR) संग यसरी अन्तक्रिया गर्नु अगाडि तपाईंले सुरक्षाको मुल्याकंन गर्नुहोला ।

### गोप्य सुनुवाई (private briefing) कसरी आयोजना गर्ने ?

१. सिइएससिआर (CESCR) सचिवालयलाई यस इमेल ठेगानामा सम्पर्क गर्नुहोला: ohchr-cescr@un.org

राज्यको समिक्षा सत्रको कम्तीमा पनि ३ हप्ता अगाडि सम्पर्क गर्नुहोला ।

२. यदि तपाईंले यो समय अवधिमा छुटाउनु भयो भने :

- सिइएससिआर (CESCR) को सचिवालयलाई सम्पर्क गर्नुहोस् ।
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि विश्वव्यापी अभियान (Global Initiative for Economic, Social and Cultural Rights (GI- ESCR) लाई info@gi-escr.org मा सम्पर्क गर्नुहोला । यसको सिइएससिआर (CESCR) संग नजिकको सम्बन्ध छ र हुन गइरहेको कुनै अनौपचारिक सुनुवाई कार्यक्रममा भाग लिने अवसर रहेछ भने तपाईंलाई जानकारी दिन सक्नेछन् ।

३. सुरक्षाको मुल्यांकन पुरा गर्नुहोला ।

**सुझाव ! तपाईंको सुनुवाईको खाका तयार पार्नका लागि अन्य नागरिक समाजका अन्य सदस्यसङ्ग समन्वय गर्नुहोस् ।**

- तपाईंको देशबाट सिइएससिआर (CESCR) मा प्रतिवेदन बुझाएका नागरिक समाजका सदस्यहरू पनि पत्ता लगाउनुहोस् । त्यस पछि तपाईंहरुको सुनुवाई(हरु) तयार पार्नका लागि समन्वय गर्नुहोस् ।
- प्रत्येक सत्रका लागि अन्य संस्थाहरुले बुझाएका प्रतिवेदनहरु तपाईंले “Info from civil society organizations (नागरिक समाजबाट प्राप्त जानकारी)” भित्र भेट्न सक्नुहुनेछ ।
- जेनेभामा पूर्व-सत्रिय कार्यगत समुह र सत्रहरु भइरहँदा तपाईंले पहिले देखि नै त्यहाँ अवस्थित संस्थाहरुसंग पनि सहकार्य गर्न सक्नुहुनेछ । जस्तो उदाहरणका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि विश्वव्यापी अभियान (Global Initiative for Economic, Social and Cultural Rights (GI- ESCR) हुन सक्छ जसको सिइएससिआर (CESCR) संग कार्य सम्बन्ध सम्पर्क बढाउने मामिलामा बृहत अनुभव छ ।

## चरण ५घ.

## सिइएससिआर (CESCR) को सदस्यहरुलाई भेट्नुहोस् (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

नागरिक समाजले सिइएससिआर (CESCR) का सदस्यहरु CESCR members संग व्यक्तिगत निजी भेटहरु मार्फत पनि सम्बन्ध विस्तार गर्न सक्दछन् । यस्तो भेटमा उनीहरुको निष्कर्ष सुझावका लागि विस्तृत र अद्यावधिक सूचनाहरु प्रदान गर्न सकिन्छ ।

यस्तो भेट राज्यको समिक्षा सत्रमा धेरैवटा मानवअधिकारका विषयहरुबिच ध्यानाकर्षणका लागि प्रतिस्पर्धा चलेको समयमा धेरै महत्वपूर्ण हुन जान्छ । सुनुवाईको दौरानमा बाल विवाहको सम्बोधनका लागि तपाईंले सिमित मात्रै मौका पाउनु भयो भने या सिइएससिआर (CESCR) सदस्यहरुले खानाको समयको सुनुवाईमा बाल विवाहको सम्बन्धमा सिमित वा उदासिन प्रतिक्रिया दिएको अवस्थामा यस्तो भेट महत्वपुर्ण हुन सक्छ ।

राज्यको समिक्षा सत्रको अन्त्यको ४८ घण्टाको दौरान बिच सिइएससिआर (CESCR) ले तपाईंको सुझावहरु पनि आफ्नो निश्कर्ष सुझावमा समावेश गरोस् भन्ने उद्देश्यका साथ तपाईंले यस्तो भेट गर्न सक्नुहुनेछ ।

### कसरी : सिइएससिआर (CESCR) सदस्यहरुसंग भेट्ने

१. सत्रको विश्रामहरुका बेलामा सिइएससिआर (CESCR) सदस्यहरुसंग कुराकानी गर्नुहोस् ।
२. सत्रको अन्त्य पश्चात ४८ घण्टा भित्र सान्दर्भिक सुचनाहरु इमेल मार्फत पठाउनुहोस् ।
३. यस्ता अन्तरक्रियाहरुमा तपाईंले,
    क. सरकारी प्रतिनिधी मण्डलले राखेको वक्तव्यको बारेमा प्रतिक्रिया दिन सक्नुहुनेछ ।
    ख. बाल विवाह र सम्बन्धित सवालहरुमा थप जानकारीहरु दिन सक्नुहुनेछ ।

## समिक्षा पछि

### कदम ६. अनुगमन पैरवीमा संलग्न हुनुहोस् । (उच्च सिफारिस)

यो एक सबैभन्दा महत्वपूर्ण कदमहरु मध्येको एक हो ।

राष्ट्रिय स्तरमा तपाईंको पैरवीका लक्ष्यहरु अघि बढाउनका लागि तपाईले सिइएससिआर (CESCR) को निश्कर्ष सुझावहरु प्रयोग गर्न सक्नुहनेछ । अब तपाईंले यी सुझावहरुको अधिकारलाई प्रयोग गर्दै यस अनुबन्ध अन्तर्गतका राष्ट्रको दायित्वहरु पुरा गर्न र बाल विवाह अन्त्यका लागि सरकारलाई दबाब दिन सक्नुहुन्छ ।

### कसरी : तपाईंको राष्ट्रिय पैरवीमा सिइएससिआर (CESCR) को सुझावहरुलाई प्रयोग गर्ने

अनुगमनको चरणमा, तपाईंको संस्थाले यी निम्न कुराहरु गर्न सक्छ :

१. तपाईंको देशले पक्ष राष्ट्रका रुपमा सिइएससिआर (CESCR) अन्तर्गतको दायित्व र सुझावहरु पालना गरे-गरेको अनुगमन गर्नका लागि सम्बन्धित सरकारी विभागहरु, मानवअधिकार सम्बन्धी संस्थाहरु, लोकपाल (ombudsman) र अन्य निकायहरुसंग, बाल विवाहलाई विशेष केन्द्रमा राख्दै, **छलफलहरु आयोजना गर्नुहोस् ।**

२. बाल विवाहसंग सम्बन्धित **निश्कर्ष सुझावहरुको व्यापक प्रचारप्रसार गर्नुहोस् ।** तपाईंको सामाजिक संजालमा, सांसदहरुसंगको भेटघाटमा, राष्ट्रिय मानवअधिकार सम्बन्धी संस्थाहरुसंगको अन्तरक्रियाहरुमा, सम्बन्धित मन्त्रालयहरुसंग र पत्रकार सम्मेलनहरुमा तपाईंले यसबारे कुरा राख्नुहोस् ।

३. **अनुगमन प्रतिवेदन पेश गर्नुहोला ।** सिड (CEDAW) को प्रक्रिया जस्तै सिइएससिआर (CESCR) ले पनि २४ महिना भित्र पुरा हुनुपर्ने गरी तत्काल कारवाहीका लागि तिन वटा सम्म सुझावहरु पहिचान गर्न सक्दछ । सरकारले उक्त सुझावहरुको कार्यान्वयन के-कसरी गरिहेको छ भनेर नागरिक समाजसंग अनुगमन प्रतिवेदनहरु माग गरिन्छ । यस्तो सुझावमा उदाहरणका लागि बाल विवाह सम्बन्धी बुँदाहरु पनि हुन सक्छन् ।

### सुझाव ! सिइएससिआर (CESCR) मा बुझाइएको नागरिक समाजका प्रभावकारी प्रतिवेदनहरुबाट सिक्नुहोस्

***गर्ल्स नट ब्राइड्सको सदस्य संस्थाहरुबाट :***

- **अर्जेन्टिना** । एउटा गठबन्धनको प्रतिवेदन । अर्जेन्टिनाले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिलाई पेश गरेको चौथो प्रतिवेदन । आइसिइएससिआर (ICESCR)को धारा १२, ३ र १५ लाई हवाला दिंदै अर्जेन्टिनामा गर्भपतनको पहुँच Fourth report of Argentina to the committee on economic, social and cultural rights. Access to abortion in Argentina referring to articles. 12, 3 and 15 of the ICESCR. सेप्टेम्बर २०१८ । नागरिक समाजका अन्य सदस्यबाट:

- **अल्बानिया** । प्रतिवेदन पूर्वको विषयसुचीका लागि प्रतिवेदन । अल्बानियाले सिइएससिआर (CESCR) को पालना सम्बन्धी एडभोकेट्स फर ह्युमन राइट्स, र ह्युमन राइट्स इन डेमोक्रेसीको संयुक्त प्रतिवेदन Joint report on Albania's compliance with the CESCR by the Advocates for Human Rights and Human Rights in Democracy. ७ जनावरी २०२२ ।

- **मंगोलिया** । एउटा गठबन्धनको प्रतिवेदन । एलजिबिटिआइ (LGBTI) व्यक्तिहरूका अधिकार सम्बन्धी एलजिबिटि केन्द्र (LGBT Centre) र आइएलजिए वर्ल्ड (ILGA World) को संयुक्त प्रतिवेदन Joint report by LGBT Centre and ILGA World on the rights of LGBTI persons. २९ अगस्ट २०२२ ।

## कसरी : सिइएससिआर (CESCR) मा पेश गर्नका लागि प्रतिवेदनको संरचना र लेखन

**१. शिर्षक पेज, यी निम्न कुराहरु सहितको :**

- प्रतिवेदनको शिर्षक, जसमा तपाईंले कुन राष्ट्रका बारेमा प्रतिवेदन दिंदै हुनुहुन्छ, यस प्रतिवेदन कुन सन्धि र कुन समय अवधिका लागि हो भनेर खुलाउनुपर्छ । जस्तो उदाहरणका लागि "(पुर्व-सत्र वा सत्रको संख्या) का लागि (देशको नाम) को बारेमा सिइएससिआर (CESCR) मा पेश गरिएको नागरिक समाजको प्रतिवेदन ।"
- प्रतिवेदन पेश गर्ने संस्था(हरु) ।
- पेश गरेको मिती ।
- सम्पर्क ठेगाना ।
- यदि एउटा भन्दा बढी भाषामा प्रतिवेदन उपलब्ध भएमा अन्य/मुल प्रतिवेदनको शिर्षक
- प्रतिवेदन गोप्य हो वा हैन ।

**२. विषय सुची**

**३. कार्यकारी सारांश (वैकल्पिक)**

**४. परिचय,** यी निम्न सहित :

- पृष्ठभुमि जसमा यी पर्छन्
  - प्रतिवेदन पेश गर्ने संस्था(हरु)को छोटो परिचय
  - प्रतिवेदनको दायरा विशेष गरि बाल विवाहसंग सम्बन्धित सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारमा केन्द्रित भएर ।

**सुझाव ! ! पेज नं.४९-५३ मा दिइएको सुचनालाई प्रयोग गर्नुहोस् । यसले अनुबन्ध र बाल विवाहको सम्बन्धलाई प्रष्ट देखाउँछ । अनुबन्धका सान्दर्भिक धाराहरु र त्यसले अंगिकार गर्ने सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारहरु तालिकामा स्पष्ट देखाइएको छ ।**

- सुचना संकलन गर्नका लागि प्रयोग गरिएको अनुसन्धान विधी

**५. अनुबन्धको समूह (क्लस्टरमा) आधारित विश्लेषण :**

- सिइएससिआर (CESCR) ले अनुबन्धका धाराहरुलाई समूह (क्लस्टरमा) अनुसार समुह विभाजन गरेको छ जुन राष्ट्रहरुलाई दिइएको प्रतिवेदन निर्देशिकामा स्पष्ट तोकिएको छ । राज्यको समिक्षा सत्रमा गरिने छलफलको क्रम अनुसार यो राखिएको छ ।
- सिइएससिआर (CESCR) ले तपाईंको प्रतिवेदनमा भएको र राष्ट्रिय प्रतिवेदनमा भएको सूचनाहरु सजिलै तुलना गर्न सकोस् भन्नका लागि तपाईंको प्रतिवेदनको संरचना पनि यहि क्लस्टर अनुसार गर्नुहोला ।
- तपाईंले सबै क्लस्टर उल्लेख गर्नु पर्दैन -तपाईंको कानूनी विश्लेषण अनुसार बाल विवाहका लागि सान्दर्भिक क्लस्टरलाई मात्रै उल्लेख गर्दा हुनछ । पेज नं. ४९-५३ मा दिइएको बाल विवाहसंग सम्बन्धित सिइएससिआर (CESCR) को धारालाई उद्दृत गर्दै तपाईंको प्रतिवेदन यी निम्न कुराहरुमा केन्द्रित हुन सक्छ :
  - धारा १ र ३
  - धारा ६, ७, ९
  - धारा १०, ११, १२
  - धारा १३, १४, १५
- विश्लेषणका लागि तपाईंलाई बाल विवाहसंग र तिनको रोकथाम, सुरक्षा, सहयोग, र दण्डसजाय सम्बन्धि राष्ट्रिय ऐनहरु (संविधान, कानून तथा नीतिहरु) तथा तिनको कार्यान्वयन प्रक्रियाहरु हेर्न हुन अनुरोध गर्दछौं । साथै यसको अनुगमन प्रणाली तथा संयन्त्रहरुबारे पनि थप जान्न आवश्यक छ । कार्यान्वयनको प्रक्रियामा भएका सफलता र कमजोरीहरुलाई प्रकाश पार्नुहोला .
- यदि तपाईंको देशबाट प्रतिवेदन बुझाइसकेको भए, राष्ट्रिय प्रतिवेदन र सिइएससिआर (CESCR) ले जारी गरेको प्रतिवेदन पूर्वको विषयसुचीमा कुनै फरक वा भिन्नता भएमा सो को पहिचान गर्नुहोला । तपाईंले प्रदान गर्ने सूचनाहरु, तथ्यांक, बाल विवाह भोगेका हरुको बयान, प्राज्ञिक अनुसन्धान, राष्ट्रिय र स्थानिय ऐनका प्रावधानहरु, नीति, नियमावली, कार्यक्रम लगायतका प्रमाणहरुबाट पुष्टि भएको हुनुपर्छ ।

**सुझाव ! तपाईंको प्रतिवेदनलाई सहयोगी हुने विषयगत र राष्ट्रिय स्तरको प्रमाण तथा तथ्यांकहरु पेज नं. ५४ मा रहेको श्रोत हरुको टुलबक्समा भेट्न सक्नुहुनेछ ।**

**६. सुचनाको श्रोतहरु : तपाईंको देशलाई सन्दर्भ विन्दु मानेर सूचनाहरु संकलन गर्नुहोला । तपाईंले यी निम्न श्रोतहरु हेर्न सक्नुहुन्छ :**

- o तपाईंको देशका लागि अघिल्लो सिइएससिआर (CESCR) निश्कर्ष  सुझावहरु
- o नागरिक समाज र गैर-सरकारी संस्थाहरुका पुराना प्रतिवेदनहरु
- o बाल विवाहसंग सम्बन्धित ठोस अधिकारका लागि विशेष नियुक्त समाधिक्षक (Special Rapporteur) ले यदि कुनै प्रतिवेदन बुझाएको भए, उदाहरणका लागि सांस्कृतिक अधिकार, महिला र बालिकाविरुद्ध हुने हिंसा सम्बन्धी अधिकार, शिक्षाको अधिकार लगायतका विशेष प्रतिवेदनहरु ।
- o यदि राष्ट्रले प्रतिवेदन बुझाएको भए ।
- o प्रतिवेदन पूर्वको विषयसुची
- o साधारण टिप्पणीहरु
- o अन्य संयुक्त राष्ट्र संघिय सन्धि निकायहरु, विशेष गरि सिआरसि (CRC) र सिड (CEDAW) को बाल विवाहसंग सम्बन्धित निश्कर्ष सुझावहरु

**७. लक्षित प्रश्नहरु/सिफारिसहरु** : प्रतिवेदन पूर्वको विषयसुचीका लागि लिखित प्रतिवेदन हो वा राष्ट्रिय प्रतिवेदनका लागि थप बृहत प्रतिवेदन हो सोही अनुसार ठोस मुद्धाहरु, प्रश्नहरु वा सिफारिसहरु समावेश भएको संक्षिप्त सुची उपलब्ध गराउनुहोला ।

**याद राख्नुहोला !** तपाईंले प्रतिवेदन बुझाउने बेलामा अनलाइन व्यवस्थामा आफू सार्वजनिक सुनुवाईमा सहभागी हुने या अनौपचारिक सुनवाई आयोजना गर्ने, सो कुरा पनि खुलाउनुहोला ।

## ३.४ विश्व आवधिक समिक्षा (युपिआर/UPR) संग संलग्न-कार्य सम्बन्ध-सर्म्पक बढाउने

### युपिआर र बाल विवाह बीचको सम्बन्धको बुझाइ

विश्वव्यापी रुपमा नै मानवअधिकारको प्रर्वद्धन र संरक्षण गर्ने हेतुले संयुक्त राष्ट्र संघिय मानव अधिकार परिषद **एचआरसी (HRC)** भित्रको एउटा प्रक्रियाका रुपमा विश्व आवधिक समिक्षा **(युपिआर/UPR)** को शुरुवात गरिएको हो । ठोस सन्धिहरुका लागि स्थापित अन्य संयुक्त राष्ट्र संघिय अनुगमन संयन्त्रहरु जस्तो नभइ युपिआरमा सबै १९३ वटा नै युएन (UN) सदस्य राष्ट्रहरु संलग्न रहेर एक अर्काको मानवअधिकारको स्थितीहरु समिक्षा गर्ने गर्दछन् । यसमा बाल विवाहको सम्बोधनका लागि गरिएका प्रयासहरु पनि पर्दछन् ।

**युपिआर (UPR) संयन्त्रमा संलग्न हुनुको प्रमुख उद्धेश्य भनेको बाल विवाहको सरोकारहरूलाई युपिआर (UPR) को राज्यको समिक्षाभित्र समावेश गर्नका लागि आवाज उठाउनु हो । यसो गर्नाले बाल विवाह अन्त्य र बालिकाको अधिकार सर्म्बद्धनका निम्ती कानून, नीतिनियम, संस्थागत अभ्यासहरु साथै बजेट तर्जुमालाई सुधार गर्ने खालका सुझावहरु समिक्षा भइरहेको देशका लागि बनाउनका लागि प्रोत्साहन मिल्दछ ।**

हालसम्म युपिआर (UPR) संयन्त्रबाट बाल विवाह सम्बन्धी करिब ४०० भन्दा बढी सुझावहरु विभिन्न राष्ट्रका लागि जारी भइसकेका छन् । महिला र बालिकाको अधिकार साथै विकासका लक्ष्यहरु प्राप्तिका लागि एउटा जरुरी कदमका रुपमा अन्तर्राष्ट्रिय समुदाय माझ बाल विवाह सम्बोधनको महत्व र अत्यावश्यकता अझ बढि परिचित हुँदै गएको कुरालाई यसले दर्शाउँछ । यस मुद्धाको प्राथमिकीकरण गर्न लागि परेका नागरिक समाजको समन्वयात्मक र अटुट प्रयासलाई पनि यसले प्रकाश पार्दछ ।

यस्ता सुझावहरुले एउटा दरो उपलब्धिलाई प्रतिनिधित्व गर्दछ । **यसले विश्वभरि नै बाल विवाहको सम्बोधनका निम्ती राष्ट्रिय स्तरमा हुने कामकारवाहीहरु र अन्तर्राष्ट्रिय रुपमा हुने सहयोग परिचालनलाई मार्गनिर्देश** गर्न सक्छ । तपाईंले आफ्नो राष्ट्रिय पैरवीलाई बढावा दिंदै राज्यलाई उनीहरुको मानवअधिकार सम्बन्धी दायित्व अझ विशेष बाल विवाह सम्बोधनको विषयमा जवाफदेहिताका लागी दबाब दिन सक्नुहुन्छ ।

### युपिआर (UPR) प्रतिवेदन चक्र - यो भनेको के हो ?

युपिआर (UPR) ले पाँच वर्षिय चक्रमा काम गर्ने गर्दछ । युपिआर (UPR) को कार्यगत समुह वर्षको तिन पटक जेनेभामा भेट्ने गर्दछन् जुन प्राय जनावरी, मे र नोभेम्बरमा हुने गर्दछ ।

प्रत्येक सत्रमा युपिआर (UPR) ले १४ वटा देशहरुको समिक्षा गर्दछ । यस्ता सत्रहरुमा नागरिक समाजले प्रत्यक्ष सहभागी हुन नपाए पनि सत्र अगाडि लिखित जानकारी र सुझावहरु बुझाउन सक्दछन् । संयुक्त राष्ट्र संघिय मानवअधिकार उच्च आयुक्त (ओएचसिएचआर/OHCHR) को कार्यालयले त्यस पश्चात संयुक्त राष्ट्र संघिय निकायहरु र नागरिक समाजका प्रतिवेदनहरुबाट तथ्यांक संकलन गर्ने काम गर्दछ । यस संकलित तथ्यांकबाट उनीहरुले समिक्षा प्रक्रियाका दौरान सदस्य राष्ट्रहरुलाई थप सुसुचित गर्नका लागि एक संयुक्त राष्ट्रसंघको संकलन तथा सरोकारवाला प्रतिवेदन (UN compilation and a stakeholders' report) तयार पार्दछ ।

युएन (UN) को कार्यगत समुह सत्र (राष्ट्र समिक्षा)मा समिक्षा भइरहेको राष्ट्र र अन्य युएन (UN) सदस्य राष्ट्रहरुबिचको साँढे तिन घण्टा लामो अन्तरक्रियात्मक छलफल हुन्छ :

- समिक्षा भइरहेको राष्ट्रले आफ्नो प्रतिवेदन प्रस्तुत गर्न र प्रश्नहरुको जवाफ दिनका लागि ७० मिनेटको समय पाउँदछ ।
- सहभागी राष्ट्रहरुले प्रश्नसोध्न, टिप्पणीगर्न तथा सुझावहरु दिनका लागि १४० मिनेटको समय पाउँदछन् । प्रश्नहरु युपिआर (UPR) को १० कार्य-दिन (working days) अगाडि सम्म लिखित रुपमा पनि राख्न सकिन्छ ।

समिक्षा पश्चात, युपिआर (UPR) को कार्यगत समुहले मानवअधिकार सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार पार्दछ । यस कार्यगत समुहको प्रतिवेदन अंगिकार गर्नु अगाडि समिक्षा भइरहेको राष्ट्रले अन्य राष्ट्रले पेश गरेको सुझावहरुमा आफ्नो राय वा अडान को जनाउ दिन्छ । सुझावहरुलाई "स्वीकृत गरिएको (Accepted)" या "नोट गरिएको (Noted)" भनेर वर्गीकरण गरी यस्तो जनाउ दिइन्छ :

कुनै पनि सुभावलाई समिक्षा भइरहेको राष्ट्रले तोकेर नै "स्वीकृत" शब्द प्रयोग गरेमा मात्र "स्विकृत गरिएको" मानिन्छ ।

यदि समिक्षा भइरेहेको राष्ट्रले आफ्नो जवाफमा स्वीकृतिलाई स्पष्टसंग तोकेर जाहेर गरेको छैन तर सुझावलाई विचार गरेको भनेर मानेको छ भने त्यसलाई "नोट गरिएको" भनेर वर्गीकरण गरिन्छ ।

राज्यको समिक्षाको करिब ४-६ महिना पछि एचआरसि (HRC) ले पूर्ण सत्रमा समिक्षा भइरहेको राष्ट्रका लागि युपिआर (UPR) को परिणाम स्विकृत गर्दछ ।

**सुझाव ! युपिआर (UPR) को प्रक्रियामा सहभागी भएका राष्ट्रहरुमा नागरिक समाजको पैरवीलाई सहजीकरण गर्नका लागि ओएचसिएचआर (OHCHR) ले श्रोतहरु प्रदान गर्दछ**

यी श्रोतहरु निम्न हुन सक्छन् :

- मानवअधिकार उच्चायुक्तद्वारा परराष्ट्र मन्त्रालयलाई लेखिएको एक पत्र जसमा युपिआर (UPR) चक्रको परिणामहरुमा आधारित भएर गरिएका अवलोकनहरु उल्लेख गरिएका हुन्छन् । यस्तो पत्रको एउटा उदाहरण पेरुको हेर्न सकिन्छ ।
- मुद्दा वा विषय अनुसार क्लस्टरमा राखिएका सुझावहरुको तालिका जसमा प्रत्येक सुझावका लागि विस्तृत जानकारीहरु, सुझाव दिने राष्ट्रहरु, र समिक्षा भइरहेको राष्ट्रको अडान दिइएको हुन्छ । यस्तो तालिकाले पछिको अनुगमन प्रक्रियामा सहयोग पुऱ्याउँदछ । यसको एउटा उदाहरण पेरुको हेर्न सकिन्छ ।
- युपिआर (UPR) चक्रहरुका बिचको मुख्य प्रवृतिहरुलाई प्रकाश पार्ने र तिनीहरुलाई अनुगमनको मुख्य क्षेत्रहरुसंग जोड्ने एक युपिआर (UPR) इन्फोग्राफिक । यसको एउटा उदाहरण पेरुको हेर्न सकिन्छ ।

# युपिआर (UPR) संयन्त्र संग सहकार्य बढाउने

### टुलबक्स ! तपाईंको प्रतिवेदन तथ्यप्रमाणमा आधारित रहेको सुनिश्चित गर्ने श्रोतहरु

तथ्यपरक प्रतिवेदन निर्माणका लागि र युपिआर (UPR) समिक्षा प्रक्रिया अन्तर्गत तपाईलाई कुन मुद्धाहरु र कुन प्रश्नहरु सम्बोधन गरियोस् भन्ने लागेको छ सोको वर्णनको निम्ति यी निम्न श्रोतहरु प्रयोग गर्न सक्नुहुनेछ ।

**राष्ट्रिय स्तरको तथ्यांक :**

- *ग्रर्ल्स नट ब्राइड्स* को बाल विवाहको नक्सा (Child Marriage Atlas) मा बाल विवाह प्रचलन, कारकहरु र देश अनुसारको कानूनको जानकारीहरु रहेको छ ।

- युनिसेफको बाल विवाहको राष्ट्रिय परिदृश्य (Child marriage country profiles) मा देश अनुसार प्रचलन, समागमको विशेषताहरु र देश अनुसार विवाहिता बालिकाहरुको जिवनीको सुक्ष्मदृष्टि समावेश छ ।

- बाल विवाह अनुगमन संयन्त्र (Child Marriage Monitoring Mechanism) मा विश्वव्यापी, क्षेत्रिय र राष्ट्रिय स्तरको तथ्यांक र प्रवृतिहरु छन्, जसले देश-देशबिच र देशभित्रै पनि घरायसी सम्पत्ति, शैक्षिक प्रगति, ग्रामिण वा शहरी बसाई र उपराष्ट्रिय क्षेत्रका आधारमा भएका भिन्नताहरुलाई देखाएको छ ।

***ग्रर्ल्स नट ब्राइड्सको* विषयगत सारसंक्षेप र प्रमाणको समिक्षाहरु :**

- बाल विवाह र बालिकाको अधिकारमा कानूनको प्रभाव (impact of the law on child marriage and girls' rights) माथिको सारसंक्षेप र प्रमाण समिक्षा

- बालबालिकाको सुरक्षा र बाल विवाह (child protection and child marriage) माथिको सारसंक्षेप र प्रमाण समिक्षा ।

- कसरी लैंगिक समताका लागि बाल विवाह अन्त्य गर्न जरुरी रहेको छ (ending child marriage is crucial to gender equality) भन्ने सारसंक्षेप

- बालिकाको शिक्षा र बाल विवाह (girls' education and child marriage) उपरको सारसंक्षेप र विषयगत लेख

- बाल विवाहलाई सम्बोधन गर्न र विवाहित बालिकाहरुको सहयोगका लागि शैक्षिक कामकारवाहीहरु (Education interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर

- बाल विवाह सम्बोधन र विवाहित बालिकाहरुको सहयोगका लागि आर्थिक सशक्तीकरणका कामकारबाहीहरु (Economic empowerment interventions) उपरको अनुसन्धान चर्चा र पोस्टर

- विवाहित, गर्भवती वा बालबच्चा स्याहार गरिरहेका बालिकाको सहयोग (Supporting girls who are married, pregnant and parenting) उपरको सारसंक्षेप र विषयगत लेख

- बाल विवाह र मानसिक स्वास्थ्य (child marriage and mental health) उपर कार्यशाला

- मानविय सहायताको स्थिती (Humanitarian settings) मा बाल विवाहसम्बन्धी सफल अभ्यास र मुख्य श्रोतहरु अभिलेख गरिएका ब्लग पोस्टहरु

**अन्य संस्थाका श्रोतहरु :**

लैंगिक अधिकारका पहलहरु र अन्तर्राष्ट्रिय नियोजन परिवार संघ (Planned Parenthood Federation), २०१२, लैंगिक अधिकार र विश्व आवधिक समिक्षा, पैरवीकर्ताहरुका लागि एक टुलकिट Sexual rights and the universal Periodic Review. A toolkit for advocates.

युपिआर (UPR) एक राष्ट्रले नेतृत्व गर्ने प्रक्रिया भएपनि यसमा नागरिक समाजले निर्णायक भुमिका खेल्न सक्छन् । आफ्नो देशमा र अन्तर्राष्ट्रिय रुपमा नै युपिआर (UPR) को परिणामलाई प्रभाव पार्नका लागि उनीहरुसंग समिक्षा अगाडि, दौरान र पछाडि पनि प्रशस्त अवसरहरु हुन्छन् ।[२६]

### सुझाव ! सहयोगका लागि युपिआर इन्फो UPR Info लाई सम्पर्क गर्नुहोला

युपिआर इन्फो (UPR Info) जेनेभा, स्विजरल्याण्डमा अवस्थित एक गैर-सरकारी संस्था हो । युपिआर (UPR) संयन्त्रसंग नागरिक समाजलाई कार्य सम्बन्ध(सम्पर्क स्थापना सहयोगका लागि उनीहरुले एक मुख्य भुमिका निर्वाह गर्दछन् ।

२६ युपिआर इन्फो (UPR Info), २०१७, नागरिक समाजलाई जानकारी। विश्व आवधिक समिक्षामा नागिक समाजको संलग्नता सम्बन्धी विस्तृत निर्देशिका *The civil society compendium. A comprehensive guide for civil society organisations engaging in the Universal Periodic Review*; ओएचसिएचआर (OHCHR), २०२०, विश्व आवधिक समिक्षा, राष्ट्रिय मानवअधिकार संस्था र नागरिक समाजको संलग्नताका लागि सुझाव । *Universal period review. Tips for engagement at country level for national human rights institutions and civil society*.

## चित्र १०: नागरिक समाजले यूपिआर (UPR) सँग संलग्न-कार्य सम्बन्ध-सम्पर्क बनाउने प्रमुख समय

**नागरिक समाज र गैरसरकारी संस्थाहरूको प्रतिवेदन**

नागरिक समाज र गैरसरकारी संस्था, संयुक्त राष्ट्र संघिय निकायहरू (UN agencies) र अन्य साझेदारहरूलाई ओएचसिएचआर (OHCHR) मा समिक्षा हुन गइरहेको राज्यलाई मानवअधिकार सम्बन्धी आफ्ना सरोकार, आशा लाग्दा अभ्यास र सिफारसिहरू उल्लेख गरेको लिखित प्रतिवेदन पेश गर्न आव्हान गरिन्छ ।

**चरण १:** प्रतिवेदन पेश गर्नुहोस्

**राष्ट्रिय प्रतिवेदन**

समिक्षा गरिने राज्यले, बृहत परामर्श प्रक्रिया अपनाउँदै, मानवअधिकारको स्थितिलाई सुधार गर्नका लागि गरिएका कार्यहरूको विवरण दिने राष्ट्रिय प्रतिवेदन तयार गर्दछ ।

**चरण २:** राष्ट्रिय स्तरका परामर्शमा सहजिकरण ररवा सहभागी हुनुहोस्, वा सरकारसँग प्रत्यक्ष रूपमा संलग्न हुनुहोस्

**ओएसिएचआर (OHCHR)ले संक्षिप्त प्रतिवेदनहरू तयार पार्छ ।**

ओएचसिएचआर (OHCHR) ले सन्धी निकाय, विशेष प्रकिया र यूएन (UN) का अन्य सान्दर्भिक सामाजिक प्रतिवेदनहरूबाट सूचनाहरू संकलन गर्दछ ।

ओएचसिएचआर (OHCHR) ले नागरिक समाज र अन्यले उपलब्ध गराएका लिखित सूचनाहरूको आधारमा अन्य साझेदारहरूको सूचनाको सारांश तयार गर्दछ (चरण १)

यी दुवैलाई समिक्षा गरिने राज्यको प्रतिवेदन सँगै समिक्षाको लागि परिप्रेक्ष्यको जानकारी दिने दस्तावेज तयार गर्न प्रयोग गरिन्छ ।

**चरण ३ क:** आफ्नो देश वा जेनेभामा हुने पूर्व सत्रमा भाग लिन आवेदन दिनुहोस्

**पूर्व-सत्र**

नागरिक समाजको पैरवीलाई सहजिकरण गर्नका लागी समिक्षा सत्र भन्दा अगाडी युपिआर इन्फो यूपिआर (UPR Info) ले नागरिक समाजका प्रतिनिधिहरूका लागि एक बैठक आयोजना गर्दछ। उक्त बैठकमा यि प्रतिनिधीहरूले जेनेभा, समिक्षा हुन गइरहेको राष्ट्रमा वा दुतावासहरूको माध्यमबाट उक्त देशको मानवअधिकारको वस्तुस्थितिको जानकारी दिनेछन् ।

**चरण ३ ख:** आफ्नो देशमा वा जेनेभामा हुने पूर्व-सत्रमा सहभागी हुनुहोस्

**यूपिआर (UPR) कार्यगत समूह सत्र (राज्य समिक्षा)**

मानवअधिकार परिषदमा सत्र सञ्चालनको दौरानमा, यूपिआर कार्यगत समूह (UPR Working Group) ले समिक्षा गर्ने तिन समिक्षक राष्ट्रहरू (troika) को सहयोगमा समिक्षारत राज्यका प्रतिनिधीहरूसंग अन्तरक्रियात्मक संवाद गर्दै मानवअधिकारको स्थितिको जाँच गर्दछ ।

समिक्षारत राज्यको लागि अन्य सदस्य राष्ट्रहरूले आफ्ना प्रश्नहरू कार्यगत समूहको सत्र हुने मितिभन्दा १० कार्य दिन अगाडी लिखित रूपमा तिन समिक्षक राष्ट्र समक्ष (troika) पेश गर्नुपर्दछ ।

समिक्षा भएको दुइ दिन पछि, तिन समिक्षक राष्ट्रले यूपिआर कार्यगत समूह (UPR Working Group) को प्रतिवेदन तयार गर्दछ। उक्त प्रतिवेदनमा कार्यगत समूहसँग समिक्षारत राज्यको अन्तरक्रियात्मक संवादको सारांश, समिक्षारत राज्यले आफूलाई सोधिएका प्रश्न र दिइएका सुझावहरूको शुरूवाती प्रतिक्रिया, र सो राज्यलाई दिइएका सिफारिसहरूको पूर्ण सुची समावेश गरिएको हुन्छ ।

**चरण ४:** राज्यको समिक्षा सत्रमा भौतिक वा अनलाइन माध्यममा उपस्थित हुनुहोस्

**सिफारिस उपर राज्यका उत्तर**

समिक्षारत राज्यसँग आफूलाइ दिइएका सिफारिसहरूलाई स्विकार गर्ने वा विचाराधिन राख्ने भन्ने निर्णय गर्न समय हुन्छ र एडेन्डम भनिने दस्तावेजमा आफ्नो लिखित प्रतिक्रिया पेश गर्दछ ।

**चरण ५:** राष्ट्को तहमा सिफारिसहरूलाई अंगिकार गरिनका लागि पैरवी गर्नुहोस्

**मानवअधिकार प्लिनरी सत्र**

यूपिआर (UPR) ले राज्य समिक्षाका अन्तिम नतिजालाई मानवअधिकार परिषदको प्लिनरी सत्रको दौरानमा औपचारिक रूपमा अंगिकार गर्दछ।

**चरण ६:** मानवअधिकार परिषदको अंगिकार सत्रमा संलग्न हुनुहोस्

**पूर्व-सत्र**

समिक्षारत राज्यले कम्तिमा पनि आफूले स्विकारेका सिफारिसहरूको कार्यान्वयन गर्नुपर्दछ र समिक्षा सत्र पछिका कार्यहरूको जानकारी दिनुपर्दछ ।

यूपिआर (UPR) गरेका राष्ट्हूरूसंग सम्पर्कलाई सहजिकरण गर्नका लागि ओएचसिएचआरले मानवअधिकारको उच्चायुक्तको पत्रकासाथै सिफारिसहरूको सुची (मेट्रिक्स) र यूपिआरको देश विशेष इन्फोग्राफिक (UPR Country Infographic) उपलब्ध गराउँदछ ।

यूपिआर नतिजालाई अंगिकार गरेको २ वर्ष पश्चात सिफारिसहरूको कार्यान्वयनको पछिल्लो जानकारी दिंदै उदायमान विषयहरूको उठान गर्नका लागि ऐच्छिक रूपमा मध्यावधिक प्रतिवेदन पेश गर्न सकिन्छ ।

**चरण ७:** यूपिआर सिफारिसहरूको कार्यान्वयनको लागि सहयोग र पैरवी गर्नुहोस्

**चरण ८:** यूपिआर सिफारिसहरुको कार्यान्वयनको स्थिति सम्बन्धी मधावधिक प्रतिवेदन पेश गर्नुहोस्

**समिक्षा अगाडि** | **समिक्षाको दौरान** | **समिक्षा पश्चात**

- राज्यको समिक्षाभन्दा ६-७ महिना अगाडी
- राज्यको समिक्षाभन्दा ६-१२ महिना अगाडी
- पूर्व सत्रभन्दा ३-४ महिना अगाडी
- राज्यको समिक्षाभन्दा १ महिना अगाडी
- मानवअधिकार परिषद अंगिकार सत्रभन्दा ३ हफ्ता अगाडी

## चित्र ११: यूपिआर (UPR) प्रतिवेदन कार्यविधीका लागि समयसीमाको उदाहरण : बुर्किना फासोको परिक्षण (चौथो चक्र, ४४औं सत्र)

**मार्च २०२३** — नागरिक समाज संघसंगठनहरूले युपिआर (UPR) कार्य समूहलाई प्रतिवेदन पठाउँछ

**अगस्ट २०२३** — यूपिआर (UPR) कार्य समूहले सारांश प्रतिवेदन जारी गर्दछ ।

**अगस्ट २०२३** — बुर्किना फासोको राष्ट्रिय प्रतिवेदन पेश गर्न तोकिएको समय सिमा ।

**अगस्ट २०२३** — यूपिआर इन्फो (UPR Info) को पूर्व-सत्र

**नोभेम्बर २०२३** — यूपिआर (UPR) कार्यगत समूहको राज्यका प्रतिनिधीहरुसंगको सत्र

**फेब्रुअरी २०२४** — बुर्किना फासोले सिफारिसहरुमा आफ्नो सहमती राख्छ वा मनन गर्दछ ।

**फेब्रुअरी-अप्रिल २०२४** — मानव अधिकार परिषद्को पूर्ण सत्रमा ओएचसिएचआर (OHCHR) ले अन्तिम परिणाम अंगिकार गर्दछ

**अप्रिल २०२४** — अनुगमन अवधि सुरु हुन्छ । ओएचसिएचआर (OHCHR) ले सिफारिसहरूको म्याट्रिक्स जारी गर्दछ ।

**२०२६** — बुर्किना फासोकोसँग मध्यकालीन फलो अप प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको छ ।

## समिक्षा अगाडि

**चरण ०.** **प्रत्येक चक्रका लागि यूपिआर (UPR) ले प्रदान गरेको राष्ट्रिय सत्रको समय तालिका र कागजातहरु हेर्नुहोला । (उच्च सिफारिस)**

### कसरी : युपिआर (UPR) समय तालिका र कागजातहरु हेर्ने

१. ओएचसिएचआर (OHCHR) को वेवसाइट OHCHR website मा गई नागरिक समाजको कार्य सम्बन्ध-सम्पर्क-सम्बन्धी निर्देशिका र पेशीका महत्वपूर्ण मितीहरु हेर्नुहोला ।

२. देश अनुसार अघिल्लो चक्रको सामग्रीहरुको अध्ययन गर्नुहोला - यसमा राष्ट्रिय प्रतिवेदनहरु र युपिआर (UPR) का परिणामहरु पनि पर्दछन् । यसले तपाईंलाई बाल विवाह सम्वोधनमा समिक्षा भइरहेको राष्ट्रको अडान बुझ्न र विद्यमान कमीकमजोरीहरु पत्ता लगाउनका लागि सहयोग गर्नेछ ।

तपाईंले ओएचसिएचआर (OHCHR) को वेवसाइटमा देश अनुसार सामग्रीहरु (documentation by country) खोज्न सक्नुहुनेछ

**चरण १.** **राज्यको समिक्षा अगाडि प्रतिवेदन पेश गर्नुहोला । (उच्च सिफारिस)**

सम्बन्धित राष्ट्रको समिक्षाको कम्तीमा **६ महिना** अगाडि तपाईंको प्रतिवेदन बुझाउनुहोला ।

प्रतिवेदन बुझाउनु भनेको यूपिआर (UPR) प्रक्रियामा सहभागी हुने सबैभन्दा सिधा र समावेशी तरिकाहरु मध्येमा पर्दछ । ओएचसिएचआर (OHCHR) ले नागरिक समाजले पठाएको सूचनाहरुको समिक्षा गर्दछ र यी सूचनाहरुलाई सारांश प्रतिवेदनमा समावेश गर्ने कुरामा विचार पुऱ्याउँदछ ।

**राज्यको समिक्षाका बेलामा बाल विवाहलाई प्राथमिकता दिइनु पर्छ भनेर पैरवी गर्ने यो एकदमै उपयुक्त अवसर हो ।**

प्रतिवेदनमा यी निम्न कुराहरु हुनु पर्दछ :

- अघिल्लो यूपिआर (UPR) चक्रमा दिइएको सुझावहरुको कार्यान्वयन बारेको सुचना
- बाल विवाह जस्ता ठोस मुद्दाहरु र बालिकाको शिक्षा, लैंगिक र प्रजनन स्वास्थ्य तथा अधिकारमा पहुँच जस्ता सम्बन्धित अधिकारहरुका बारेमा अद्यावधिक जानकारी
- चुनौती र संभावना बोकेका अभ्यासहरुको पहिचान
- समिक्षा भइरहेको राष्ट्रका लागि कामकारवाहीमा केन्द्रित (action-oriented) सुझावहरुको मस्यौदा

**सुझाव ! तपाईंको सुझावहरु सशक्त बनाउका लागि अन्य यूएन (UN) सन्धि निकाय र युपिआर (UPR) कार्यगत समुहको सुझावहरु उद्धृत गर्नुहोस् ।**

- तपाईंले यूपिआर (UPR) सुझावहरु अन्य सन्धि निकायहरुको निश्कर्ष सुझावहरुबाट लिन सक्नुहुन्छ या आफ्नै पनि बनाउन सक्नुहुनेछ । यूपिआर (UPR) को उद्धेश्य भनेको सन्धिहरुको कार्यान्वयनलाई सुढ़ड बनाउनु हो ।
- तपाईंले अन्य सन्धि निकायका लागि दिनु भएको सुझावहरुलाई युपिआर (UPR) को सुझावसंग एकरुप बनाउन सक्नुहुन्छ । यस गर्दा दुइटै संयन्त्रले लागु हुनका लागि एक अर्कालाई सहयोग गर्दछ ।
- कुनै पनि देशका लागि यूपिआर (UPR) सुझावहरुबारे विस्तृत जानकारीका लागि युपिआर (UPR) को डाटाबेस UPR Info database हेर्न सक्नुहुनेछ । समिक्षा भइरहेको राष्ट्रमा सुझाव कार्यान्वयनको अवस्था र विगतका जवाफहरु पनि त्यहाँ हेर्न सक्नुहुनेछ । यस डाटाबेसमा समिक्षा भइरहेको राष्ट्र, सुझाव दिने राष्ट्र, युपिआर (UPR) चक्र, सुझावको अवस्था, र विषयगत मुद्दाहरुबाट छानेर सुझावहरु हेर्न सकिन्छ ।
- तपाईंको सुझावहरुलाई अझ सशक्त बनाउनका लागि पेज नं. मा दिइएको श्रोतहरुको टुलबक्स र पेज नं. ६७ मा दिइएको विभिन्न मानव अधिकारका संयन्त्र र बाल विवाहको सम्बन्धलाई प्रकाश पारेको तालिका प्रयोग गर्नु होला ।

**सुझाव ! तपाईले एकल वा संयुक्त प्रतिवेदन पेश गर्न सक्नुहुन्छ ।**

ओएचसिएचआर (OHCHR) लाई नागरिक समाजले एकल वा संयुक्त प्रतिवेदन पेश गर्न सक्दछ । तपाईंको चासोहरु सबैभन्दा प्रभावकारी ढंगले कसरी प्रवाह गर्न सकिन्छ, तपाईंसंग उपलब्ध श्रोत र तपाईंको पैरवी रणनीतिका आधारमा कस्तो प्रतिवेदन कुझाउने निर्णय लिनुहोला ।

- **एकल प्रतिवेदन**हरु छिटो तयारी गर्न सकिन्छ, खास मुद्दाहरुमा केन्द्रित हुन सजिलो हुन्छ साथै यदि तपाईंको संस्थालाई ओएचसिएचआर (OHCHR) ले पहिचान गरेको छ भने धेरै प्रभावकारी हुन सक्छ । यस्तो प्रतिवेदनको शब्द सिमा २,८१५ रहेको छ ।

- **संयुक्त प्रतिवेदन**हरुको पहुँच र विश्वसनियता बढी हुन्छ । नागरिक समाजको श्रोतहरु मिसाउन र बढी सहकार्यका लागि यसमा ठाउँ रहन्छ । यस्ता प्रतिवेदनहरु धेरैजसो ओएचसिएचआर (OHCHR) को सारसंक्षेपहरुमा प्रतिविम्बित हुन्छन् । यस्तो प्रतिवेदनको शब्द सिमा ५,६३० रहेको छ ।

नागरिक समाजका लागि आयोजना गरिने **UPR Info** वेविनारहरुमा सहभागी हुन हामी सुझाव दिन्छौं । युपिआर (UPR) संग कसरी कार्य सम्बन्ध सम्पर्क बढाउन सकिन्छ भन्ने कुरामा यो वेविनारहरु केन्द्रित रहन्छ र अनुभवी सहभागीहरुबाट उनीहरुको सिकाई र संभावना बोकेका अभ्यासहरुको छलफल हुन्छ । अन्य संघसंस्थाहरुसंगको सहकार्यका लागि पनि यसले एउटा अवसर प्रदान गर्दछ ।

**महत्वपूर्ण !** युपिआर (UPR) मा बुझाइएको प्रतिवेदनहरु गोप्य हुँदैनन्; यसमा कुझाउने संस्था, व्यक्ति वा समुहको परिचय अनिवार्य खुलाउनु पर्छ र यो अनलाइनमा प्रकाशित हुन्छ । यदि तपाईंको संस्था युपिआर (UPR) प्रक्रियामा सहभागी भएमा आउन सक्ने नकारात्मक प्रतिक्रियाको जोखिमको मुल्यांकन गर्नु आवश्यक छ । विशेष गरि यदि तपाईंले पुर्व-सत्र लगायतमा व्यक्तिगत पैरवी गर्दैहुनुहुन्छ भने, विभिन्न कुटनितिज्ञहरुसंग पैरवी गर्दैहुनुहुन्छ वा वक्तव्य दिदैंहुनुहुन्छ भने जोखिम मुल्याकंन झन् जरुरी छ ।

## कसरी : युपिआर (UPR) प्रतिवेदन लेखन र पेश गर्ने

**ढाँचा :**

- MS.Word
- उद्धृत गर्न सजिलोको लागि सबै अनुच्छेद र पेजहरुलाई संख्या दिनुहोस् ।

**शब्द सिमा :**

- **एकल प्रतिवेदन** : आवरण पेज, एण्डनोट र अनुसुची बाहेक अधिकतम **२,८१५ शब्द** ।
- **संयुक्त प्रतिवेदन** : आवरण पेज, एण्डनोट र अनुसुची बाहेक अधिकतम **५,६३० शब्द** ।
- थप जानकारी तथा दस्तावेजहरु सन्दर्भसामग्रीको रुपमा अनुसुचीमा राख्न सकिन्छ । अनुसुचीहरुलाई प्रतिवेदनभन्दा भिन्न बनाउनु र बुझाउनु पर्छ तथा स्पष्ट रुपमा उल्लिखित हुनुपर्छ ।
- सान्दर्भिक सुचनाहरुका लागि मात्रै एण्डनोट प्रयोग गर्नुपर्छ ।

**भाषा** : युएन (UN) को कुनै पनि एउटा आधिकारिक भाषा (अरबिक, चाइनिज, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस) तथा सकेसम्म **अंग्रेजी, फ्रेन्च** वा **स्पेनिस** मा ।

**समय तालिका :**

सम्बन्धित कार्यगत समुहको सत्र (राष्ट्र समिक्षा) को कम्तिमा ६ महिना अगाडि पेश गरिसक्नुपर्छ । निश्चित मितीहरु OHCHR UPR को वेबसाइटमा राखिएको हुन्छ ।

**महत्वपूर्ण !** ढिलो पेश भएको प्रतिवेदनहरु स्विकृत हुने छैनन् ।

**प्रतिवेदन बुझाउने तरिका :**

१. अनलाइन प्रतिवेदन दर्ता प्रणालीका बारेमा ओएचसिएचआर (OHCHR) को निर्देशिका हेर्नुहोला । नागरिक समाजको पेशीका लागि कुनै औपचारिक ढाँचा छैन तर ओएचसिएचआर (OHCHR) ले आफ्नो सारांशको एउटा ढाँचा तयार पारेको छ । यदि तपाईंले आफ्नो सुचनाहरु सोही ढाँचाको शिर्षकहरु अनुरुप तयार पार्नुभयो भने तपाईंले दिएको सुचनाहरु कुन खण्डमा प्रयोग गर्ने भनेर सजिलै थाहा पाउन ओएचसिएचआर (OHCHR) लाई सहयोगी हुनेछ ।

२. युपिआर (UPR) को अनलाइन प्रणालीमा तपाईंको संस्थाको विवरण भएको खाता बनाउनु होला । यस्तो खातालाई स्विकृत गर्न २४ घण्टासम्म लाग्न सक्छ ।

३. सोही अनलाइन प्रणालीमा तपाईंको प्रतिवेदन बुझाउनु होला ।

अनलाइन प्रणाली चलाउँदा खेरी कुनै पनि किसिमको प्राविधिक समस्याहरु परेमा युपिआर (UPR) पेशी विभाग (UPR submissions) लाई यस इमेल ठेगानामा सम्पर्क गर्नुहोला ohchr-uprsubmissions@un.org

**अगाडिका लिखित प्रतिवेदनहरु कहाँ हेर्ने :**

• बुझाइएका सबै लिखित प्रतिवेदनहरु सार्वजनिक हुन् र यिनीहरूलाई OHCHR को वेवसाइट OHCHR website मा यहाँ हेर्न सकिन्छ : UPR Documentation by country > Reports and information > Summary of stakeholders' information.

• तपाईंलाई रुचि लागेको देश छान्नुहोला । यस प्रक्रियाको एउटा उदाहरण यहाँ हेर्न सकिन्छ ।

• धेरै जसो प्रतिवेदन र सामग्रीहरु अंग्रेजी, फ्रेन्च, स्पेनिस, चाइनिज, रसियन र अरबिक भाषामा रहेका छन् ।

**सुझाव ! तपाईंले युपिआर (UPR) प्रतिवेदन प्रक्रियामा बालबालिका र युवाहरुलाई संलग्न गराउन सक्नुहुन्छ ।**

बालबालिकाहरुले पनि युपिआर (UPR) प्रक्रियामा भाग लिन सक्छन् । यदि तपाईंले यस प्रक्रियामा बालबालिका र युवाहरुलाई संलग्न गराउँदै हुनुहुन्छ भने तपाईंलाई यी निम्न कुराहरु आवश्यक छ :

• उनीहरुको हरेक समय सुरक्षाका लागि एउटा सुरक्षाको कार्यविधी

• यस्तो संलग्नताबाट, विशेष गरी मानवअधिकारकर्मीहरुका लागि नकारात्मक वातावरण भएका देशहरूको सन्दर्भमा, आइपर्ने जोखिमहरुको मुल्याकंन ,

**महत्वपूर्ण श्रोतहरु :**

• यदि तपाईं बाल विवाहबाट प्रभावित भएका बालिकाहरु र युवतीहरुलाई संलग्न गराउन चाहनुहुन्छ भने तपाईंले *गर्ल्स नट ब्राइड्स* को सुरक्षाको मापदण्ड (safeguarding standards) लाई एउटा निर्देशिकाको रुपमा प्रयोग गर्न सक्नु हुनेछ ।

• युपिआर (UPR) संग बालबालिका र किशोरकिशोरीहरुलाई आफ्नो प्रक्रियाका बारेमा निर्देशन दिन र युपिआर (UPR) मा अर्थपूर्ण ढंगबाट सहभागीता जनाउने उनीहरुको क्षमतालाई अभिवृद्धि गर्नका लागि एउटा बालमैत्री पुस्तिका child-friendly manual पनि रहेको छ ।

## घटना अध्ययन : कोभिड-१९ को महामारीका दौरान बालबालिकाहरुलाई युपिआर (UPR) प्रक्रियामा संलग्न गराएका

"बालबालिकाहरुद्वारा तयार पारिएको प्रतिवेदनले हामीलाई बालबालिका र किशोरकिशोरीहरुको वास्तविकता र आवाजहरुलाई मनन गर्ने एउटा मञ्च दियो जसका कारण हामीले उनीहरुको अवस्थालाई अझै विस्तृत रुपमा बुझ्ने मौका पायौं । बालबालिका र किशोरकिशोरीको लागि यो एक सहभागीतामुलक अभ्यास पनि भयो जसबाट हामीलाई समयक्रम अनुसार उनीहरुको अवस्थाका बारेमा जानकारी बटुल्न सजिलो भयो साथै हाम्रो संस्थाको प्रभाव नाप्ने अवसर पनि पायौं । हामीले उनीहरुसंग सहभागीतामुलक कागजातहरु तयार पार्नका लागि चाहिने सुरक्षाका मापदण्डहरु र रणनीतिहरु बारे पनि धेरै सिक्यौं ।"

सिडिआइए (CDIA), पराग्वेमा रहेको *गर्ल्स नट ब्राइड्स*को एक सदस्य

कोभिड-१९ महामारीका दौरान भर्चुअल अन्तरक्रियाद्वारा सिडिआइए (CDIA) ले पराग्वे भरिबाट एउटा बालबालिकाको समुह बनाई युपिआर (UPR) प्रक्रियामा उनीहरुलाई सहभागी गराए । सिडिआइए (CDIA) ले उनीहरुलाई एउटा बालबालिकाको प्रतिवेदन तयार पार्नका लागि सक्रिय सहभागी हुनका लागि सहयोग गऱ्यो । यस प्रतिवेदनले उनीहरुको आवाज र अनुभवहरु संग्रह गर्नुकासाथै उनीहरुको देशको मानवअधिकारको स्थितीलाई उनीहरुको दृष्टिकोणबाट प्रस्तुत गरेको छ ।

यो प्रतिवेदन हाम्रो अधिकार, हाम्रो आवाज (Our rights, our voices) ले पराग्वेमा कलिला र युवा पुस्ताले भोगिरहेको विभिन्न चुनौतीहरुका बारेमा महत्वपूर्ण जानकारीहरु प्रदान गर्दछ ।

## चरण २.

## राष्ट्रिय परामर्शहरुमा सहभागी हुनुहोस्/सहजीकरण गर्नुहोस् वा सरकारसंग प्रत्यक्ष रुपमा कार्य सम्बन्ध सम्पर्क बढाउनुहोस् । (सिफारिस)

नागरिक समाज, राष्ट्रिय मानवअधिकार सम्बन्धी संस्थाहरु र सरकारी निकायहरुको अन्तरक्रिया हुने खालका छलफलहरुको आयोजना गर्नुहोस् र यस्ता राष्ट्रिय परामर्शहरुको सहजीकरण गर्नुहोस् या सहभागी हुनुहोस् ।

यस्ता छलफलहरुमा बाल विवाह सम्बन्धी अद्यावधिक तथ्यांकहरु, प्रमाणहरु तथा सूचानाहरुको उपलब्धतालाई सुनिश्चित गर्नुहोस् ।

**सुझाव ! यस्ता छलफलहरुमा सहयोगी हुने आफ्नो देश अनुसार वा विषयवस्तु अनुसारको प्रमाण र सन्देशहरु खोज्नका लागि पेज नं.६७ मा रहेको श्रोतहरुको टुलबक्सलाई प्रयोग गर्नुहोस् ।**

## चरण ३ क र चरण ३ ख

## जेनेभामा वा देश भित्रै हुने पुर्व-सत्रमा सहभागी हुनुहोस् । (चुनिएको अवस्थामा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)

राज्यको समिक्षाको **एक महिना** अगाडि पूर्व-सत्र हुने गर्दछ । राज्यको समिक्षाको **३-४ महिना** अगाडि नै तपाईंले दर्ता गरिसक्नु पर्नेछ ।

**याद राख्नुहोला !** प्रतिवेदन बुझाएका नागरिक समाजले मात्र पूर्व-सत्रमा बोल्नका लागि दर्ता गर्न पाउँछन् । युपिआर इन्फो (UPR Info) द्वारा आयोजना हुने पूर्व-सत्रहरु भनेको नागरिक समाजका प्रतिनिधीहरुका लागि ठोस विषयमा राज्यका प्रतिनिधहरुसंग सम्बोधन गर्ने एउटा मन्च हो । जेनेभामा युएन (UN) सदस्य राष्ट्का स्थायी मिसन प्रतिनिधीहरु समक्ष र देश भित्रै विभिन्न दुतावासका प्रतिनिधीहरुसंग गर्न सकिन्छ ।

अवस्था हेरेर नागरिक समाज र युपिआर इन्फो (UPR Info) ले समिक्षा भइरहेको राष्ट्रमा पनि पूर्व-सत्रहरु आयोजना गर्न सक्दछन् । यस्ता सत्रहरुले युपिआर इन्फो (UPR Info) को जेनेभामा हुने पुर्व-सत्रहरुका लागि सहयोगी भुमिका खेल्दछ । राज्यको समिक्षा अगाडि आफ्ना सरोकाहरु बृहत्तर रुपमा राख्नका लागि नागरिक समाजलाई यस्ता सत्रहरुले एउटा मन्च प्रदान गर्दछ ।

युपिआर (UPR) प्रक्रियाका लागि कुटनितिज्ञहरु महत्वपुर्ण सहयोगीहरु हुन् । सूचना र सुझावहरु प्राप्त हुँदा उनीहरुलाई ती कुराहरु समिक्षामा प्रयोग गर्नका लागि मद्धत पुग्दछ ।

यदि युपिआर इन्फो (UPR Info) द्वारा तपाईंको संस्था पूर्व-सत्रमा सहभागी हुनको लागि छानियो भने सारांश प्रतिवेदनमा बाल विवाहसंग सम्बन्धित मुद्धाहरु पनि समावेश हुने **बढी संभावना** रहन्छ । र अन्य राज्यले पनि समिक्षा भइरहेको राष्ट्का लागि बाल विवाहसंग सम्बन्धित सुझावहरु पेश गर्ने पनि उत्तिकै संभावना बढेर जान्छ ।

आवेदन भरिसकेपछि छानिएका नागरिक समाजका प्रतिनिधीहरुलाई जेनेभामा कुटनितिज्ञहरुलाई ५-७ मिनेटको प्रस्तुति दिनका लागि आमन्त्रण गरिन्छ । नागरिक समाजलाई ओएचसिएचआर (OHCHR) को सारांश प्रतिवेदनमा समावेश गरिनुपर्छ भन्ने लागेको महत्वपूर्ण मानवअधिकार सम्बन्धी सरोकारहरू यस प्रस्तुतीमा देखाइनुपर्छ ।[२८]

**सुझाव ! आफुलाई अद्यावधिक राख्नका लागि युपिआर इन्फो (UPR Info) बाट जानकारी लिइरहनुहोला र संयुक्त प्रतिवेदनका लागि सहकार्य गर्ने कुरा सोच्नुहोला ।**

- पुर्व-सत्रका लागि आवेदनको आह्वानको सुचना पाउन र समयसिमा भित्र आवेदन दिएको पक्का गर्नका लागि युपिआर इन्फो (UPR Info)को पत्रिकाको सदस्य (subscribe) बन्नुहोस् (उनीहरुको वेवसाइट website र सामाजिक संजालहरु (X, Facebook, / Instagram) हेरिरहनुहोला ।
- युपिआर इन्फो (UPR Info) ले धेरै निवेदनहरु प्राप्त गर्दछन् त्यसकारण उनीहरुले फरक-फरक मानवअधिकार सम्बन्धी सवालहरु प्रतिनिधित्व गर्ने राष्ट्रिय गठबन्धन र संस्थाहरुलाई प्राथमिकता दिन्छन् । यदि तपाईंको संस्था सानो छ र बाल विवाहमा मात्रै केन्द्रित छ भने तपाईंले संयुक्त प्रतिवेदनका लागि सहकार्य गर्ने कुरालाई मनन गर्न सक्नुहुन्छ ।
- पूर्व-सत्र सम्बन्धी प्रश्नहरु छन् भने युपिआर इन्फो (UPR Info) को नीति तथा पैरवी कार्यक्रम (UPR Info Policy and Advocacy Programme) लाई यस इमेल ठेगानामा सम्पर्क गर्न सक्नुहुन्छ : presessions@upr-info.org

२७. स्थायी मिसनहरु र उनीहरुको सम्पर्क विवरणको लिस्ट UN blue book मा भेट्न सकिन्छ ।
२८. पूर्व सत्रको बारेमा थप जानकारी यूपिआर इन्फो (UPR Info) को वेवसाइट UPR Info website बाट प्राप्त गर्न सकिन्छ ।

## समिक्षाको दौरान

### चरण ४. राज्यको समिक्षाको जानकारी लिनुहोस् । (सिफारिस)

एचआरसी (HRC) सत्रका दौरान एक अन्तरक्रियात्मक संवादका रुपमा जेनेभामा राष्ट्र समिक्षा हुने गर्दछ । यो **वर्षको ३ चोटि** हुने गर्दछ (फेब्रुअरी-मार्च, जुन-जुलाई र सेटेम्बर-अक्टोबर)।

युएन (UN) का सदस्य राष्ट्रहरु मात्रै यस्ता सत्रहरुमा बोल्न पाउने भएता पनि युएन (UN) आर्थिक तथा सामाजिक परिषद (इकोसक/ECOSOC) मा परामर्शदाताको मान्यता (consultative status) प्राप्त गरेको नागरिक समाजकाले पनि यसमा भाग लिन पाउँछन् । उनीहरुले समिक्षा गरिरहेका राष्ट्रहरुसंग संजाल बनाउन र पैरवी गर्न, राष्ट्रका प्रतिनिधीमण्डलहरु - विशेष गरेर समिक्षा गर्ने तिन राष्ट्र (ट्रोइका समुह)-हरुसंग कार्य सम्बन्ध सम्पर्क बढाउन र अन्य सरोकारवालाहरुसंग सम्पर्क स्थापित गर्नका लागि यस मञ्चलाई प्रयोग गर्न सक्छन् ।

यस्ता सत्रहरु अनुगमन या सहभागी हुँदा तपाईंको **संस्थाले सुझावहरु र राष्ट्रको जवाफबारे प्रत्यक्ष जानकारी प्राप्त गर्न सक्नुहुन्छ जुन तपाईंले राष्ट्रिय स्तरमा गर्ने बाल विवाहको पैरवी र रणनीति निर्माणमा महत्वपुर्ण साबित हुनेछ** ।

राष्ट्रको समिक्षामा कसरी सहभागी हुन सकिन्छ भन्ने बारे थप जानकारी यस व्यवहारिक निर्देशिका (practical guide)पाइन्छ ।

जेनेभामा सत्रमा सहभागी हुने प्रक्रिया खर्चिलो हुन सक्छ तर तपाईंले धेरै पैरवीहरु टाढाबाटै वा अनलाइन गर्न सक्नुहुन्छ :

१. सत्रको प्रत्यक्ष प्रसारण UNTV webcast मा हेर्नुहोला ।
२. तपाईंको तर्फबाट सत्रको अनुगमन गर्न र सहभागी भइदिनका लागि जेनेभामा अवस्थित संस्थाहरुसंग सहकार्य गर्नुहोला ।
३. तपाईंको देशमा सत्रको प्रत्यक्ष प्रसारण वा रेकर्ड हेर्ने कार्यक्रम आयोजना गर्नुहोला ।
४. तपाईंको सामाजिक संजाल र संचार माध्यमसंगको सम्पर्क मार्फत जनचेतना फैलाउनुहोला ।

**सुझाव ! इकोसक (ECOSOC) मान्यता कसरी प्राप्त गर्ने वा प्रायोजनका लागि साझेदारी कसरी गर्ने**

युपिआर (UPR) र एचआरसी (HRC) सत्रका केही चरणहरुमा सहभागी हुन र बस्नका लागि र मौखिक वक्तव्यहरु जारी गर्नका लागि तपाईंको संस्थाले इकोसक (ECOSOC) संग परामर्शदाताको मान्यता प्राप्त गर्नुपर्दछ । UPR Info ले आयोजना गर्ने पूर्व-सत्रका लागि प्रतिवेदन पेश गर्न वा सहभागी हुनको लागि यो हैसियत आवश्यक छैन किनभने उनीहरु आफैले छानिएका संस्थाहरुको UN परिसर भित्र आउनजानका लागि सहजीकरण गरिदिन्छन् ।

इकोसक (ECOSOC) मान्यता प्राप्त गर्नका लागि तपाईंको संस्थाले इकोसक (ECOSOC) को कामसंग आफ्नो सान्दर्भिकतालाई प्रस्तुत गर्दै निवेदन दिनु पर्ने हुन्छ । यसमा संस्थाको लक्ष्य, गतिविधीहरु र मानवअधिकारको क्षेत्रमा यसले दिएको योगदानहरु समावेश गर्नु पर्छ ।

इकोसक (ECOSOC) को मान्यता नभएका संस्थाहरुले एचआरसी (HRC) सत्रहरुमा सहभागी हुनका लागि अन्य संस्थाहरुलाई प्रायोजन गर्न राजी र मान्यता प्राप्त संस्थाहरुसंग साझेदारी गर्न सक्छन् । मानवअधिकारको समुदायको संजाल प्रयोग गरेर र बाल विवाहका क्षेत्रमा काम गरिरहेका लगायतका मानवअधिकारको क्षेत्रमा समान लक्ष्य र चासोहरु बोकेको संस्थाहरुसंग गठबन्धन निर्माण गरेर यस्तो व्यवस्था गर्न सकिन्छ ।

तपाईंको संस्थाले इकोसक (ECOSOC) को परामर्शदाताको हैसियत प्राप्त गर्नका लागि कसरी आवेदन हाल्ने भन्ने विस्तृत जानकारी इकोसक (ECOSOC) को वेवसाइट ECOSOC website मा पाइन्छ ।

**याद राख्नुहोला !** *गर्ल्स नट ब्राइड्सःबाल विवाह अन्त्यका लागि विश्वव्यापी साझेदारिता (Girls Not Brides:The Global Partnership to End Child Marriage)* लाई इकोसक (ECOSOC) ले परामर्शदाताको मान्यता दिएको छ । इकोसक (ECOSOC) को मान्यता नभएका र एचआरसी (HRC) संग सम्बन्ध जोड्नका लागि सहयोगको आवश्यकता भएका गर्ल्स नट ब्राइड्स का सदस्य संस्थाहरुले गर्ल्स नट ब्राइड्सको सचिवालयलाई यस इमेल ठेगानामा सम्पर्क गर्न सक्नेछन् : info@girlsnotbrides.org।

## चरण ५. राज्य तहबाट सुझावहरु अपनाउनका लागि पैरवी गर्नुहोला । (उच्च सिफारिस)

राज्यको समिक्षा पछिको ४-६ महिनाको दौरान र युपिआर (UPR) ले एचआरसी (HRC) को पूर्ण सत्रको दौरान अन्तिम परिणाम अंगिकार गर्नु अगाडि समिक्षा भइरहेको राज्यलाई बाल विवाह सम्बन्धी मुख्य सुझावहरुलाई स्विकृत गर्न र कार्यान्वयन गर्नका लागि नागरिक समाजले पैरवी गर्न सक्दछ ।

यसमा लागि **मुख्य सरकारी व्यक्तित्वहरूलाई पहिचान गरी** उनीहरुले खेल्न सक्ने भुमिका पत्ता लगाउनुपर्छ । यसका लागि निम्न रणनीतिहरू अपनाउन सकिन्छ :

- पैरवी गोष्ठीहरू,
- सरकारी अधिकारी र अन्तर्राष्ट्रिय पक्षहरूसँग प्रत्यक्ष संलग्नता,
- मन्त्रीहरुलाई पत्र ।

**सुझाव ! तपाईंको पैरवीका मागहरुलाई सहयोगी हुने सुझाव तथ्यगत जानकारी (factsheet) तथा प्रस्तुतीहरु तयार पार्नुहोस् ।**

युपिआर (UPR) प्रक्रियाको सेरोफेरोमा गरिने पैरवीका लागि तथ्यगत जानकारी (factsheet) तथा प्रस्तुतीहरु जस्ता सामग्रीहरु एकदमै महत्वपुर्ण साधन हुन् । यदि तपाईंको संस्थाले जेनेभामा हुने पूर्व-सत्रहरु वा एचआरसी (HRC) को सत्रमा सहभागिता जनाउँदैछ भने तपाईंले यी सामग्रीहरु राज्यका प्रतिनिधीहरुलाई व्यक्तिगत वा इमेलमा पठाउन सक्नुहुनेछ । यस्तो गर्नाले नागरिक समाजले संकलन गरेका सूचनाहरु प्रचारप्रसार गर्न सहजीकरण हुनेछ साथै प्रस्तावित सुझावहरु एउटा स्पष्ट खाकामा संश्लेषित भएको सुनिश्चित गर्नेछ ।

**यस्ता सामग्रीहरुमा यि निम्न कुराहरु हुनुपर्दछ :**

- नागरिक समाजका प्रतिवेदनहरुको चुस्त र स्पष्ट सारांश ।
- समिक्षा भइरहेको राष्ट्रमा बाल विवाहको प्रचलनका बारेमा सूचना प्रदान गरेको ।
- नागरिक समाजका प्रतिवेदनहरुमा बाल विवाह र सम्बन्धित नितीगत क्षेत्रहरु जस्तै शिक्षा, र लैंगिक तथा प्रजनन स्वास्थ्य र अधिकार आदिको सम्बोधन भएका ठोस मुद्दाहरुसंग सम्बन्धित प्रगति र चुनौतीहरुको खाका कोरेको ।
- प्रस्तावित सुझावहरु समावेश भएको ।
- सम्बन्धित नागरिक समाजको सम्पर्क विवरण उल्लेख भएको ।

**केही उदाहरणहरु :**

- सिईएचयुआरडि *(CEHURD)*, २०२२, *ग्रर्ल्स नट ब्राइड्सको* युगाण्डाको सदस्य । युगाण्डामा प्राप्य हुन सक्ने सबैभन्दा उच्च शारिरीक र मानसिक स्वास्थ्यको मापदण्डको अधिकारसम्बन्धी एक तथ्यपत्र *(Factsheet on the right to the highest attainable standard of physical and mental health in Uganda)*.

- बंगलादेशस्थित चाइल्ड राइट्स एड्भोकेसी कोअलिसन *(Child Rights Advocacy Coalition)*, जोइनिङ फोर्सेज बंगलादेश *(Joining Forces Bangladesh)*, ऐन ओ सालिश केन्द्र *(Ain o Salish Kendra/ASK)*, २०२३, युपिआर *(UPR)* को चौथो चक्रका लागि तयार पारिएको बंगलादेशमा बालविवाह सम्बन्धी तथ्य पत्र *Factsheet on child marriage in Bangladesh for the 4th cycle of the UPR*.

- बंगलादेशस्थित चाइल्ड राइट्स एड्भोकेसी कोअलिसन *(Child Rights Advocacy Coalition)*, जोइनिङ फोर्सेज बंगलादेश *(Joining Forces Bangladesh)*, ऐन ओ सालिश केन्द्र *(Ain o Salish Kendra/ASK)*, २०२३, युपिआर इन्फो *(UPR Info)* पूर्व-सत्रका लागि तयार पारिएको बंगलादेशमा बाल अधिकार र बाल विवाहसम्बन्धी प्रस्तुती *Presentation on child rights and child marriage in Bangladesh for the UPR Info pre-session*.

**सुझाव ! प्रमाणमा आधारित सामग्रीहरु तयार पार्नका लागि पेज नं. ६७ मा दिइएको श्रोतहरुको टुलबक्स प्रयोग गर्नुहोस् ।**

## चरण ६क र ६ख.

**अन्तिम युपिआर (UPR) परिणाम अपनाउनका लागि हुने मानव अधिकार परिषदको पूर्ण सत्रमा सहभागी हुनुहोस् । (जेनेभा गएको स्थितिमा महत्वकासाथ गर्नुपर्ने कार्यको सुझाव)**

एचआरसी (HRC) पूर्ण सत्रको ३ हप्ता अगाडि दर्ता गर्नुहोला ।

जेनेभामा हुने समिक्षा प्रक्रियाको यो अन्तिम चरण हो जहाँ एचआरसी (HRC) ले युपिआर (UPR) को परिणामहरु अंगिकार गर्दछ र एचआरसी (HRC) प्रतिवेदन जारी गर्दछ । युपिआर (UPR) प्रतिवेदनहरुको औपचारिक स्विकृति पश्चात एजेण्डा बुँदा ६ अन्तर्गत युपिआर (UPR) का सम्बन्धमा एउटा विस्तृत एचआरसी (HRC) छलफल संचालन हुन्छ ।

इकोसक (ECOSOC) को परामर्शदाताको मान्यता प्राप्त नागरिक समाजले आफ्नो धारणा र दृष्टिकोणहरु एचआरसी (HRC) समक्ष प्रत्यक्ष राख्न सक्नेछन् तर यसका लागि उनीहरुले दर्ता गर्नु र बोल्ने पालोको लागि आवेदन दिनु अनिवार्य छ ।

एचआरसी (HRC) सत्रमा कसरी कार्य सम्बन्ध सम्पर्क बढाउने, दर्ता तथा आवेदन प्रक्रियाका बारेमा निर्देशन र अन्तिम मितीहरु बारेमा थप सुचना OHCHR को वेवसाइट OHCHR website. मा हेर्नुहोला ।

२ मिनेटको छोटो र सटिक मौखिक हस्तक्षेपहरु, लिखित वक्तव्य र सहायक कार्यक्रमहरुमार्फत नागरिक समाजले :

- सरकारले नोट गरेको बाल विवाहसंग सम्बन्धित सुझावहरुमा जोड दिन सक्छन् ।
- समिक्षा भइरहेको राष्ट्रको स्विकृत गरिएका सुझावहरुको कार्यान्वयनको रणनीतिहरू बारे सोध्न सक्छन् ।
- यस्तो कार्यान्वयनमा नागरिक समाजले खेल्ने भुमिकाको बारेमा सोध्न सक्छन् ।

**याद राख्नुहोला !** यदि तपाईंसंग इकोसक (ECOSOC) को मान्यता छैन भने अथवा तपाई जेनेभामा हुनुहुन्न भने तपाईंले यो सत्रलाई UN Web TV मार्फत पनि हेर्न सक्नुहुनेछ ।

**सुझाव ! ! समिक्षा भइरहेको राष्ट्रले कुन UPR सुझावहरुलाई "स्विकृत" गरेको छ र कुन सुझावहरुलाई साधारण "नोट" मात्रै गरेको छ हेर्नुहोला । तपाईंको "समिक्षा पछाडि"को राष्ट्रिय पैरवीको योजना बनाउनका लागि यो जरुरी हुन्छ ।**

## समिक्षा पछि

समिक्षा भइरहेको राष्ट्रले स्विकृत गरेको सुझावहरुको कार्यान्वयनको अनुगमन गर्नका लागि नागरिक समाज अपरिहार्य छ । राज्यबाट प्रतिबद्धता पालनाको सुनिश्चितताका लागि उनीहरुले पैरवी गर्न सक्छन् साथै परिणामहरु र राज्यको दायित्वहरु बारे सार्वजनिक र सरोकारवालाहरु माझ जनचेतना फैलाउन सक्छन् ।

युपिआर (UPR) चक्रको सम्पुर्ण चरणमा निरन्तरको संलग्नताले अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरु माझ नागरिक समाजको आवाजलाई पुऱ्याउन सक्छ र यसले युपिआर (UPR) प्रक्रियाको अन्तरंग जवाफदेहीताका संयन्त्रहरुलाई सुदृढ बनाउँदछ ।

## चरण ७ .

**युपिआर (UPR) सुझावहरुको पैरवी गर्नुहोस् र यसको कार्यान्वयनमा सहयोग गर्नुहोस् । (सिफारिस)**

नागरिक समाजले सुझावहरु कार्यान्वयनका लागि निरन्तर पैरवी गर्न अत्यावश्यक छ । उनीहरुले सक्रिय रुपमा सरकारलाई नीतिगत सुझाव र सहयोग दिने कार्य गर्नुपर्दछ र (कम्तिमा पनि) युपिआर (UPR) सुझावहरुको बारेमा जनचेतना फैलाउने काम गर्नुपर्दछ ।

तपाईंले यी निम्न कुराहरु गर्न सक्नुहुन्छ :

१. उच्चायुक्तको पत्र र त्यसमा भएको सुझावहरुको अनुसुची - विशेष गरेर बाल विवाह र सान्दर्भिक नितीगत क्षेत्रहरुसंग सम्बन्धित - लाई सरकारी मन्त्रालयहरु र अन्य राष्ट्रिय सरोकारवालाहरुसंग स्विकृत भएका युपिआर (UPR) सुझावहरुको अनुगमन कार्यको विकास वा सुधारका लागि पैरवी गर्न प्रयोग गर्ने ।

२. यदि राष्ट्रको समिक्षाको दौरान बाल विवाह पनि एउटा सम्बोधन गरिएको मुद्धा रहेको थियो र समिक्षा गरिरहेका राष्ट्रहरुले यस सम्बन्धी सुझावहरु राखेका थिए भने, **तपाईंले सरकारी अधिकारीहरुसंग गर्ने राष्ट्रिय स्तरको पैरवीमा तपाईंले गर्ने धेरै जसो बाल विवाहसंग सम्बन्धित नीतिगत अनुरोधहरु अन्य युएन (UN) सदस्य राष्ट्रहरु र मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयबाट पनि समर्थित छ भनेर जोड दिन सक्नुहुन्छ ।**

## चरण ८ . युपिआर (UPR) सुझावहरुको कार्यान्वयनको अवस्थाका बारेमा एउटा मध्यावधिक प्रतिवेदन पेश गर्नुहोस् । (सिफारिस)

युपिआर (UPR) को दौरान गरिएका मानवअधिकारका प्रतिबद्धताहरुमा निरन्तर जवाफदेहिता सुनिश्चित गर्नका लागि सुझावहरुको रणनीतिक अनुगमन आवश्यक पर्दछ । मध्यावधिक प्रतिवेदन प्रक्रियामा नागरिक समाजले सक्रियतापुर्वक सहभागी भएमा यसबाट क्रमिक समिक्षाहरुका बिच सम्बन्ध अझ प्रगाढ हुन्छ ।

राम्रोसंग तयार पारिएको मध्यावधिक प्रतिवेदन विश्वव्यापी समुदायका लागि सुचनाको एक महत्वपूर्ण खानी हो । समिक्षा भइरहेका राष्ट्रका लागि अर्को चक्रमा सम्बोधन गरिनु पर्ने भविष्यका सुझावहरुमा समेत यसले प्रभाव पार्न सक्दछ ।

प्राय जसो कार्यान्वयनलाई तिन तहमा विभाजन गरिएको हुन्छ :

- पुर्ण कार्यान्वयन भएको
- आंशिक कार्यान्वयन भएको
- आंशिक कार्यान्वयन भएको

**तपाईंको मध्यावधिक प्रतिवेदनले बाल विवाहसंग सम्बन्धित सुझावहरुको अवस्था यी तिन विभाजन अनुसार देखाउनु पर्नेछ**

सुझाव ! **तपाईंको मध्यावधिक प्रतिवेदन ओएचसिएचआर (OHCHR) को नमुना ढाँचा अनुसार बनाउनु होला ।**

- मध्यावधिक प्रतिवेदन बनाउँदै गर्दा तपाईंले ओएचसिएचआर (OHCHR) ले प्रत्येक युपिआर (UPR) चक्रका लागि प्रदान गरे को सुझाव गरिएको ढाँचाहरु *(suggested templates)* लाई अनुसरण गर्न सक्नुहुन्छ ।
- मध्यावधिक प्रतिवेदनका बारेमा थप बुझ्नका लागि युपिआर इन्फो (UPR Info), २०१६ हेर्नुहोला, युपिआर मध्यावधिक प्रतिवेदन, दिगो कार्यान्वयनका हासिलका लागि उत्तम उपायहरु, युपिआर (UPR) सरोकारवालाहरुका लागि नमुना अभ्यासहरु *UPR mid-term reporting. Optimising sustainable implementation. Good practices for UPR stakeholders*.

### घटना अध्ययन : पराग्वेका लागि युपिआर (UPR) प्रक्रियामा सहभागी भएको

पराग्वेमा रहेको गर्ल्स नट ब्राइड्सको एक सदस्य सिडिआए (CDIA) ले सन् २०२० मा युपिआर (UPR) प्रक्रियामा सक्रिय सहभागिता जनाउने रणनीतिक निर्णय गऱ्यो । सिडिआए (CDIA) ले कोभिड-१९ महामारीका दौरान पुर्ण रुपमा अनलाइन मार्फत जाने निर्णयको फाइदा उठाउँदै यो कदम चालेको थियो ।

बाल अधिकारको पर्यवेक्षणकर्ताको रुपमा सिडिआए (CDIA) संग आफ्नो देशको बाल अधिकारको कार्यान्वयनबारे महत्वपूर्ण सुचना र तथ्यांकहरु रहेका छन् । संजालमा आधारित संस्था भएको कारण र आफ्ना सदस्यहरुले सम्बोधन गर्ने विविध किसिमको मुद्धाको प्रकृतिलाई विचार गर्दै उनीहरुले तिन वटा वैकल्पिक प्रतिवेदन तयार पार्ने निर्णय गरे :

१. सम्पुर्ण मानवअधिकार उल्लघंनहरुलाई समेटिएको एक विस्तृत प्रतिवेदन comprehensive report
२. शिक्षाको अधिकारमा केन्द्रित एक विषयगत प्रतिवेदन thematic report
३. देश भरि रहेका बालक, बालिका र किशोरकिशोरीहरुको दृष्टिकोण समेटिएको एक बालबालिकाको प्रतिवेदन children's report

**यी अवसरहरु सिडिआए (CDIA) को मानव अधिकार, प्रतिवेदन लेखन र अन्तर्राष्ट्रिय स्तरमा पैरवीमा संलग्न हुने क्षमताको अभिवृद्धि गर्नका लागि धेरै मुल्यवान रहे ।**

**सुझाव ! युपिआर (UPR) मा बुझाइएको नागरिक समाजका प्रभावकारी प्रतिवेदनहरुबाट सिक्नुहोस् ।**

*"यो प्रतिवेदनले संस्थाको काममा थप महत्व प्रदान गरेको छ किनभने यो हाम्रो पैरवीको मुद्दालाई अझ अगाडि सार्ने एउटा अवसर थियो जुन हामीले धेरै लामो समयदेखि गर्दै आएका छौं । (तान्जानियाले) अंगिकार गरेको केही मुख्य मुद्दाहरुमध्ये गर्भवती बालिकाहरुको विद्यालयमा पुर्न-आगमन पनि एक हो ।", चिल्ड्रेन्स डिग्निटी फोरम (Children's Dignity Forum),*

*तान्जानियामा रहेको ग्रर्ल्स नट ब्राइड्स को एक सदस्य*

*ग्रर्ल्स नट ब्राइड्स* का सदस्य संस्थाहरु :

• **अर्जेन्टिना** । *ग्रर्ल्स नट ब्राइड्स* को सदस्य फुन्डासियोन पारा इस्टुडियो ए इन्भेस्टिगेसियो डु ला मुहेर (Fundación para Estudio e Investigación de la Mujer) -एफईआईएम/FEIM) सम्मिलित संयुक्त प्रतिवेदन । अर्जेन्टिनाको विश्व आवधिक समिक्षा । तेस्रो चक्रको मुल्याकंन । अर्जेन्टिनामा गर्भपतनमा पहुँच ।(Universal Periodic Review of Argentina. Third Cycle Evaluation. Access to abortion in Argentina). नोभेम्बर २०१७

• **तान्जानिया** । *ग्रर्ल्स नट ब्राइड्स* को सदस्य चिल्ड्रेन्स डिग्नीटी फोरम (Children's Dignity Forum) सम्मिलित संयुक्त प्रतिवेदन । संयुक्त गणतन्त्र तान्जानियाद्धारा मार्च २०१६ मा स्विकृत गरिएको १३३ युपिआर (UPR) सिफारिसहरुको कार्यान्वयनको अवस्था सम्बन्धी तान्जानियाको नागरिक समाजको प्रतिवेदन (Tanzania Civil Society Report on The Status of The Implementation of The 133 UPR Recommendations Of March 2016 Which Were Accepted By The United Republic of Tanzania). मार्च २०२१ ।

अन्य संस्थाहरुबाट

• **इन्डोनेसिया** । संयुक्त प्रतिवेदन । बाल विवाह उन्मुलनका लागि इन्डोनेसियाको नागरिक समाजको गठबन्धन -Indonesian Civil Society Coalition for Abolition of Child Marriage.) इन्डोनेसियाका लागि चौथो चक्रको विश्व आवधिक समिक्षा युपिआर (UPR) का लागि पेशी ३ (Submission to UN Universal Periodic Review (UPR) of 4th cycle for Indonesia. Joint submission 3). २०२२

• **जाम्बिया** । एकल प्रतिवेदन । बाल, छिटो र जबरजस्ती विवाह सम्बन्धी बर्मिघंम सिटी विश्वविद्यालयको युपिआर (UPR) परियोजना । जाम्बियाको विश्व आवधिक समिक्षा, चौथो चक्र, युपिआर (UPR) कार्यगत समुहको ४२औं सत्र. (The UPR Project at Birmingham city University on child, early and forced marriage). जनवरी-फेब्रुअरी २०२३

**कसरी : युपिआर (UPR) मा पेश गर्नका लागि प्रतिवेदनको संरचना र लेखन**

पेश गर्नका लागि ओएचसिएचआर (OHCHR ) निर्देशिका OHCHR guidelines अनुसारको खाका

१. यी निम्न कुराहरु सहितको शिर्षक पेज, :
• समिक्षा हुँदै गरेको राष्ट्रको नाम सहितको शिर्षक, उदाहरणका लागि "UPR submission on [Country Name]".
• प्रतिवेदनले समेटेको समय, जस्तै, "चौथो चक्र"
• प्रतिवेदन पेश गर्ने संस्था(हरु) ।
• प्रतिवेदन पेश गर्ने संस्थाहरुको लोगो
• प्रतिवेदन पेश गरेको मिति
• सम्पर्क ठेगाना ।

२. परिचय, यी निम्न सहित :

- प्रतिवेदन पेश गर्ने संस्था(हरु)को छोटो परिचय
- बाल विवाहसंग सम्बन्धित मानव अधिकारका उल्लघंनहरु सहित प्रतिवेदन अवधिमा पत्ता लगाइएका ५-१० मुख्य मानवअधिकारका मुद्धाहरुमा केन्द्रित रहेका

**सुझाव ! बाल विवाहसंग सम्बन्धित सान्दर्भिक सन्धिका धाराहरु र मानव अधिकार उल्लघंनहरुको समिक्षाका लागि सिआरसि (पेज १२-३०), सिड (पेज ३१-४८) र सिइएससिआर (पेज ४९-६५) को खण्डहरुको अध्ययन गर्नुहोला ।**

**३. अनुसन्धान विधी, यी निम्न कुराहरु सहित :**
• प्राथमिक श्रोतहरुलाई जोड दिंदै सुचना संकलनका लागि प्रयोग गरिएको विधीको खाका ।
• यदि संयुक्त प्रतिवेदन बुझाइएको भए त्यसको कारण ।
• यदि दोस्रो श्रोतहरुबाट सूचना संकलन गरिएको भए यस्तो सूचनाहरु एण्डनोटमा उद्धृत गरिनु पर्छ र आवश्यक भएका बेला मात्र समावेश गर्नुपर्छ ।

**महत्वपूर्ण !** ओएचसिएचआर (OHCHR) को सरोकारवाला प्रतिवेदनका लागि दृष्टिकोण, खोजी र निश्कर्षहरु सहित प्राथमिक श्रोतको सुचनालाई ग्राह्यता दिइने छ। धेरै जसो वा पुर्ण रुपमा दोस्रो श्रोतको सूचनामा आधारित प्रतिवेदनहरुलाई ओएचसिएचआर (OHCHR) को सरोकारवालाको प्रतिवेदनका लागि मान्यता दिइने छैन।

**४. मुख्य मानवअधिकारहरुबाट समूहगत (क्लष्टर्ड) गरिएको विषयवस्तु। पहिचान गरिएको प्रत्येक मानवअधिकारको मुद्धाको लागि यी निम्न कुराहरु समावेश गर्नुहोला**

• राष्ट्रको प्रगति र चुनौतीहरु सहित तपाईंको देशमा मानवअधिकारको अवस्थाको सटिक परिभाषा र सान्दर्भिक पृष्ठभुमि। तपाईंको तर्कलाई प्राथमिक मुद्धाहरुसंग सम्बन्धित तथ्य तथा प्रमाणहरुले पुष्टि गर्नुहोला साथै सान्दर्भिक मानवअधिकार संयन्त्रहरु र राष्ट्रिय कानुनी संरचनाहरुलाई पनि उल्लेख गर्नुहोला।

- विगतका युपिआर (UPR) चक्रको सान्दर्भिक सुझावहरुको कार्यान्वयनको अवस्थाको विश्लेषण :
  - यिनीहरुलाई "पूर्ण कार्यान्वयन", "आंशिक कार्यान्वयन", "प्रक्रियामा रहेको" र "कार्यान्वयन नभएको" भनेर वर्गीकरण गर्नुहोला।
  - देखिएका कुनै प्रगति, अवनति वा संभावनायुक्त अभ्यासहरुलाई प्रकाश पार्नुहोला।
  - प्रत्येक सुझावहरु स्पष्ट रुपमा उद्धृत गरिएको सुनिश्चित गर्नुहोला (एचआरसी *(HRC)* प्रतिवेदन, चक्र, अनुच्छेद संख्या, सुझाव संख्या र सुझाव दिने देश)

एचआरसी (HRC) को प्रतिवेदन संख्या कार्यगत समुहको प्रतिवेदनको माथिल्लो दाहिने कुनामा लेखिएको हुन्छ। ग्वाटेमालाले पराग्वेलाई दोस्रो चक्रमा दिएको सुझावको एक उदाहरण यहाँ हेर्न सक्नुहुन्छ जुन युपिआर (UPR) कार्यगत समुहमा वर्णन गरिएको छ: [A/HRC/32/9] 2nd cycle, Para. 102.7 [Guatemala].

**५. प्रत्येक पहिचान गरिएका मानवअधिकारका मुद्धाहरुका लागि सुझावहरु :**

• सकभर विगतका सल्लाह सुझावहरुसंग मिल्ने, कार्यान्वयन गर्न सकिने र संभव हुने सुझावहरु तयार पार्नुहोला। यस्ता सुझावहरु SMART मापदण्ड भित्र बनाइनु पर्छ - स्पष्ट/specific, नाप्न सकिने/measurable, प्राप्य/achievable, परिणाम मुखी/result-oriented र समयसिमा भएको/time-bound, र प्रतिवेदन भरि सम्बोधन गरिएका शिर्षकहरुसंग प्रत्यक्ष सम्बन्धित हुनुपर्दछ।

• जस्तो उदाहरणका लागि बाल विवाह उन्मुलनका लागि सन् २०२२ मा इन्डोनेसियाको नागरिक समाजको गठबन्धनले पेश गरेको प्रतिवेदन (Report submitted by the Indonesian Civil Society Coalition for Abolition of Child Marriage in 2022) मा उल्लेख भए अनुसार, "सन् २०२५ भित्रमा प्राथमिक, माध्यमिक र उच्च विद्यालय तहका विद्यालय पाठ्यक्रमहरुमा बृहत लैंगिक तथा प्रजनन स्वास्थ्य शिक्षा समावेश भइसकेको सुनिश्चित गर्नुहोस्"; "विवाहको कानुन संख्या १६/२०१९ लागु गर्नुहोस् तथा क्षेत्रिय नियमावलीहरुका रुपमा सहायक नितीहरु बनाउनका लागि उप-राष्ट्रिय प्रशासन अधिकारहरु जारी गर्नुहोस्।

**६. अनुसुची :**

• नागरिक समाजलाई विगतका चक्रहरुको आफ्नो देशको म्याट्रिक्स (country matrix) डाउनलोड गर्न र त्यहाँ भएको दाहिने तर्फको नाम गरेको कार्यान्वयनको तहको मुल्यांकन/टिप्पणी (Assessment/comments on level of implementation) ठाउँमा सुझावहरु पुर्ण रुपमा कार्यान्वयन भए वा नभएको आफ्नो विश्लेषण अनुसार भर्नका लागि सुझाव दिइन्छ।

• तपाईंको लिखित प्रतिवेदनमा अनुसुचीका रुपमा यो म्याट्रिक्स बुझाउनुहोला जसले गर्दा तपाईंको शब्द सिमाले यसलाई फरक पार्दैन।

• ओएचसिएचआर (OHCHR) को वेवसाइट OHCHR website मा उपलब्ध गराइसके पछि निश्चित म्याट्रिक्सहरु "documentation by country" खण्डमा "Matrix of recommendations" भित्र पाउन सकिन्छ।

## अनुसुची । उपयोगी सन्दर्भ सामाग्रीहरू


चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect), २००१, बालबालिका सहित बालबालिकाका लागी। सिआरसि (CRC) प्रतिवेदन प्रक्रियाको लागि बालबालिकाको सशक्तिकरण गर्ने नागरिक समाजको लागि निर्देशिका *(Together with children, for children. A guide for civil society organisations empowering children in CRC reporting)*.

इन्टरन्याशनल लेस्बियन, गे, बाइसेक्स्युल, ट्रान्स र इन्टरसेक्स एशोशिएशनः किरिचेन्को, क्षेनिया ७ नोलन, हेलेन (International Lesbian, Gay, Bisexual, Trans and Intersex AssociationM Kirichenko, Kseniya & Nolan, Helen), २०२०, लैंगिक पहिचान र लैंगिक अभिव्यक्तिका लागि पैरवी - आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारः व्यवहारिक निर्देशिका *(Advocating on Gender Identity and Gender Expression – The Committee on Economic, Social and Cultural Rights: Practical guide)* (जेनेभाः आइएलजिए वर्ल्ड)

रुट्जर्स र एरो (Rutgers and ARROW), २०२०, आरएचआएन युवा एसआरएचआर सम्बन्धी सिडमा प्रतिवेदन सम्बन्धी टुलकिट (Toolkit for reporting to CEDAW on youth SRHR. ) छायाँ प्रतिवेदन खाका। उट्रेक्ट (Utrecht)। यहाँनेर यहीं नै (Right Here Right Now)

# रुपान्तरणकारी परिवर्तन खोज्ने अभियन्ताहरुका लागि अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरु बलिया औजारहरु हुन् ।

## बाल विवाह अन्त्यका लागि संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी संयन्त्रहरुको प्रयोग

नागरिक समाजका संघसंस्थाहरूका लागि चरणबद्ध टुलकिट

*बाल विवाहको अन्त्य गर्न र बालिकाहरुले आफ्नो संभावनालाई प्राप्त गरून् भन्ने सुनिश्चितता गर्न कटिबद्द गर्ल्स नट ब्राइड्स १०० भन्दा बढी देशका १४०० भन्दा बढी नागरिक समाजका सदस्यहरूको विश्वव्यापी साझेदारी हो*

GIRLS NOT BRIDES

The Global Partnership to End Child Marriage

गर्ल्स नट ब्राइड्स द्वारा सन २०२४ मे मा प्रकाशित गरिएको

Seventh Floor
65 Leadenhall Street
London, EC3A 2AD
United Kingdom

0203 725 5858
0207 603 7811
www.GirlsNotBrides.org
info@GirlsNotBrides.org
GirlsNotBrides
www.facebook.com/GirlsNotBrides

गर्ल्स नट ब्राइड्सलाई guaranteeले कम्पनी लिमिटेड (Reg. No. 8570751) र बेलायत तथा वेल्समा (Reg. No. 1154230) दर्ता गरिएको छ